# रेडप्लसमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी

## आदिवासी जनजाति समुदायका लागि तालिम निर्देशिका



नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)
जलवायु परिवर्तन तथा रेड साझेदारी कार्यक्रम

स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी आदिवासी जनजाति समुदायका लागि तालिम निर्देशिका

प्रकाशक

NEFIN

नेपाल आदिवासी जनजाति महासंघ
जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम
महाँकाल–५, गोल्फुटार, काठमाडौं, नेपाल
फोनः– ९७७–१–४३७९७२६, इमेलः info@nefinredd.org
वेबसाइटः www.nefinredd.org

In partnership with:

IWGIA AIPP TEBTEBBA

With support from:

Norad

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development
and Cooperation SDC

# धन्यवाद ज्ञापन

स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) विश्वव्यापी रूपमा आदिवासी जनजातिहरूको आत्मनिर्णय र स्वशासनको लागि महत्वपूर्ण अवधारणाको रूपमा विकास भएको छ । आदिवासी जनजातिहरूसँग सरोकार राख्ने वा उनीहरूलाई प्रत्यक्ष–अप्रत्यक्ष प्रभाव पार्ने गरी बाह्य पक्षबाट गरिने जुनसुकै क्रियाकलाप, गतिविधिमा यो अवधारणा लागू हुन्छ ।

यही सन्दर्भमा जलवायु परिवर्तनको न्यूनीकरणका लागि बनेको रेडप्लस अवधारणाले पनि आदिवासी जनजातिहरूको भूमि, भूभाग र स्रोतमा प्रभाव पार्ने भएकोले नेपाल आदिवासी जनजाति महासंघले विगतदेखि नै यस विषयमा चासो राख्ने, बुझ्ने र आदिवासी जनजाति समुदायलाई बुझाउने कोशिस गर्दै आएको छ । महासंघले एशीयाली आदिवासीहरूको साझा मञ्च (AIPP), आदिवासी जनजातिका लागि अन्तर्राष्ट्रिय कार्य समुह (IWGIA), आदिवासी जनजातिहरूका लागि अन्तर्राष्ट्रिय नीति तथा शिक्षा अध्ययन केन्द्र (TEBTEBBA) जस्ता अन्तर्राष्ट्रिय साझेदारहरूको सहकार्य र नर्वेजियन सहयोग नियोग (NORAD), डेनिश अन्तर्राष्ट्रिय सहयोग नियोग (DANIDA) र विश्व बैंकको सहयोगमा आर्थिक सहयोगमा **जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम** सञ्चालन गर्दै आएको छ । यसले आदिवासी जनजाति समुदायमा जलवायु परिवर्तन तथा यसको न्यूनीकरणको रेडप्लस अवधारणाका बारेमा जनचेतना तथा क्षमता अभिबृद्धि गर्ने काम गर्दै आएको छ । यसका लागि विभिन्न विषयहरूका तालिम निर्देशिकाहरू प्रकाशन गर्दै आएको छ । यही क्रममा **स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरी** (FPIC) सम्बन्धी तालिम निर्देशिका तयार पारेर प्रकाशन गरिएको जानकारी गराउन पाउँदा खुशी लागेको छ ।

यसमा आदिवासी जनजातिहरूको भूमि, भूभाग र स्रोतमा रेडप्लस र बाह्य पक्षबाट गरिने जुनसुकै किसिमका गतिविधि तथा क्रियाकलापहरूमा लिइनु पर्ने मञ्जुरीको प्रकृयाका बारेमा जानकारी दिइएको छ । यस निर्देशिकाको सहयोगबाट आदिवासी जनजाति समुदायहरूले आफ्नो भूमि, भूभाग र स्रोतको नियन्त्रणमा अझ प्रभावकारी भूमिका निर्वाह गर्न सक्नेछन् भन्ने विश्वास हामीले लिएका छौं ।

यस महत्वपूर्ण निर्देशिका अंग्रेजीमा तयार पार्ने एशीयाली आदिवासीहरूको साझा मञ्च (AIPP) र आदिवासी जनजातिका लागि अन्तर्राष्ट्रिय कार्य समुह (IWGIA) का स्रोतव्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छौं । त्यसैगरी नेपालीमा अनुवाद तथा स्थानीयकरण गर्नुहुने पत्रकार खिम घले र अवधारणागत सुझावका लागि समाजशास्त्री डा. कृष्णबहादुर भट्टचन विशेष धन्यवादका पात्र हुनुहुन्छ । त्यसैगरी निर्देशिकालाई अन्तिम रूप दिने क्रममा सम्पादनमा सहयोग गर्नुहुने समाजशास्त्री पासाङ शेर्पालाई विशेष धन्यवाद दिन चाहन्छौं । कार्टुनिष्ट एनवी गुरूङ, भाषा शुद्धाशुद्धिका लागि दीपेन्द्र राई र साजसज्जाका लागि बासुदेव श्रेष्ठलाई पनि धन्यवाद दिन चाहन्छौं ।

त्यसैगरी प्रकाशनको लागि आर्थिक सहयोग गर्ने  नर्वेजियन सहयोग नियोग (NORAD), डेनिश अन्तर्राष्ट्रिय सहयोग नियोग (DANIDA) र विश्व बैंकलाई पनि धन्यवाद दिन चाहन्छौं । त्यस्तै कार्यक्रमका सम्पूर्ण कर्मचारीहरूलाई पनि यस निर्देशिकाको प्रकाशनमा सहयोग पुऱ्याएकोमा धन्यवाद दिन चाहन्छौं । साथै निर्देशिकाको स्थानीयकरणको क्रममा आफ्नो अमूल्य सुझाव दिने स्रोतव्यक्ति तथा विज्ञहरू धन्यवादका पात्र हुनुहुन्छ ।

**राजकुमार लेखी**
अध्यक्ष
नेपाल आदिवासी जनजाति महासंघ

**पाशाङ डोल्मा शेर्पा**
राष्ट्रिय संयोजक
जलवायु तथा रेड साझेदारी कार्यक्रम

# रेडप्लसमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी
# आदिवासी जनजाति समुदायका लागि तालिम निर्देशिका

**TRAINING MANUAL ON FREE, PRIOR AND INFORMED CONSENT (FPIC) IN REDD+ FOR INDIGENOUS PEOPLES**

सर्वाधिकार © नेपाल आदिवासी जनजाति महासंघ- २०६९
पाठक तथा एफपिकका प्रयोगकर्ताले यस निर्देशिकाका विषयवस्तु सर्वाधिकारवालालाई पूर्वजानकारी दिई लेखक तथा स्रोत उल्लेख गरेर प्रयोग गर्न सक्नेछन् ।

ध्यानाकर्षण : अंग्रेजी भाषामा रहेको Free Prior and Informed Consent (FPIC) लाई नेपाल सरकार र अन्य संस्थाले स्वतन्त्र पूर्व सुसूचित सहमति भनेर लेख्ने गरे पनि आदिवासी जनजातिको दृष्टिकोणबाट स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरी उपयुक्त हुने भएकाले प्रयोग गरिएको छ ।

| | | |
|---|---|---|
| अंग्रेजीमा लेखकहरू | : | श्रीकुमार महर्जन, जोआन कार्लिङ र लाक्पानुरी शेर्पा |
| अंग्रेजीमा सम्पादन | : | मैयाँ सिमरे र पिटर जोन्सन |
| नेपाली अनुवाद तथा स्थानीयकरण | : | खिम घले |
| अवधारणागत सुझाव | : | डा. कृष्णबहादुर भट्टचन |
| शुद्धाशुद्धि | : | दीपेन्द्र राई |
| चित्र | : | एनबी गुरूङ |
| साजसज्जा | : | अल मिडिया सोलुसन, बागबजार, काठमाडौं |
| फोटो | : | अनिज/कमला थापामगर |

यो निर्देशिका नर्वेली विकास तथा सहयोग नियोग (**Norad**), डेनिस अन्तर्राष्ट्रिय विकास नियोग (**DANIDA**) र स्वीस विकास तथा सहयोग नियोग (**SDC**) को सहयोगमा प्रकाशित गरिएको हो ।

# Acronyms (शब्द संक्षेप)

| | |
|---|---|
| ABS | Access and Benefit Sharing |
| एबीएस | पहुँच र लाभको बाँडफाँड |
| AIPP | Asia Indigenous Peoples Pact |
| एआईपीपी | एशियाली आदिवासीहरूको साझा मञ्च |
| AMAN | Aliansi Masyarakat Adat Nusantara |
| अमन | अलियनसी मस्यारक्त अदत नुसनतारा (इन्डोनेसियाली आदिवासी जनजातिको सञ्जाल) |
| AWG-LCA | Ad Hoc Working Group on Long Term Cooperative Action |
| एडब्लुजी-एलसीए | दीर्घकालीन सहयोग कार्यको तदर्थ कार्यसमूह |
| CBD | Convention on Biological Diversity |
| सीबीडी | जैविक विविधतासम्बन्धी महासन्धि |
| CO2 | Carbon dioxide |
| सीओ२ | कार्बनडाइअक्साइड |
| CoDe-REDD | Community Development through REDD |
| काडे-रेड | रेडमार्फत समुदायको विकास |
| COP | Conference of Parties |
| कोप | पक्षराष्ट्रको सम्मेलन |
| CPP | Consultation and Participation Plan |
| सीपीपी | परामर्श र सहभागिता योजना |
| CSOs | Civil Society Organizations |
| सीएसओस | नागरिक समाजका संगठनहरू |
| DENR | Department of Environment and Natural Resources |
| डीइएनआर | वातावरण तथा प्राकृतिक स्रोत विभाग |
| FCPF | Forest Carbon Partnership Facility |
| एफसीपीएफ | वन कार्बन साझेदारी सुविधा |
| FECOFUN | Federation of Community Forestry Users in Nepal |
| फेकोफन | सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल |
| FPIC | Free, Prior and Informed Consent |
| एफपीक | स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी |
| FPP | Forest Peoples Programme |
| एफपीपी | वनमा बसोबास गर्ने मानिससम्बन्धी कार्यक्रम |
| GCF | Green Climate Fund |
| जीसीएफ | हरित जलवायु कोष |
| GIZ | German International Cooperation |
| जीआईजेड | जर्मन अन्तर्राष्ट्रिय सहयोग |
| GON | Government of Nepal |
| जीओएन | नेपाल सरकार |
| GtC | Gigatons of Carbon |
| जीटीसी | कार्बनको गिगाटन |
| ICC | Indigenious Cultural Community |
| आइसीसी | आदिवासी सांस्कृतिक समूह |
| IIFB | International Indigenous Forum on Biodiversity |
| आईआईएफबी | जैविक विविधतासम्बन्धी आदिवासी जनजातिको अन्तर्राष्ट्रिय मञ्च |
| ILO 169 | Indigenous and Tribal Peoples Convention 1989 |
| आईएलओ १६९ | अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनजातिसम्बन्धी महासन्धि नं. १६९ |
| IP | Indigenous Peoples |
| आईपी | आदिवासी जनजाति |
| IPCC | Intergovernmental Panel on Climate Change |
| आईपीसीसी | जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समिति |
| IPRA | Indigenous Peoples Rights Act |
| आएपीआरए | आदिवासी जनजाति अधिकारसम्बन्धी ऐन |

| | |
|---|---|
| IWGIA | International Work Group on Indigenous Affairs |
| इविय | आदिवासी जनजातिका सम्बन्धमा अन्तर्राष्ट्रिय कार्यसमूह |
| LGUs | Local Government Units |
| एलजीयूएस | स्थानीय सरकारी इकाईहरू |
| MRV | Monitoring, Reporting and Verification |
| एमआरभी | अनुगमन, रिपोर्टिङ र प्रमाणीकरण |
| NCIP | National Commission on Indigenous Peoples |
| एनसीआईपी | आदिवासी जनजातिसम्बन्धी राष्ट्रिय आयोग |
| NEFIN | Nepal Federation of Indigenous Nationalities |
| नेफिन | नेपाल आदिवासी जनजाति महासंघ |
| NGOs | Non Governmental Organizations |
| एनजीओज | गैसरकारी संस्थाहरू |
| NTFPs | Non Timber Forest Products |
| एनटीएफपीएस | वनको गैरकाष्ठ उत्पादन |
| $^{0}$C | Degree Celsius |
| डिग्री सेल्सियस | डिग्री सेल्सियस |
| R-PIN | Readiness Preparation Idea Note |
| आरपीन | तयारी योजना विचार टिप्पणी |
| RECOFTC | The Center for Forest and Peoples |
| रिकाफ्टक | वन र मानिससम्बन्धी केन्द्र |
| REDD | Reducing Emissions from Deforestation and Forest Degradation |
| रेड | वन फँडानी र क्षयीकरणबाट हुने उत्सर्जनको कटौती |
| REDD+ | Reducing Emissions from Deforestation and Forest Degradation, Conservation of Forest corban, Enhancement of Forest Carban Stocks and Sustainable Management for Forests |
| रेडप्लस | वन फँडानी र क्षयीकरणबाट हुने उत्सर्जनको कटौती, वन कार्बनको संरक्षण, वन कार्बन भण्डारण वृद्धि र वनको दिगो व्यवस्थापन |
| REL | Reference Emission Level |
| आरईएल | उत्सर्जनका आधार तह |
| RP/R-package | Readiness Package |
| आरपी/आर-प्याकेज | तयारी प्याकेज |
| RPP | Readiness Preparation Proposal |
| आरपीपी | तयारी प्रबन्ध प्रस्ताव |
| SBSTA | Subsidiary Body for Scientific and Technical Advice |
| सब्स्टा | वैज्ञानिक र प्राविधिक सल्लाहका लागि सहायक अंग |
| SES | Social and Environmental Standards |
| सेस | सामाजिक तथा वातावरणीय मापदण्ड |
| SESA | Strategic Environmental and Social Assessment |
| सेसा | रणनीतिक वातावरणीय तथा सामाजिक मूल्यांकन |
| SIS | Safeguard Information Systems |
| एसआईएस | सुरक्षा उपायहरूको सूचना प्रणाली |
| ToT | Training of Trainers |
| टीओटी | प्रशिक्षकका लागि प्रशिक्षण |
| UN-REDD | United Nations REDD Programme |
| युएन-रेड | संयुक्त राष्ट्रसंघीय रेड कार्यक्रम |
| UNDRIP | United Nations Declaration on the Rights of the Indigenous Peoples |
| युएनड्रीप | आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र |
| UNFCCC | United Nations Framework Convention on Climate Change |
| युएनएफसीसीसी | संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी खाका महासन्धि |
| UNEP | United Nations Environment Programmes |
| युएनइपी | संयुक्त राष्ट्रसंघीय वातावरणीय कार्यक्रम |
| UNDP | United Nations Development Programmes |
| युएनडीपी | संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम |
| UNPFII | United Nations Parmanent Forum on Indigenous Peoples Issues |
| युएनपीएफआइआइ | आदिवासी जनजातिको सवालसम्बन्धी संयुक्त राष्ट्रसंघीय स्थायी मञ्च |

# विषय-सूचि


यस निर्देशिकाको उद्धेश्य के हो ?/११

यस निर्देशिकाको लक्षित समूह को-को हुन् ?/११

यस निर्देशिकाका विषयवस्तु के हुन् ?/१२

एफ्पीक (FPIC) तालिम सञ्चालनको तयारी/१२

पूर्व-सत्र १ परिचय सत्र– एक-अर्कासित परिचित हुनुहोस्/१५

पूर्व-सत्र २ प्रशिक्षणको सामान्य सिंहावलोकन-विषयवस्तु निर्धारण/१६

पाठ १ रेडप्लस सम्झौता/१८

सत्र १ रेडप्लस भनेको के हो ?/१९

१.१. रेडप्लसबारे आधारभूत बुझाइ/१९

१.२. अन्तर्राष्ट्रिय सम्झौता र वार्ता प्रक्रियामा रेडप्लस/२०

१.३. रेडका चरण र तत्वहरू/२२

सत्र २ रेडप्लसमा आदिवासी जनजातिको प्रमुख सरोकार तथा असरहरू/२६

२.१. भूमि, भू-भाग र स्रोतमा आदिवासी जनजातिको अधिकार सम्बन्धमा/२९

२.२. जीविकोपार्जन, परम्परागत ज्ञान र वनसम्बन्धी प्रथाजनित अभ्यासका सम्बन्धमा/३०

२.३. लाभको बाँडफाँड सम्बन्धमा/३१

सत्र ३ रेडप्लस सम्झौतामा सुरक्षा उपायहरू/३३

३.१. कानकुन सम्झौतामा सुरक्षा उपायहरू/३३

३.२. एफसीपीएफ (FCPF) र युएन-रेड (UN-REDD) मा वातावरणीय तथा सामाजिक सुरक्षा उपायहरू/३५

३.३. एफसीपीएफ : रणनीतिक वातावरणीय र सामाजिक मूल्यांकन (SESA)/३७

३.४. युए-रेड : सामाजिक तथा वातावरणीय सिद्धान्त र मापदण्डहरू (SEPC)/३८

३.५. रेडप्लस तयारीमा सरोकारवालाको संलग्नतासम्बन्धी एफसीपीएफ (FCPF) र युएन-रेड (UN-REDD) को मार्गनिर्देशिका/३८

३.६. तयारी प्रबन्ध योजनाहरू अथवा आर-पीपीज् (R-PPs) भनेको के हो ?/४२
३.७. तयारी प्याकेज (R-package)/४५
पाठ २ स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC)/४८
सत्र ४ एफ्पीक (FPIC) का अवधारणा ढाँचा र सिद्धान्तहरू/४९
४.१. के हो एफ्पीक (FPIC) ?/४९
४.२. परामर्श र मञ्जुरीबीचको फरक बुझाइ/५०
४.३. आदिवासी जनजाति किन एफ्पीक (FPIC) का हकदार ?/५२
४.४. एफ्पीक (FPIC) का शिषेशताहरू के-के हुन् ?/५३
४.५. एफ्पीक (FPIC) का प्रमुख तत्वहरू के-के हुन् ?/५४
४.६. प्रक्रियागत रुपमा एफ्पीक (FPIC) का प्रमुख सिद्धान्तहरू के-के हुन् ?/५५
सत्र ५ अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूमा एफ्पीकका सिद्धान्तहरू/५९
५.१. आदिवासी र जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि-१६९/५९
५.२. जैविक विविधतासम्बन्धी महासन्धि (CBD)/६१
५.३. आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP)/६१
सत्र ६ एफ्पीक (FPIC) र आदिवासी जनजातिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरू/६३
६.१. राष्ट्रिय तहका नीतिहरू/६३
६.२. आदिवासी जनजाति र एफ्पीक (FPIC) सम्बन्धमा अन्तर्राष्ट्रिय वित्तीय संस्था र बहुआयामिक बैंकहरूका नीतिहरू/६४
सत्र ७. रेडप्लसमा गरिएको एफ्पीक (FPIC) बाट सिकिएका पाठहरू/६६
७.१. फिलिपिन्सबाट सिकिएका पाठहरू/६६
७.२. भियतनामबाट सिकिएका पाठहरू/६७
७.३. अन्य युएन-रेड (UN-REDD) र एफ्पीक (FPIC) देशहरूमा एफ्पीक (FPIC) को पहल/६८
७.४. एसिया-प्यासिफिक क्षेत्रमा युएन-रेड कार्यक्रमबाट सिकिएका पाठहरू/६८
पाठ ३ रेडप्लसमा एफ्पीक (FPIC) र आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताबारे सामुदायिक निर्देशिका/७३

सत्र ८. रेडप्लसमा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताका रूप/तह, पूर्व सर्त र प्रासंगिक गतिविधिहरू/७६

८.१. रेडप्लसमा आदिवासी जनजातिका प्रभावकारी सहभागिताका रूप र तहहरू/७६

८.२. रेडप्लसमा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता/७७

८.३. आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता तथा एफ्पीकसँग सम्बन्धित रेडप्लस गतिविधिहरू/८०

सत्र ९ रेडप्लसका सम्बन्धित संयन्त्र र अंगमा आदिवासी जनजातिको सहभागिता/८३

९.१. उनीहरू आफैंले छनोट गरेको प्रतिनिधिबाट आदिवासी जनजातिको प्रतिनिधित्व/८३

९.२. राष्ट्रिय, उपराष्ट्रिय र सामुदायिक तहका प्रतिनिधिको स्वछनोट प्रक्रियाका सामान्य मार्गनिर्देशक सिद्धान्तहरू/८५

९.३. सबै तहमा परामर्श/८९

सत्र १० स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी सञ्चालन/९४

१०.१. रेडप्लसमा एफ्पीक (FPIC) को पूर्ण प्रयोगका क्षेत्रहरू/९४

१०.२. एफ्पीक (FPIC) प्रक्रियाका मुख्य चरण के-के हुन् ?/९५

१०.३. रेडप्लसमा एफ्पीक (FPIC) का मुख्य प्रक्रिया/९७

सत्र ११ उजुरी संयन्त्र/१०२

११.१. उजुरी संयन्त्र भनेको के हो ?/१०२

११.२. एफ्पीक (FPIC) प्रक्रियामा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताका पूर्वसर्तहरू/१०४

अनुसूची/१०७



# परिचय



रेडप्लसमा आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC) बारे लेखिएको यो निर्देशिका चारवटा शृंखलाबद्ध पुस्तकहरू के हो रेड ?, के गर्ने रेडका साथ ? र, समुदायमा आधारित रेडप्लसको बुझाइमध्येको तेस्रो हो । अघिल्ला दुई प्रकाशन (के हो रेड ? र, के गर्ने रेडका साथ ?) रेडप्लस अवधारणाबारे आदिवासी जनजातिलाई जागरूक बनाउनुमा केन्द्रित थियो । त्यस्तैगरी रेडप्लसका सम्भाव्य असर तथा अवसर के-के हुन् र त्यसका प्रक्रियाहरूमा कसरी आफ्नो अधिकारको रक्षा गर्ने भन्नेबारे पनि लक्षित थियो । अर्को निर्देशिका (समुदायमा आधारित रेडप्लसको बुझाइ) को लक्ष्य भने आदिवासी जनजातिलाई समुदायमा आधारित रेडप्लसबारे ज्ञान तथा सीप प्रदान गर्नुका साथै पूर्ण र प्रभावकारी सहभागिताका लागि दक्ष बनाउन सहयोग गर्नु थियो ।

यो निर्देशिका आदिवासी जनजाति अगुवा तथा प्रतिनिधिहरूको रेडप्लससम्बन्धी सहकार्यको प्रतिफल हो । यसलाई सार्थक बनाउन रेडप्लस लागू भएका देशबाट प्रतिनिधित्व गरेका आदिवासी जनजाति अगुवाहरूको लेखनशाला, रेडप्लस तथा एफ्पीक (FPIC) सम्बन्धी सामग्री, समीक्षा एवम् आदिवासी जनजाति विशेषज्ञसँगको विचार-विमर्शको योगदान रहेको छ । यसको प्रारम्भिक मस्यौदाले एफ्पीक (FPIC) तथा रेडप्लससम्बन्धी क्षेत्रीय प्रशिक्षक प्रशिक्षणका लागि मार्गदर्शनको काम गरेको थियो । यो प्रक्रियाले निर्देशिका निर्माणमा आदिवासी जनजाति समुदायको दृष्टिकोण प्रतिविम्बित गरेको छ ।

रेडप्लस अझै विकास हुँदै गरेको अवधारणा भएको र यसका बृहत् सम्झौताहरू अझै अपूरो नै भएकाले प्रस्तुत निर्देशिकालाई कार्यकारी मार्गदर्शिकाका रूपमा मात्र हेर्न अनुरोध गरिन्छ । रेडप्लसको विकासक्रम र रेडप्लसमा आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहित मञ्जुरी (FPIC) अधिकारसहित सामाजिक तथा वातावरणीय सुरक्षा उपायहरूको उपयोगको अनुभवका आधारमा यस निर्देशिकालाई सामान्यीकरण तथा संशोधन गरिरहनुपर्नेछ ।

## यस निर्देशिकाको उद्देश्य के हो ?

यस निर्देशिकाको प्रमुख उद्देश्य रेडप्लससँग सम्बन्धित परियोजना र गतिविधिमा आदिवासी जनजातिसँग एफ्पीक (FPIC) प्रभावकारी कार्यान्वयनका लागि आदिवासी जनजातिको क्षमता अभिवृद्धि, सञ्जाल र संगठन निर्माण गर्ने रहेको छ । खासगरी, निर्देशिकाको उद्देश्य भनेकै आदिवासी जनजातिलाई एफ्पीक (FPIC) र रेडप्लसबारे ज्ञान एवम् बुझाइले भरिपूर्ण बनाउनु हो ।

सँगसँगै, समुदायलाई रेडप्लस परियोजनामा आफ्नो हित तथा अधिकारको सुरक्षा गर्नका निम्ति एफ्पीक (FPIC)को प्रयोगसम्बन्धी मार्गनिर्देशन दिनु पनि हो । यद्यपि, हरेक देशको सामाजिक तथा राजनीतिक अवस्थाअनुसार यस निर्देशिकालाई स्थानीयकरण गर्नु उपयोगी हुनेछ ।

यस निर्देशिकाको अभिप्राय पनि पूर्वप्रकाशित निर्देशिकाहरू जस्तै आदिवासी जनजाति समुदायको क्षमता अभिवृद्धि गर्नु नै हो । ताकि तिनीहरूले रेडप्लसमा संलग्न हुने वा नहुनेबारे निर्णय गर्न सकून् तथा रेडप्लसका विभिन्न प्रक्रियागत चरणमा आफ्नो अधिकारको सुरक्षा गर्नका निम्ति पूर्ण र प्रभावकारी संलग्नताको सुनिश्चित गर्न सकून् । रेडप्लस तथा एफ्पीक (FPIC) को गतिविधिमा सक्रियतापूर्वक भाग लिएर त्यसको अवधारणालाई राम्ररी बुझिसकेपश्चात् आदिवासी जनजाति स्वतस्फूर्त रूपमै आफ्नो क्षेत्रमा रेडप्लस कार्यान्वयन गर्न दिने वा नदिनेबारे निर्णय गर्न सक्षम हुनेछन् ।

यसका साथै निर्देशिकाले आदिवासी जनजाति समुदायलाई कसरी परामर्श प्रक्रिया सञ्चालन गर्ने ? रेडप्लससम्बन्धी सूचनासम्मको पहुँच कसरी बनाउने ? राष्ट्रिय तथा स्थानीयस्तरका आदिवासी जनजातिका प्रतिनिधिहरू छनोट कसरी गर्ने ? स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC) को सञ्चालन कसरी गर्ने ? सामूहिक निर्णयमा पुग्नका लागि स्वतन्त्र र सामूहिक रूपले विचार-विमर्श कसरी गर्ने र रेडप्लसभित्र उजुरी संयन्त्रको सुनिश्चित कसरी गर्ने भन्ने सम्बन्धमा केही व्यावहारिक मार्गदर्शन दिनेछ ।

## यस निर्देशिकाको लक्षित समूह को-को हुन् ?

यो निर्देशिकाले आदिवासी जनजातिका अगुवा, आदिवासी जनजातिका संगठन, समुदायका सदस्य तथा सामुदायिक कार्यकर्ता एवम् समर्थकहरूलाई लक्षित गरेको छ । विशेषगरी आदिवासी जनजाति संगठन र समुदायको क्षमता अभिवृद्धिमा प्रमुख भूमिका खेल्ने आदिवासी जनजातिका शिक्षाविद्, प्रशिक्षक र सहयोगीहरू जो रेडप्लसको योजना/रणनीति, क्रियाकलाप तथा परियोजनाबाट सोझै प्रभावित हुन्छन् वा हुन सक्छन्, उनीहरूलाई पनि यो निर्देशिकाले लक्षित गरेको छ ।

निर्देशिका प्रयोग गर्ने स्रोत व्यक्तिलाई प्रशिक्षण विधि र सहजीकरण सीपको ज्ञान हुनेछ भन्ने अपेक्षा गरिएको छ । साथै तिनीहरूसँग आदिवासी जनजातिका मुद्दा तथा वन-जंगलको दिगो व्यवस्थापन, जलवायु परिवर्तन र रेड संयन्त्रजस्ता मामिलाबारे आधारभूत ज्ञान हुन पनि जरूरी छ ।

खासगरेर, आदिवासी जनजातिका अगुवा र एसियाली राष्ट्रका ६ साझेदार संगठनका कर्मचारीहरू नै एफ्पीक (FPIC) प्रशिक्षक प्रशिक्षणका लक्षित समूह हुन् । तिनीहरूमध्ये अधिकांशलाई रेडप्लसको मूल अवधारणा, आदिवासी जनजातिका अधिकार एवम् रेडप्लस र एफ्पीक (FPIC) सम्बन्धी मामिलाबारे मोटामोटी रूपमा पहिल्यै जानकारी छ । रेडप्लसमा एफ्पीक (FPIC) सम्बन्धी ज्ञान तथा बुझाइको अभिवृद्धि गरेर यी सहभागीले राष्ट्रियस्तरमा आदिवासी जनजातिको क्षमता अभिवृद्धिका लागि तालिम दिनेछन् भन्ने आशा गरिएको छ । यसका साथै, तिनीहरूले रेडप्लसमा आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्नका लागि राष्ट्रिय एफ्पीक (FPIC) प्रक्रियामा संलग्न हुनेछन् र रेडप्लसको कार्यान्वयनसम्बन्धी निर्णय प्रक्रियामा मुख्य भूमिका खेल्नेछन् । यो निर्देशिका आदिवासी जनजाति समुदायका साथै रेडप्लस परियोजनाबाट प्रभावित हुने सबैका लागि उपयोगी साबित हुनेछ । यसले तिनीहरूलाई रेडप्लससँग आबद्ध हुने वा नहुने र त्यसभित्र आदिवासी जनजातिको पूर्ण र प्रभावकारी संलग्नता सुनिश्चित गर्नेबारे निर्णय गर्न सघाउनेछ ।

## यस निर्देशिकाका विषयवस्तु के हुन् ?

एफ्पीक (FPIC) सम्बन्धी यस निर्देशिकाको तीनवटा पाठ (modules) छन् । यस प्रशिक्षणलाई एक दिन रेडप्लस नमुना क्षेत्रका आदिवासी जनजाति समुदायसँग छलफलद्वारा रेडप्लससम्बन्धी मुद्दा–मामिला बुझ्नका निम्ति स्थलगत भ्रमणसमेत गरेर चार दिनसम्मका लागि लक्षित गरिएको छ । प्रशिक्षार्थी र अन्य महत्वपूर्ण अवस्थालाई ध्यानमा राखेर यस निर्देशिकाको विषयवस्तु र प्रशिक्षण विधिलाई स्थानीयकरण गर्न सकिने । पहिलो पाठ रेडप्लसको विभिन्न तहमा भएको नवीनतम् विकासक्रमसँगै सोबारे आधारभूत जानकारी एवम् बुझाइमाथि केन्द्रित छ । दोस्रो पाठ एफ्पीक (FPIC) बारे ज्ञान तथा बुझाइ प्रदान गर्नुसँग सम्बन्धित छ । तेस्रो पाठले एफ्पीक (FPIC) सञ्चालन तथा रेडप्लसमा त्यसको कार्यान्वयन सुनिश्चित गर्न समुदायलाई मार्गनिर्देशन प्रदान गर्दछ ।

## एफ्पीक (FPIC) तालिम सञ्चालनको तयारी

तालिमका लागि चाहिने सम्पूर्ण सामग्री सदैव तालिम सुरू हुनुअगावै जोहो गरिसक्नु राम्रो मानिन्छ । यसले प्रशिक्षण पाठको प्रभावकारी प्रस्तुतीकरणका साथै प्रशिक्षण सत्र, कार्यक्रम र विषयवस्तुको गुणस्तरलाई राम्रो र सहज बनाउँछ ।

व्यवस्थापन आयोजकले पहिल्यै प्रशिक्षणस्थलका सञ्चालक वा आवश्यक भए कर्मचारीसँग मिलेर सम्पूर्ण कुराको व्यवस्थापन गर्नुपर्छ । यसमा यात्रा र बस्ने सुविधा, प्रशिक्षण सामग्री, हेन्डआउट्स (Handouts) आदिलाई कम्तीमा एक महिनाअघि नै व्यवस्था गरिसक्नुपर्छ । प्रशिक्षण सत्रको प्रकृति, सहभागी संख्या र उपलब्ध बजेटका आधारमा व्यवस्थापनको प्रबन्ध गर्नुपर्छ । तर, यो पनि ध्यानमा राख्न जरूरी छ कि प्रशिक्षण अवधिभरि सहभागीले आवश्यक सुविधा सजिलै उपभोग गर्नका साथै घरसरह मैत्रीपूर्ण वातावरणको अनुभव गर्न पाऊन् । तिनीहरूलाई अग्रिम रूपमै प्रशिक्षण सामग्री (कार्यक्रम तालिका, व्यवस्थापन, कार्यक्रमस्थलबारे जानकारी र उपयोगी दस्तावेज) उपलब्ध गराउनुपर्छ । यसले गर्दा उनीहरूले त्यसबाट प्रशिक्षणअगावै आवश्यक जानकारी ग्रहण गर्न सकून् । यसका अतिरिक्त, सहभागीलाई मौसम तथा जलवायुबारे जानकारी दिन पनि सुझाव दिइन्छ किनकि यसले उनीहरूलाई जाडो वा गर्मीअनुसार नै आफूलाई तयार राख्न सकून् । व्यवस्थापन तयारीबाहेक सम्पूर्ण आवश्यक प्रशिक्षण सामग्री एकत्रित गरेर राख्नु पनि प्रशिक्षणको प्रभावकारिताका निम्ति अत्यन्त महत्वपूर्ण छ । यसलाई आयोजक स्वयम्ले अथवा होटल वा प्रशिक्षणस्थलका सञ्चालकले एकत्रित पार्न सक्छन् । आयोजकले कार्यक्रमस्थलमका सञ्चालक वा कर्मचारीलाई ती सामग्री प्रबन्ध गर्न भन्न सक्छन् । माग गरिएका सामग्री तुरून्त उपलब्ध गराउनका निमित्त पहिल्यै सोबारे स्पष्ट जानकारी दिएर आपसी सहमति गर्न सिफारिस गरिन्छ ।

### प्रशिक्षणका लागि आवश्यक सामग्रीहरू

- सेतो पाटी
- पोस्टर/फ्लीप चार्ट/खैरा वा सेता कागजहरू
- मेटाकार्ड/रंगीन कार्ड
- मास्किङ टेप
- मार्कर पेन (मेट्न सकिने इरेजर र परमानेन्ट)
- एलसीडी प्रोजेक्टर, पोइन्टरसहित
- ल्यापटप कम्प्युटर र प्रिन्टर
- प्रशिक्षण ब्यानर

सबै आवश्यक दस्तावेज र हेन्डआउट्स (Hand-outs) लाई दर्ता भएका सम्पूर्ण सहभागी र स्रोत व्यक्तिका निम्ति छापिनु वा फोटोकपी गरिनुपर्छ । यसका लागि स्रोत व्यक्ति र सहजकर्तासँग पहिले नै सबै प्रस्तुतिबारे जानकारी लिन सकिन्छ । अर्कोतिर ती प्रस्तुतिलाई प्रशिक्षण सत्रको अवधिभरि संकलन गरेर तत्काल सहभागीलाई बाँड्न सकिन्छ ।

## प्रशिक्षक वा स्रोत व्यक्तिको तयारी

प्रशिक्षक वा स्रोत व्यक्तिले विषयवस्तु, सहभागीको तह र उनीहरूको अपेक्षाअनुसार दैनिक कार्ययोजना बनाउनुपर्छ । प्रशिक्षकले सहभागीको शिक्षा, विषयवस्तुको ज्ञान, अनुभव र अपेक्षाबारे जानकारी राख्नुपर्छ । यी

तल देखाइएको तालिकाले यस तालिम निर्देशिकाको प्रत्येक पाठमा के-के समेटिएको छ भन्ने छर्लंग पार्दछ ।

| दिन | पाठ | विषयवस्तु | सत्र | समय |
|---|---|---|---|---|
| पहिलो | पाठ १ | **रेडप्लस सम्झौता**<br>• रेडप्लस के हो ?<br>• रेडप्लसमा आदिवासी जनजातिका प्रमुख सरोकार र सवालहरू<br>• रेडप्लस सुरक्षा उपायहरू | तीन | ६-७ घन्टा |
| दोस्रो | पाठ २ | **स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी**<br>• एफ्पीक (FPIC) का अवधारणा, ढाँचा तथा सिद्धान्तहरू<br>• अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्ताबेजहरूमा एफ्पीकका सिद्धान्तहरू<br>• आदिवासी जनजातिसँगको एफ्पीक (FPIC) सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरू<br>• रेडप्लसमा एफ्पीक (FPIC) सञ्चालनका अनुभवबाट सिकिएका पाठहरू | चार | ६-८ घन्टा |
| तेस्रो | पाठ ३ | **रेडप्लसमा एफ्पीक (FPIC) को उपयोग र आदिवासी जनजातिको पूर्ण तथा प्रभावकारी सहभागिता बारे समुदायिक मार्गनिर्देशिका**<br>• रेडप्लसमा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी संलग्नताको किसिम/तहहरू, पूर्वसर्त र गतिविधिहरू<br>• रेडप्लससँग सम्बन्धित अंग र संयन्त्रहरूमा आदिवासी जनजातिको सहभागिता<br>• स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी सञ्चालन (रेडप्लस एफ्पीक (FPIC) का प्रक्रिया, उपयोग र उपायहरू)<br>• उजुरी संयन्त्र | चार | ५-७ घन्टा |
| चौंथो | अन्तिम् दिन सहभागीहरूलाई रेडप्लस नमुना क्षेत्रमा समुदायसंग छलफलका लागि लैजानु पर्छ । जहाँ उनीहरूले रेडप्लस गतिविधिहरूका सम्बन्धमा समुदायका दृष्टिकोण र सरोकारहरू बुझ्नेछन् । यस भ्रमणले सहभागीहरूलाई कार्यक्षेत्रमै सुरक्षा उपायहरूको कार्यान्वयन सम्बन्धी मूल्यांकन गर्न सघाउ पुऱ्याउनेछ । | | | |
| नोटः | निर्देशिकाको अन्तिम्मा मूल्यांकन फाराम दिइएको छ । त्यसले तालिम सम्पन्न भइसके पछि प्रशिक्षार्थीहरूको बुझाइको तहका बारेमा मूल्यांकन गर्न सकिने छ । मुल्यांक फारामको यो एउटा उदाहरण मात्र हो । प्रशिक्षणको अन्तिम्मा प्रशिक्षक तथा सहजकर्ताहरूले आफ्नो अनुभवको आधारमा अरू नै विधि मार्फत मूल्यांकन गर्न पनि सक्छन् । यदी स्थलगत भ्रमण छैन भने तालिम सकिने बित्तिकै मूल्यांकन फाराम भर्नु पर्छ । | | | |

## कार्ययोजना बनाउने केही उपाय

१. उद्देश्यमा आधारित रहेर केही मुख्य सन्देश पहिचान गर्नुहोस्

- विषयवस्तुलाई प्राथमिकीकरण गर्नुहोस् र यसमा समयको सीमितता, सहभागीको ज्ञान र बुझाइलाई विचार पुऱ्याउनुहोस् ।
- प्रत्येक विषयवस्तुका लागि समय छुट्याउनुहोस् ।
- प्रमुख सन्देशमा पनि महत्वपूर्ण शब्द र उदाहरणको तयारी गर्नुहोस् ।
- साधारण भाषा, उदाहरण, चित्र, फोटोको प्रयोग गरेर अवधारणालाई समान्यीकरण गर्नुहोस् ।
- माथि तयार पारिएका सन्देशका आधारमा पावरप्वाइन्ट प्रस्तुति, चार्ट, नक्सा, चित्र तथा भिडियोको तयारी गर्नुहोस् ।
- सत्रलाई अन्तर्क्रियात्मक बनाउनका लागि सहभागीलाई सोध्न मुख्य प्रश्नको तयारी गर्नुहोस् साथै समूह कार्यका लागि तयारी गर्नुहोस् ।
- सत्रलाई अन्त्य गर्नका लागि सारांश नोट बनाउनुहोस् ।

२. सत्रलाई सहभागितामूलक र अन्तर्क्रियात्मक बनाउनका लागि सन्देश प्रवाह गर्ने उपयुक्त विधि पहिचान गर्नुहोस् ।

- समूह कार्य, मुख्य प्रश्न इत्यादि पहिचान गर्नुहोस् जसले गर्दा सत्र गतिशील हुन्छ ।

विषयहरू दैनिक कार्ययोजना र प्रशिक्षण विधि निर्माणका लागि महत्वपूर्ण हुन्छन् ।

प्रशिक्षणलाई एकोहोरो र निरस हुनबाट जोगाउनका लागि प्रत्येक सत्रलाई सहभागितामूलक ढंगले सञ्चालन गर्न जरूरी छ । यसका लागि सहभागीलाई सबै सत्रमा सक्रियतापूर्वक सहभागिता जनाउन र लगत्तै छलफलमा जान प्रेरित गरिरहनुपर्छ । प्रशिक्षण सत्रलाई पावरप्वाइन्ट प्रस्तुति, समूह छलफल, मस्तिष्क मन्थन सत्र, श्रव्य–दृश्य प्रदर्शनी र वृत्तचित्र, विषय अध्ययन प्रस्तुति, विषयसँग सम्बन्धित हाजिरजवाफ प्रतियोगिता, नीति-संवाद, भूमिका नाटक मञ्चन, सहभागितामूलक मूल्यांकन आदि विविध तरिका जोडेर तयार गर्नुपर्छ ।

यसका अतिरिक्त सुहाउँदो किसिमको जलपान, खेलकुद र मनोरञ्जनात्मक विश्रामलाई पनि प्रशिक्षण सत्रमा समेटेर सहभागीहरू पूर्णतया सचेत एवम् संलग्न छन् भन्ने कुराको सुनिश्चित राख्न सकिन्छ । यस्ता क्रियाकलाप गर्दा सकेसम्म आदिवासी जनजातिको कुरालाई केन्द्रबिन्दुमा राख्नुपर्छ ।

## पूर्व-सत्र १ : परिचय सत्र- एक-अर्कासित परिचित हुनुहोस्

### उद्देश्य

यस पूर्व सत्रको अन्त्यमा सबै सहभागीले स्रोत व्यक्ति तथा एक-अर्कालाई राम्ररी चिन्नेछन् । जसले गर्दा तालिम अवधिभरि सहभागीबीच अन्तर्क्रिया र सहयोगको अवस्था सृजना हुनेछ । आयोजक र स्रोत व्यक्तिका लागि सहभागीको तालिमप्रतिको अपेक्षा पनि प्राप्त हुनेछ ।

### आवश्यक सामग्रीहरू

- मेटाकार्ड
- मार्कर पेन

### समय अवधि

३० मिनेट (सहभागी संख्याका आधारमा)

### विधि

- सबै सहभागीलाई यस पूर्वसत्रको उद्देश्य र प्रक्रियाबारे बुझाउनुका साथै यसमा उनीहरूको अनिवार्य रूपमा सक्रिय सहभागिता हुनुपर्नेबारे पनि बताउनुहोस् । प्रत्येक प्रशिक्षण कार्यक्रममा के-कस्ता सहभागी छन् ? र कसरी तिनीहरू रेडप्लससम्बन्धी प्रक्रिया र कार्यमा संलग्न छन् ? यो जान्न जरूरी हुन्छ ।
- प्रशिक्षण कक्षमा उपस्थित सम्पूर्ण सहभागी र स्रोत व्यक्तिलाई मेटाकार्ड उपलब्ध गराउनुहोस् ।
- प्रत्येक सहभागी र स्रोत व्यक्तिलाई उपलब्ध गराइएको मेटाकार्डमा आफूलाई राम्ररी वर्णन गर्नेखालको कुनै एउटा विशेषता वा विशेषण शब्द लेख्न लगाउनुहोस् । यसका लागि सहभागीलाई विशेषणयुक्त शब्दको उदाहरण दिनुहोस्, जस्तै : मिहिनेती, हँसिलो, मित्रवत्, पारिवारिक आदि ।
- यसपछि प्रत्येकलाई आफ्नैजस्तो गुण एवम् विशेषता भएको अर्को सहभागी खोज्न लगाउनुहोस् । यो कुरा स्मरण रहोस् कि परिचित व्यक्तिलाई आफ्नो जोडी बनाउन पाइने छैन । समयसीमा पहिले नै तोकिदिनुहोस् । जस्तै : ५ मिनेट ।
- सबैको जोडी पक्कापक्की भइसकेपश्चात् प्रत्येक सहभागीलाई आफ्नो जोडीसँग निम्नलिखित विषयमा अन्तर्वार्ता लिन लगाउनुहोस् ।
  - नाम
  - संस्था
  - व्यक्तित्व (अगाडि उल्लेख गरिएकै विशेषण प्रयोग गरेर)
  - रेडप्लस प्रक्रियामा ऊ कसरी संलग्न छ ?
  - रेड र एफ्पीक (FPIC) सम्बन्धी यसअघि प्रशिक्षण लिएको अनुभव छ कि ?
  - प्रशिक्षणबाट अपेक्षा के राख्नुभएको छ ?
- सहभागीलाई छलफल गर्न र एक-अर्कासँग परिचित हुन तथा सो जानकारीलाई टिपोट गर्न ५-१० मिनेट जति समय दिनुहोस् ।
- छुट्याइएको समयावधिको अन्त्यमा प्रत्येक सहभागीले आफ्नो जोडीलाई अर्को सहभागीसँग परिचय गराउँछन् ।
- अर्को मेटाकार्ड पनि सहभागीलाई दिनुहोस् । त्यसमा सहभागीको अपेक्षा लेखिएको हुनेछ । त्यसलाई यस सत्रको अन्त्यमा संकलन गरेर भित्तामा टाँस्नुहोस् ।

(यो एउटा उदाहरणमात्र हो, प्रशिक्षक वा सहजकर्ताले अरू विधि पनि अपनाउन सक्छन् ।)

## पूर्व-सत्र २ : प्रशिक्षणको सामान्य सिंहावलोकन-विषयवस्तु निर्धारण

### उद्देश्य

यस पूर्व-सत्रको अन्त्यमा सबै सहभागी :

- प्रशिक्षणको उद्देश्य, महत्व र प्रशिक्षण सत्रका विधिबाट परिचित हुनेछन् ।

### सामग्रीहरू

- प्रशिक्षणको उद्देश्य, तालिका र विधिबारे पावरप्वाइन्ट प्रस्तुति वा प्रशिक्षण उद्देश्यसहितको फ्लीपचार्ट
- बाँड्नका लागि उद्देश्यसहितको प्रशिक्षण कार्यसूची
- मेटाकार्ड र मार्कर पेन

### समय अवधि : ३०-४५ मिनेट

### विधि

प्रशिक्षणको उद्देश्य, कार्यक्रम तालिका र प्रशिक्षण विधिबारे सामान्य सिंहावलोकन प्रस्तुत गर्नका लागि स्रोत व्यक्ति अथवा सहजकर्ता पावरप्वाइन्ट, फ्लीप चार्ट एवम् व्यवस्थापनसँग महत्वपूर्ण सरोकार भएको सामग्रीबाट परिपूर्ण हुन अनिवार्य हुन्छ । यी सामग्री प्रशिक्षणका विषयवस्तु निर्धारण गर्नका लागि महत्वपूर्ण हुन्छन् । यस सत्रका लागि निम्नलिखित विधि उपयोगी हुन सक्छन् :

- सहभागीलाई पावरप्वाइन्ट अथवा फ्लीप चार्टको प्रयोगद्वारा प्रशिक्षणका उद्देश्य एवम् कार्यसूचीबारे बुझाउनुहोस् । यी उद्देश्य किन निर्माण गरियो ?, किन महत्वपूर्ण छन् ? तथा सत्र सञ्चालन कति ढिलो वा चाँडो हुन्छ सोबारे राम्रोसँग व्याख्या गर्नुहोस् । आवश्यक परे प्रशिक्षण कार्यसूचीमा समीक्षासमेत गर्न सकिन्छ ।
- प्रशिक्षण कार्यसूची सहभागीलाई बाँडनुहोस् र संक्षिप्त रूपमा प्रशिक्षण सत्रका विषयवस्तु, प्रत्येक सत्रको समयावधि, मुख्य विश्राम र स्थलगत भ्रमणबारे स्पष्ट जानकारी दिनुहोस् ।
- अनुशरण गरिने विधिबारे सहभागीलाई वर्णन गर्नुहोस् । यसभित्र विशेषज्ञहरूको प्रस्तुति, सानो समूह कार्य, विषय अध्ययन, अभिनय, स्थलगत अभ्यास र भ्रमण आदिलाई पनि समेट्नुहोस् ।
- खाना, भ्रमण, बसोबास, यातायात, आर्थिक मामिलाजस्ता व्यवस्थापकीय पक्षबारे सहभागीलाई जानकारी गराउनुहोस् ।
- प्रशिक्षणको उद्देश्य, गतिविधि र कार्यसूचीसम्बन्धी प्रश्न सोध्न तथा स्पष्टीकरणका लागि सबै सहभागीलाई प्रेरित गर्नुहोस् ।




# पाठ १

# रेडप्लस सम्झौता

## पाठ १ः रेडप्लस सम्झौता

यस पाठले रेडप्लसका अवधारणा, चरण तथा तत्वहरूका साथै रेडप्लसमा आदिवासी जनजातिका सरोकारबारे प्रकाश पार्नेछ । यसमा रेडप्लसका सम्बन्धमा एफ्पीक (FPIC) को महत्वबारे पनि प्रस्तुति हुनेछ । त्यसका साथै सुरक्षा उपायहरूबारे पनि छलफल गर्नेछौं । उदाहरणका रूपमा नेपाल र इन्डोनेसियामा सामाजिक तथा वातावरणीय मापदण्ड (SESA) को अवस्थालाई लिइएको छ । यस पाठको अन्त्यमा सहभागीले रेडप्लस र आदिवासी जनजातिमा त्यसको असरबारे बुझ्नेछन् ।

### उद्धेश्यहरू

यो पाठको अन्त्यमा सहभागीले :

- रेडप्लसको आधारभूत अवधारणा, रेडप्लसका सम्बन्धमा अन्तर्राष्ट्रिय सम्झौता र रेडप्लसका विभिन्न चरणलाई बुझ्न र व्याख्या गर्न सक्नेछन् ।
- रेडप्लसमा आदिवासी जनजातिको सवाल र सरोकारबारे व्याख्या गर्न र भन्न सक्नेछन्, विशेषगरेर उनीहरूको सामूहिक अधिकार, भूमि, भू-भाग र स्रोतको सन्दर्भलाई लिएर ।
- आदिवासी जनजातिका लागि रेडप्लस सम्झौताअन्तर्गत उल्लेख गरिएका सुरक्षा उपायहरूको महत्वबारे बुझ्नेछन् ।

### आवश्यक सामग्रहीहरू

- सेतो पाटी
- खैरो वा सेतो कागज
- मेटाकार्ड
- मास्किङ टेप
- मार्कर पेन
- एलसीडी प्रोजेक्टर
- ल्यापटप कम्प्युटर
- बैठक गरिरहेको/वार्ता प्रक्रियाका तस्बिरहरू
- रेडप्लस र आदिवासी जनजातिसम्बन्धी भिडियो

### समय अवधि : ६-७ घन्टा

**सत्रहरू**

**सत्र १ (दुई घन्टा): रेडप्लस भनेको के हो ?**
- १.१. रेडप्लसबारे आधारभूत बुझाइ
- १.२. अन्तर्राष्ट्रिय सम्झौता र वार्ता प्रक्रियामा रेडप्लस
- १.३. रेडप्लसका चरण र तत्वहरू

**सत्र २ (दुई घन्टा) : रेडप्लसमा आदिवासी जनजातिका मूल सरोकार र सवालहरू**
- २.१. आदिवासी जनजातिका भूमि, भू-भाग र स्रोतहरूका सम्बन्धमा
- २.२. जीविकोर्पाजन, परम्परागत ज्ञान र वनसम्बन्धी प्रथाजनित अभ्यासहरूका सम्बन्धमा
- २.३. लाभ बाँडफाँडका सम्बन्धमा

**सत्र ३ (दुई घन्टा): रेडप्लस सम्झौतामा सुरक्षा उपायहरू**
- ३.१. कानकुन सम्झौतामा सुरक्षा उपायहरू
- ३.२. एफसीपीएफ र युएन-रेड कार्यक्रममा वातावरणीय तथा सामाजिक सुरक्षा उपायहरू
- ३.३. एफसीपीएफ : सामाजिक तथा वातावरणीय मूल्यांकन रणनीति (SESA)
- ३.४. युएन-रेड : सामाजिक तथा वातावरणीय सिद्धान्त र मापदण्डहरू
- ३.५. रेडप्लस तयारीमा सरोकारवालाको संलग्नतासम्बन्धी एफसीपीएफ र युएन-रेडको मार्गनिर्देशिका
- ३.६. तयार, तत्परता, प्रस्ताव वा आर-पीपी भनेको के हो ?
- ३.७. तयारी प्याकेज (RP)

## सत्र १ : रेडप्लस भनेको के हो ?
## समय अवधि : ढुई घन्टा

### विधि

१. सहभागीलाई समूहमा विभाजन गर्नुहोस् र छलफलका लागि प्रश्न बाँड्नुहोस् :
- आदिवासी जनजातिका लागि वन-जंगल किन महत्वपूर्ण छन् ? (महत्व, मूल्यमान्यता र भूमिकाका हिसाबले) ? (समयः ३० मिनेट)

२. छलफलको सारांशलाई स्रोत व्यक्तिको तर्फबाट दिइने रेडप्लसको अवधारणा गत प्रस्तुतिसँग जोड्नुहोस् । यसलाई रेडप्लससम्बन्धी भिडियोबाट अझ प्रस्ट पार्न सकिन्छ ।

३. सहभागीहरूमध्येबाट राष्ट्रिय तथा उपराष्ट्रिय तहको रेडप्लस प्रक्रियामा संलग्नता रहेको र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा सहभागी भइसकेकाको पहिचान गर्नुहोस् ।

४. उहाँहरूलाई आफ्नो अनुभव बाँड्नका लागि अनुरोध गर्नुहोस् । यसलाई रेडप्लस सम्झौता तथा वार्ता प्रक्रियाको तस्बिरसहितको प्रस्तुति दिनुहोस् ।

५. रेडप्लसका चरणहरूको प्रस्तुति गर्नुहोस् । प्रस्तुतिमा टेबल र चार्टहरूको पनि प्रयोग गर्नुहोस् । सबै सहभागीलाई प्रश्न गर्नका लागि उत्प्रेरित गर्नुहोस् ।

## १.१. रेडप्लसबारे आधारभूत बुझाइ

### क. वनजंगल किन महत्वपूर्ण छन् ?

वनजंगल भन्नाले विभिन्न प्रजातिका रूख, बिरूवा तथा झाडीले ढाकिएको विराट क्षेत्र हो । यी वन-जंगल आदिवासी जनजाति समुदायका लागि महत्वपूर्ण छन्, किनकि खाना, दाउरा, ओखतिमुलो, गाईबस्तुको आहारा, निर्माण सामग्रीका साथै अन्य दैनिक आवश्यकता र पर्यावरणीय प्रणाली सेवाको प्रमुख स्रोत यिनै वन-जंगल हुन् । साथै, कार्बन ग्याँसको प्रमुख भण्डारका रूपमा पनि वन-जंगल महत्वपूर्ण छ ।

पृथ्वीबाट निस्कने ४,५०० गिगाटन जति कार्बनको भण्डारण गर्ने काम विश्वभरि फैलिएको वन-जंगल क्षेत्रले गर्छ, जुन विश्वभरिको वायुमण्डल र तेल खानी रहेको भन्दा धेरै हो । कृषि, एकै प्रकारको खेतीपाती, काठ-दाउराका लागि अवैध फँडानी, खनिज पदार्थ र तेलको उत्खनन, चरन, सहरीकरण तथा सडक विस्तार जस्ता गतिविधिको परिणामस्वरूप आज अधिकांश वन-जंगल विनाशको संघारमा पुगेको छ ।

सन् २००७ को चौथौ जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समिति (IPCC) को मूल्यांकन प्रतिवेदनले वनविनाश र भूमिको प्रयोगमा आएको परिवर्तनले गर्दा संसारभरिमा १७ प्रतिशत हरितगृह ग्यास उत्सर्जन भएको जनाएको छ । यो मात्रा विश्वभरि सडक, रेल, पानीजहाज आदिको ढुवानीबाट उत्सर्जन भएको कार्बनभन्दा उच्च रहेको छ ।

### ख. रेड भनेको के हो ?

सामान्यतया रेड भनेको प्रोत्साहन दिएर वन विनाश र त्यसको क्षयीकरणलाई रोक्ने एउटा संयन्त्र हो । यसले वायुमण्डलमा कार्बन उत्सर्जनलाई कम गर्छ । विकासशील देशहरूका लागि रेड एउटा प्रस्तावित वित्तीय संयन्त्र हो, जसले वन फँडानी र वन विनाशबाट हुने कार्बन उत्सर्जनको कटौतीसम्बन्धी कार्यलाई प्रोत्साहित गर्छ ।

वन संरक्षणले कार्बन उत्सर्जनबाट मात्र जोगाउँदैन, त्यसले वायुमण्डलमा भएको कार्बनलाई पनि घटाउन मद्दत पुऱ्याउँछ । यस्तो प्रक्रियालाई कार्बन भण्डारण भनिन्छ । परिणामस्वरूप वन-जंगलमा कार्बनको भण्डार अझ वृद्धि हुन्छ ।

| खासुरका गुरुङ आदिवासीको वन प्रयोगको तरिका | | |
|---|---|---|
| **समूह** | **वनस्पति** | **प्रयोग** |
| काठ, दाउरा | साल, उत्तिस, चिलाउने, कटुस, चाँप, गुराँस, ओखर, चिउरी, बक्याउला | दलिन, खाँबा, तख्ता, घरायसी फनिर्चर, झ्याल-ढोका, हलो, जुवा, हथौडा, डाडु पन्यु, आदि । |
| गैर-काष्ठ वन पैदावार | बाँस, धार, निगालो, लोक्ता, सिकारी लउरो | थुन्से, डोको, डालो, नाम्लो, मान्द्रो, भकारी, ड्रम, चित्रा आदि । |
| खाद्य पदार्थ | फलहरू : ऐंसेलु, काफल, चिउरी, भ्राज्य, भुइँकासी, मसिनु, लप्सी, अमला<br>तरकारी : तरूल, गिठ्ठा, भ्याकुर, सिस्नु, च्याउ, टुसा, तामा<br>मसला : टिम्बुर, कुरिलो, दालचिनी, सिल्टिम्बुर | फलफूल, तरकारी र मसलाका रूपमा |
| औषधिजन्य वनस्पति | औषधिजन्य र सुगन्धित जडीबुटी : गुर्जो, काउलो, निर्मासी, कुट्की, पाँचऔंले, पदमचाल, रातो उन्यु, लोठसल्लो, हर्रा, हाडजोरा, सदुवा, जटामासी, धूपी, धूपी-सल्लो | औषधोपचारका लागि |
| घाँसपात | खर, विभिन्न प्रकारका घाँस | गाईबस्तुको घाँसपात |

*स्रोत : वन-जंगल संरक्षण र दिगो व्यवस्थापनमा आदिवासी जनजातिको भूमिका-२०६९*

## ग. रेडप्लस भनेको के हो ?

"रेडप्लस" (अंग्रेजीमा REDD+ लेखिन्छ) भन्नासाथ वन विनाश र वनको क्षयीकरण भन्दा पनि बढी नै हो भन्ने बुझिन्छ ।

यसमा निम्नकुरा थपिएका छन् :

- संरक्षण
- वनको दिगो व्यवस्थापन र
- वन कार्बनको भण्डारणमा वृद्धि

यसको अर्थ वन विनाश रोक्ने देशहरूका अतिरिक्त ठूलो वन-जंगल ओगटेका, न्यून मात्रामा वनको क्षयीकरण भएका एवम् राम्रो वन व्यवस्थापन भएका राष्ट्रलाई समेत प्रोत्साहित गर्ने अवधारणाका रूपमा लिइन्छ । यो वन संरक्षण, दिगो व्यवस्थापन र जंगलमा भएका कार्बन भण्डारणमा वृद्धि गरेकाले दिइने प्रोत्साहन हो ।

रेडप्लसले स्थायी वन-जंगलमा सञ्चित कार्बनको वित्तीय मूल्य सृजना गर्छ । कार्बन उत्सर्जनको रोकथाम अथवा कटौतीसँगै कार्बन सञ्चिती पनि पर्याप्त मात्रामा भएको र कार्बनको भण्डारणमा पनि वृद्धिले 'रेड'लाई रेडप्लस बनाएको हो ।

## १.२. अन्तर्राष्ट्रिय सम्झौता र वार्ता प्रक्रियामा रेडप्लस

### क. जलवायु परिवर्तनका वार्ताहरूमा रेडलाई कसरी लिइन्छ ?

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (UNFCCC) जलवायु परिवर्तनसम्बन्धी नीति एवम् सन्धिहरूमध्येको सबैभन्दा महत्वपूर्ण अन्तर्राष्ट्रिय सम्झौता हो । वन फँडानीबाट भएको हरितगृह ग्यास उत्सर्जनमा कटौती गर्नका लागि आधिकारिक सम्मेलनका रूपमा मोन्ट्रियालमा भएको पक्षराष्ट्रहरूको

| रेड एवम् रेडप्लसको अवधारणालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ | | |
|---|---|---|
| क. वनको क्षयीकरणबाट हुने उत्सर्जन कटौती | क.+ ख.<br>रेड हुन् | हरितगृह ग्याँस उत्सर्जनमा कटौती |
| ख. वन फँडानीबाट हुने उत्सर्जन कटौती | | |
| ग. वन-जंगलमा सञ्चित कार्बनको संरक्षण | ग.,घ.+ङ.<br>'प्लस' हुन् | कार्बन सञ्चिती वृद्धि र बढ्दो कार्बन वृद्धिलाई सञ्चितीका लागि वन-जंगलमा वृद्धि |
| घ. वनको दिगो व्यवस्थापन | | |
| ङ. वन-जंगलमा कार्बन भण्डारण वृद्धि | | |

११औं प्रस्ताव आएको थियो। उक्त प्रस्तावलाई पक्षराष्ट्रहरूले समर्थन गऱ्यो र जलवायु परिवर्तनको न्यूनीकरणका लागि रेडको महत्वबारे सहमति बन्यो। बालीमा भएको पक्षराष्ट्रहरूको १३औं सम्मेलनमा वन फँडानी र वन क्षयीकरणबाट हुने उत्सर्जनको कटौती, वन संरक्षण, दिगो व्यवस्थापन र वनमा सञ्चित कार्बन भण्डारण वृद्धि गर्नेसम्बन्धी नीतिगत प्रस्ताव तथा सकारात्मक प्रोत्साहनलाई समेटेर कार्ययोजना बन्यो। उक्त बाली कार्ययोजनाले रेडप्लसलाई कार्बन उत्सर्जन न्यूनीकरण गर्ने विकल्पका रूपमा वनलाई औपचारिक रूपले स्वीकार गऱ्यो।

## ख. रेडप्लसका लागि कानकुन सम्झौताको महत्व के छ ?

तीन वर्षभन्दा लामो वार्तापछि जलवायु परिवर्तनसम्बन्धी खाका महासन्धिका पक्षराष्ट्रले पक्षराष्ट्रको १६औं सम्मेलनमा आएर बल्ल वनको क्षतिलाई रोक्न, वन फँडानी तथा वन क्षयीकरणबाट हुने उत्सर्जनमा कटौती गर्न र विकासशील राष्ट्रहरूका जंगलमा भएको कार्बन भण्डारण वृद्धि गर्नका निम्ति कार्ययोजना अनुमोदन गऱ्यो। यसलाई नै कानकुन सम्झौता भनिन्छ। कानकुन सम्झौताले रेड देशहरू, गैरसरकारी संस्था तथा रेडप्लसको तयारी र कार्यान्वयनमा सघाउने बहुपक्षीय संस्थाहरूसहित सबै पक्षराष्ट्र र अभियन्तालाई महत्वपूर्ण मार्गदर्शनको काम गर्छ। रेडप्लससम्बन्धी युएनएफसीसीसी (UNFCCC) को कानकुन सम्झौता वन-जंगलको संरक्षण र व्यवस्थापनद्वारा विकासशील देशमा जलवायु परिवर्तनलाई न्यूनीकरण गर्नका निम्ति चालिएको सकारात्मक कदम हो। यसका अतिरिक्त, यस सम्झौताले रेडप्लसका विभिन्न चरणका निम्ति आर्थिक सहयोग प्रदान गर्ने सुनिश्चितता प्रदान गरेको छ।

कानकुन सम्झौताले रेडप्लसअन्तर्गत हाल भइरहेका वन-जंगल र कार्बन भण्डारणलाई कायमै राख्ने र सबै विकासशील देशलाई वन-जंगलमा परेको अत्यधिक चाप घटाउनका निमित्त प्रभावकारी उपाय अवलम्बन गर्न प्रोत्साहित गरिने कुरामा जोड दिएको छ। यसले विकासशील देशहरूलाई योजना बनाउने र कार्यान्वयनका लागि रेडप्लस तयारी गर्न (चरण १ र २) तथा परिणाममा आधारित गतिविधिबारे (चरण ३) पनि मार्गनिर्देशन प्रदान गरिएको छ। यसमा रेड गतिविधिमा राष्ट्रिय योजना, उत्सर्जनको राष्ट्रिय सन्दर्भ, स्तर निर्धारण, बलियो र पारदर्शी राष्ट्रिय वन अनुगमन प्रणाली तथा सूचना प्रवाह प्रणालीलाई कसरी आदिवासी जनजातिसम्बन्धी अधिकारको सम्मान तथा सुरक्षा उपायहरू कार्यान्वयन गर्न सकिन्छ भन्ने कुरा पनि समेटिएको छ।

### रेडप्लस सम्बन्धमा कानकुन सम्झौताका प्रमुख विषयहरू

- विश्व हरितगृह ग्याँसको लक्ष्य : पूर्वऔद्योगिक स्तरभन्दा २ डिग्री सेल्सियस तापमान बढी भएको पुष्टि र १.५ डिग्री सेल्सियसमा सीमित बनाउने महत्वाकांक्षी सहमति
- न्यूनीकरणका प्रतिबद्धता : सन् २०५० सम्ममा विश्व उत्सर्जनको ठोस कटौतीका लागि न्यूनीकरण प्रयासलाई बढाउने
- मापन, प्रतिवेदन र पुष्टिकरण (MRV): न्यूनीकरण र जलवायु परिवर्तनको वित्तीय व्यवस्थाको प्रतिवेदन र समीक्षालाई अन्तर्राष्ट्रिय मूल्यांकन र समीक्षा प्रक्रियामार्फत् प्रभावकारी बनाउने र विकासशील मुलुकले अर्धवार्षिक रूपमा प्रगति प्रतिवेदन पेस गर्ने ।
- रेडप्सल : चरणबद्ध रूपमा परिभाषित बृहत् सुरक्षा उपायसहित वन फँडानी र क्षयीकरणबाट हुने उत्सर्जन कटौतीलाई प्रोत्साहनको संयन्त्र बनाउने ।

*Source: www.climatefocus.com, January 2011*

## १.३. रेडका चरण र तत्वहरू

सन् २०१२ पछिको जलवायु परिवर्तनसम्बन्धी व्यवस्थामा रेडप्लस संयन्त्रलाई राष्ट्रिय कार्ययोजनाभित्र समावेश गरिनुपर्छ भनेर विभिन्न प्रकारका छलफल भएका छन् र प्रस्ताव अगाडि सारिएका छन् । तीमध्ये युएनएफसीसीसी (UNFCCC) को सम्झौताले रेडप्लस संयन्त्रको कार्यान्वयनका लागि एउटा चरणबद्ध प्रस्तावको प्रारूप तयार पारेको छ । प्रथम चरण 'तयारी चरण' हो, जुन योजना, तयारी र क्षमता अभिवृद्धिमा केन्द्रित हुन्छ । यसभित्र रेडप्लस लागू भएका देशले राष्ट्रियस्तरमा रेडप्लससम्बन्धी नीति बनाउने र सामाजिक तथा वातावरणीय सुरक्षा उपाय सुनिश्चित गर्नका लागि प्रक्रिया सुरूवात गरे । जसमा सन्दर्भ स्तरको निर्धारण, सुरक्षा उपाय र रेडप्लस कार्यान्वयनको कार्ययोजना पर्छ ।

दोस्रो चरण 'कार्यान्वयन चरण' हो जहाँ रेडप्लस देशले रणनीति कार्यान्वयन र क्षमता अभिवृद्धि गर्ने प्रक्रिया सुरू गर्छन् । यस चरणमा नीति तथा कानुनी सुधार तथा परिणाममुखी कार्यान्वयनमा जोड दिइएको छ ।'

तेस्रो चरण 'अभिलेख चरण' हो । यसले उत्सर्जनको कटौती तथा कार्बन सञ्चितीमा परिणाममुखी भएर अनुगमन, प्रतिवेदन र पुष्टिकरण गर्ने काम गर्छ । रेडप्लसमा देशहरूले अघिल्लो दुई चरणको कार्यान्वयनमा आधारित भएरमात्र तेस्रो चरणमा भुक्तानी पाउँछन् । चरणबद्ध प्रक्रियाले देशहरूलाई आफ्नो क्षमताका आधारमा सहभागिताका लागि अवसर र एउटा चरणबाट अर्को चरणमा प्रवेश गर्न प्रोत्साहित गरिन्छ ।

अहिले सबैजसो रेडप्लसमा सहभागी देश तयारी चरणमै रहेका छन् । केही देशले तयारी प्रबन्ध प्रस्ताव (RPP), तयारी योजना विचार टिप्पणी (RPIN) र तयारी प्याकेज (R-Package) समेत बुझाइसकेका छन् भने केही देश यस प्रकारका दस्तावेज तयार पार्ने प्रक्रियामै रहेका छन् । उदाहरणका लागि नेपाल र इन्डोनेसियाले यसअघि नै तयारी पूर्वयोजना, तयारी योजना विचार टिप्पणी र सामाजिक तथा वातावरणीय रणनीतिक मूल्यांकन (SESA) बुझाइसकेका छन् । थाइल्यान्डले तयारी योजना विचार टिप्पणी मात्र बुझाएको छ । यसैले रेडप्लस देशहरू रेडप्लस कार्यान्वयनको विभिन्न अवस्थामा रहेका छन् । यद्यपि सबै तयारी चरणमै रहेका छन् ।

**क. चरण १ : तयारी चरण**

पहिलो चरणअन्तर्गत देशले बहुसरोकारवालासँगको छलफल र समावेशी परामर्शको माध्यमबाट राष्ट्रिय रणनीति र कार्ययोजना तयार गर्छ । साथै, रेडप्लस कार्यान्वयन र अनुगमन, प्रतिवेदन र पुष्टिकरण (MRV)

### राष्ट्रिय रणनीति वा कार्ययोजना

**तयारी चरण**

राष्ट्रिय रणनीति वा कार्ययोजना
(एफसीपीएफ तयारी कोष, युएन-रेड जीईटी र सरकारी तथा द्विपक्षीय निकाय इत्यादि)

**कार्यान्वयन चरण**

क्षमता अभिवृद्धि, संस्थागत सदृढीकरण, लगानी
(एफआईपी, युएन-रेड, जीईएफ, एमजोन कोष, कंगो बेसिन फन्ड, सरकारहरू, द्विपक्षीय निकाय, निजी क्षेत्र इत्यादि)


**क्षमतामा आधारित भुक्तानी चरण**

उत्सर्जन कटौतीको परिणाममा आधारित कार्य
(एफसीपीएफ कार्बन कोष, सरकारहरू, द्विपक्षीय निकायहरू)

का लागि राष्ट्रिय क्षमता विकास गर्छ । यही क्रममा नीतिगत सुधारसहित रेडप्लसको नमूना गतिविधिको सुरूवात गर्छ । भइरहेका कानुनको आवश्यकताअनुसार संशोधन तथा नयाँ कानुन बनाउन पनि पहल गरिन्छ । यो चरणको अन्त्यमा सबै रेडप्लस देशले "तयारी प्याकेज" (R-Package) निर्माण गर्नेछन् । यो रेडप्लस देशहरूले आफ्नो देशमा रेडप्लस संयन्त्रका लागि आत्मविश्वास बढाउने सबैभन्दा गम्भीर अवस्था हो । विश्व बैंकको वन कार्बन साझेदारी सुविधा (FCPF) का हकमा कार्बन कोषमा उत्सर्जन कटौती कार्यक्रम पेस गर्नुअघि नै देशहरूले रेडप्लसका दस्तावेज र आर-प्याकेजलाई पुनः विश्लेषण गर्नुपर्छ । तिनै दस्तावेजहरू तथा आर-प्याकेजका आधारमा एफसीपीएफ (FCPF) का सहभागीको समिति (एसीपीएफको निर्णायक अंग) ले स्वयम्सेवी रूपले मूल्यांकन गरी कार्बन कोषका लागि अनुमोदनको काम गर्छ । कार्बन कोष रेडप्लसको कार्यान्वयन चरणमा दिइने भुक्तानीको तरिका हो ।

साधारणतया एफसीएफ (FCPF) को आर-प्याकेज र युएन-रेडको राष्ट्रिय कार्ययोजनाले तयारी चरणको अन्त्य भएको र कार्यान्वयन चरणको सुरूवात भएको देखाउँछ । यसले रेड लागू भएका देशमा प्रमुख अन्तर्राष्ट्रिय मूल्यांकनको माध्यमद्वारा रेडको तयारीका निम्ति गरिएका प्रयासबारे मध्य-चरणमा भएको प्रगति विवरणसम्बन्धी विषयवस्तु निर्धारण गर्नेछ । यसबाहेक, यसले एफसीपीएफ (FCPF) कार्बन कोष र अन्य रेडसँग सम्बन्धित वित्तीय प्रायोजकलाई पनि प्रभावित पार्नेछ । यसले सुरक्षा उपायका निम्ति सूचना प्रणलीको निर्माण गर्न कानकुन सम्झौताबारे विभिन्न देशको पहललाई समेत प्रभाव पार्नेछ ।

ध्यानाकर्षण : नागरिक समाजका संगठनहरूले आर-प्याकेज र राष्ट्रिय कार्ययोजनामा सुरक्षा उपाय कार्यान्वयन र त्यसको अनुगमनको संयन्त्रबारे उपयुक्त ढंगबाट परिभाषित नगरिएकोमा चासो व्यक्त गरेका छन् । त्यसैगरी सुरक्षा उपायको अनुगमनमा विशेषज्ञ र राष्ट्रिय तथा स्थानीय नागरिक समाजका संस्थाको भूमिका स्पष्ट छैन । त्यस्तै आर-प्याकेजको मूल्यांकन गर्न प्रस्ताव गरिएका सिद्धान्तमा युएनएफसीसीसी (UNFCCC) सम्बन्धी मार्गनिर्देशनको प्रगति, योग्यता,



प्रासंगिकता एवम् स्थिरताको आवश्यकतामाथि ध्यान केन्द्रित गर्ने सहमति आवश्यक छ ।

## रेडप्लस तयारी चरण खासगरेर निम्न विषयमा केन्द्रित छन्

१. निम्नसवालहरूलाई सम्बोधन गरिएको रणनीति तथा राष्ट्रिय कार्ययोजना :

- भूमिको व्यवस्थापनसम्बन्धी व्यवस्था (यसमा कानुनको समीक्षा र सुधार पर्छन्)
- वन फँडानी र क्षयीकरणको कारण पहिचान
- वन व्यवस्थापनसम्बन्धी सवाल (वनबाट हुने लाभको वितरणसहित)
- लैंगिकता सम्बन्धमा विचार
- आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताको प्रत्याभूति गर्ने सुरक्षा उपायहरू

२. आवश्यकताअनुसार राष्ट्रिय तथा उपराष्ट्रिय तहको उत्सर्जनको स्तर निर्धारण गर्ने

३. मजबुत र पारदर्शी राष्ट्रिय वन अनुगमन प्रणाली स्थापना गर्ने, जसअन्तर्गत आवश्यकताअनुसार राष्ट्रिय र उपराष्ट्रिय तहमा एमआरभी (MRV) प्रणाली लागू गर्ने

४. कसरी सबै रेडप्लस गतिविधिमा सुरक्षा उपायलाई सम्बोधन गरिएको छ भन्ने सूचना प्रवाहको प्रणाली स्थापना गर्ने ।

### ख. चरण २ : कार्यान्वयन चरण

यस चरणमा उत्सर्जन कटौतीका लागि तयारी चरणमा बनाइएका राष्ट्रिय नीति, उपाय, रणनीति तथा कार्ययोजना कार्यान्वयन गरिन्छ (राष्ट्रिय रणनीतिमा उल्लेख गरिएबमोजिम आधार र सूचकसँग प्रमाणीकरण गरिन्छ) । यस चरणमा राष्ट्रिय रणनीति, नीति तथा कार्ययोजना कार्यान्वयनका लागि थप क्षमता अभिवृद्धि र प्रविधि विकास तथा अन्य मुलुकबाट प्रविधि हस्तान्तरणको पनि आवश्यकता पर्न सक्छ । कार्यान्वयन चरणमा प्रविधि हस्तान्तरणसहित रेडप्लसको अभ्यासका

लागि ठोस नमुना परियोजनालाई पनि समावेश गरिएको हुन्छ ।

यसलाई "परिणाममुखी नमुना गतिविधि" पनि भनिन्छ, जसले गर्दा उक्त रेडप्लस परियोजनाको परिणाम मापन गर्न सकियोस् । उक्त परियोजनाले कति कार्बन उत्सर्जन रोक्छ अथवा वन संरक्षणले कति थप कार्बन भण्डारण गर्छ भन्ने कुरा स्पष्ट देखाउँछ ।

त्यसपछि कार्बनको मापन गरिन्छ । कार्बन मापनको प्रतिवेदन र उक्त मापन तथा प्रतिवेदन सही छ भन्ने कुरा देखाउने प्रक्रियासहितको एउटा प्रणाली प्रयोगमा ल्याइन्छ (जसले सबै कुरा सही छ भनेर पुष्टिकरण गर्छ) । यसैलाई अनुगमन, प्रतिवेदन र पुष्टिकरण (MRV) प्रणाली भनिन्छ ।

### ग. चरण ३: अभिलेख चरण

यो अन्तिम चरण हो । यसबेला रेडप्लस परियोजना पूर्ण रूपमा कार्यान्वयनमा हुन्छ । यस चरणमा कार्यान्वयन चरणमा नमुना परियोजना मापन गरिएजस्तै सबै परिमाणको मापन गरिन्छ ।

यो चरणलाई अभिलेख चरण पनि भनिन्छ किनभने यस चरणमा कति कार्बन उत्सर्जन भयो, कति कार्बन उत्सर्जनमा कटौती भयो र कति थप कार्बन भण्डारण भयो भन्ने कुराको अभिलेख राखिन्छ । कार्यान्वयन चरणमा परीक्षण गरिएको एमआरभी (MRV) प्रणालीलाई यस चरणमा पूर्ण रूपले प्रयोगमा ल्याइन्छ । अभिलेखमा रहेको परिणामअनुसार नै रेडप्लस गतिविधिका लागि कति रकम क्षतिपूर्तिस्वरूप भुक्तानी गर्ने भन्ने कुरा निर्भर हुन्छ ।

### घ. विभिन्न चरणमा रेडप्लसका तत्वहरू

यो तालिकाले परिमाण, कार्यक्षमताको सूचक, सहयोग संयन्त्र र अनुगमन, प्रतिवेदन तथा पुष्टिकरण (MRV) का आधारमा फरक चरणहरूमा रेडप्लसका फरक तत्वहरू देखाएको छ ।

| | तयारी चरण | कार्यान्वयन चरण | अभिलेख चरण |
|---|---|---|---|
| परिमाण | उपराष्ट्र तह | उपराष्ट्रिय तह र राष्ट्रिय तह दुवै | राष्ट्रिय तह |
| कार्यक्षमताको सूचक | • रणनीतिको स्वीकृति<br>• ऐन, कानुन तथा नीतिको मूल्यांकन<br>• परामर्श सञ्चालन<br>• संस्थानको स्थान | •नीति तथा उपायको प्रयोग<br>•उत्सर्जनको सामान्यकृत अनुमान र सहमति विपरीतको आधारस्तरको विस्थापन | वन कार्बनको परिवर्तित परिमाण र आधारस्तरसँगको तुलना |
| सहयोग संयन्त्र | राष्ट्रिय रणनीतिको विकास तथा तयारी गतिविधिका लागि प्रारम्भिक सहयोग (जस्तै : विश्व बैंकको वन कार्बन साझेदारी सुविधा, युएन-रेड, द्विपक्षीय पहलहरू) | द्विपक्षीय तथा बहुपक्षीय स्रोत तथा पक्षराष्ट्रको अधिकारप्राप्त कोषहरू | विश्वव्यापी कोषमार्फत इजाजतप्राप्त कार्बन बजारसम्म पुग्ने |
| एमआरभी (MRV) प्रणाली | एमआरभी (MRV) का लागि क्षमता अभिवृद्धि | क्षमता अभिवृद्धि र अनुगमन क्षमताको आधारभूत ज्ञान | उन्नत अनुगमनको क्षमता अभिवृद्धि तथा आधारस्तर निर्धारण |

*Source: Adapted from Meridian Institute (2009), cited in Angelsen et. al., (eds), 2009. Pp 15.*

## सत्र २ः रेडप्लसमा आदिवासी जनजातिको प्रमुख सरोकार तथा असरहरू

समय/अवधि : २ घन्टा

विधि

१. सत्रको सुरूवात आदिवासी जनजातिको अधिकार र रेडप्सलसँग सम्बन्धित भिडियोबाट गर्नुहोस् । जसले सहभागीलाई विचारको मन्थनमा सहयोग पुऱ्याउँछ ।

२. सहभागीलाई तीन समूहमा बाँड्नुहोस् र निम्नविषयहरू छलफलका लागि दिनुहोस् :

क. भूमि, भू-भाग र स्रोतमाथि आदिवासी जनजातिको अधिकार

ख. परम्परागत ज्ञान र प्रथाजनित वनसम्बन्धी अभ्यासहरू

ग. लाभको बाँडफाँड

३. माथिका विषयमा आदिवासी जनजातिका प्रमुख सरोकारका सवालहरू पहिचान गर्ने, छलफल गर्ने र प्रतिवेदन गर्ने काम गर्नुपर्छ ।

४. प्रशिक्षकले थप व्याख्या गर्नुपर्छ ।

### क. परिचय : किन आदिवासी जनजातिका लागि भूमि, भू-भाग र स्रोत (विशेषगरेर वन) महत्वपूर्ण छ ? वनसम्बन्धी कानुन/नीति/कार्यक्रमका सम्बन्धमा आदिवासी जनजातिका अनुभव के-कस्ता छन् ?

भूमि तथा भू-भागसँग आदिवासी जनजातिको विशिष्ट संस्कृति, पहिचान र स्रोतको सामूहिक सम्बन्ध रहेको छ । विश्वका धेरै मुलुकको प्रादुर्भाव हुनुभन्दा अगाडिदेखि नै यिनीहरूको स्रोत, भूमि र भू-भागसँग ऐतिहासिक सम्बन्ध रहँदै आएको छ । त्यसैले यिनीहरूका लागि भूमि, भू-भाग तथा स्रोत उत्पादनका लागि मात्र नभई, इतिहास, संस्कृति, परम्परा तथा पवित्र मान्यता र विश्वासका साथै पहिचानसँग गाँसिएको छ । शताब्दीयौंदेखि आफ्नो विशिष्ट पहिचान भएको आदिवासी जनजातिसँग आफ्नो भविष्य निर्धारण गर्ने र साँस्कृतिक पहिचानलाई निरन्तरता दिने पूर्ण अधिकार रहेको छ । यदि भूमि र भू-भागमा उनीहरूको अधिकारको मान्यताविना नै रेडप्लस कार्यान्वयन गरिएमा यसको प्रत्यक्ष असर जीविकोपार्जन, जीवनपद्धति, पहिचान र संस्कार-संस्कृतिमा पर्छ । यसको सोझो प्रभाव भूमिमाथिको उनीहरूको अधिकार र सम्बन्धमा पनि पर्छ । आदिवासी जनजातिका लागि वन बहुउपयोगी रहेको छ । उनीहरूसँग वन र वनसम्बन्धी स्रोतको सधैं अन्योन्याश्रित सम्बन्ध रहेको छ । यही कारणले गर्दा बाँकी रहेको वनको उल्लेख्य मात्रा विश्वमै आदिवासी जनजातिको भू-भागमा रहेको पाइएको छ । वन उनीहरूका लागि खाना, बासस्थान, जीविकोपार्जन, औषधिमुलो र अन्य सेवाको प्रमुख स्रोत हो । साथै, पर्यावरणीय प्रणालीको निरन्तरताका लागि पनि वनको महत्व रहेको छ । यसका साथै आदिवासी जनजातिका लागि वनको सामाजिक-साँस्कृतिक तथा आध्यात्मिक महत्वसमेत रहेको छ । यसैले रेडप्लस परियोजना, नीति तथा रणनीतिले आदिवासी जनजातिमा निश्चितै रूपले अर्थ राख्छ । त्यसैले गर्दा विश्वभरि नै आदिवासी जनजातिको रेडप्लसप्रति चासो बढ्दो छ । सरकार तथा निजी कम्पनीबाट राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा समेत वनसम्बन्धी कार्यक्रम, नीति तथा संयन्त्र निर्माण गर्दा आदिवासी जनजातिको अधिकार, सरोकार र हितको बेवास्ता गरिएको, पटक-पटक अस्वीकार गरेको वा अपर्याप्त रूपमा मान्यता दिइएको विगतको अनुभवले देखाएको छ । रेडप्लसको कार्यान्वयनले आदिवासी जनजातिमाथि गहिरो प्रभाव पार्छ किनभने उनीहरूको जीविकोपार्जन र अधिकार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वनसँग सम्बन्धित छन् । त्यसैले आदिवासी जनजाति र उनीहरूका संगठनले यस विषयमा बारम्बार चासो व्यक्त गर्दै आइरहेका छन् । धेरै आदिवासी जनजातिले रेडप्लसलाई नकारात्मक रूपमा लिएका छन् किनभने वन क्षेत्रको संरक्षण र दिगो वन व्यवस्थापनका परियोजनाहरूले उनीहरूलाई विस्थापन गर्नुको साथै उनीहरूको आधारभूत मानवअधिकार हनन भएको देखेका र अनुभव गरेका छन् । उदाहरणका लागि थाइल्यान्डको कयङ् क्राचन राष्ट्रिय निकुञ्ज (National Park) मा हालै करेन आदिवासीलाई गरिएको विस्थापन र मानवअधिकारको हननलाई लिन सकिन्छ ।

## नेपालमा भूमि र वन-जंगलसम्बन्धी विद्यमान केही कानुनी व्यवस्था

**भूमिसम्बन्धी कानुनी व्यवस्थाहरू**

'पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा नेपालको भौगोलिक एकीकरणका क्रममै आदिवासी जनजातिलाई परम्परागत थातथलोबाट विस्थापित गराएका थिए । एकीकरणपश्चात् भूमिसम्बन्धी विभिन्न विभेदकारी कानुन कार्यान्वयन गर्न थाल्यो । त्यसले आदिवासी जनजातिको परम्परागत प्रथाजन्य कानुनी व्यवस्था तथा भूमि व्यवस्थापनसम्बन्धी प्रणालीलाई पूर्णतः बेवास्ता गरियो ।'

'केही उदाहरणमा आदिवासी जनजातिलाई विशेष कानुन जस्तै : लालमोहर, सनत र सवलमार्फत किपट भूमि उपलब्ध गराएको थियो । तर, हाल आएर किपटप्रथा पूर्ण रूपमा हटाइसकेको छ । राणा शासनको १०४ वर्षे अवधिमा आदिवासी जनजातिले उनीहरूको भूमिलाई थप गुमाएको पाइन्छ । राणाहरूले विभेदकारी कानुनी व्यवस्था मात्र लागू गरेनन्, आदिवासी जनजातिको भूमिलाई आफ्नो नाममा दर्ता गर्ने कामसमेत गरे । नेपालको आधुनिककालमा आएर निर्दलीय पञ्चायती व्यवस्थाका बेला सरकारले भूमिसुधार ऐन-२०२१ को (दोस्रो संशोधन २०२५) मार्फत आदिवासी जनजातिमा रहेको सामूहिक भू-स्वामित्व 'किपट' प्रथालाई जमिनदारीप्रथाका रूपमा व्याख्या गर्दै उन्मूलन गर्‍यो । त्यस्तै, खर्क जग्गा राष्ट्रियकरण ऐन-२०३१ ले आदिवासी जनजातिले आफ्नो जीविकोपार्जनका लागि प्रयोग गर्दै आएको भूमिलाई राष्ट्रियकरण गर्नुका साथै त्यसमा कर लगाउने काम भयो ।'

## राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षण ऐन-२०२९

संरक्षित वन, कबुलियती वन तथा धार्मिक वनका रूपमा समुदायलाई हस्तान्तरण नगरिएको वनलाई नेपाल सरकारले व्यवस्थापन गर्ने वनका रूपमा लिइन्छ । निजी रूपमा दर्ता गरिएको वनबाहेक नेपालका सबै वन राष्ट्रिय वन हो । वनको ठूलो हिस्सा सरकारले नै व्यवस्थापन गर्दै आएको छ । यस्ता वनहरू संरक्षित क्षेत्र व्यवस्थापन प्रणालीअनुसार कडा र बृहत् रूपमा संरक्षण गरिएका हुन्छन् । संरक्षित क्षेत्रको रणनीतिक स्थानमा सैनिक सुरक्षा पोस्टहरू राखिएका हुन्छन् । साथै, त्यस वनको रेखदेख गर्नका लागि वन कार्यालयका कर्मचारी पनि खटेका हुन्छन् । सुरक्षा पोस्टमा खटिएका सैनिकले सरकारको निर्देशनअनुसार कानुन कार्यान्वयन गराउने गर्छन् ।

परापूर्वकालदेखि वनमाथि निर्भर रही जीविकोपार्जन गर्दै आएका आदिवासी जनजातिको वनमाथिको निर्भरता, अन्तरसम्बन्धलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नीतिले बेवास्ता गरी उनीहरूलाई बहिष्करणमा पारेको छ । यसले गर्दा उनीहरूको अस्तित्व नै संकटमा परेको छ । तापनि सरकारले आदिवासी जनजाति र स्थानीय समुदायलाई निश्चित तोकिएको समयमा, मौसमअनुसार संरक्षण क्षेत्रका अधिकारीको स्वीकृति र नियन्त्रणमा निकुञ्ज तथा संरक्षित क्षेत्रभित्रका प्राकृतिक स्रोतको संकलन गर्न पाउने व्यवस्था गरेको छ । संरक्षित क्षेत्रको वरपर परम्परागत रूपमा बस्दै आएका आदिवासी जनजाति तथा स्थानीय समुदायमा गम्भीर वातावरणीय न्यायसम्बन्धी समस्या देखापरेका छन् ।

निकुञ्जको सीमांकन स्थापना र विस्तार गरिँदा उनीहरूले परापूर्वकालदेखि भोगचलन गर्दै आएका पानी, पँधेरो, खर्क, चरनलगायतका सामूहिक तथा निजी स्वामित्वका जग्गा-जमिनबाट आदिवासी जनजाति समुदायलाई विस्थापन गरिएको छ । उनीहरूको दैनिक जीवनमा आवश्यक पर्ने काठ, दाउरा, निगालो, खर, घाँसपात, माछा मार्ने, सिकार गर्ने, जडीबुटी संकलन तथा पशु चराउने काममा बन्देज लगाइएको छ । यसले गर्दा उनीहरूको प्राकृतिक स्रोतमा पहुँच, उपभोग, नियन्त्रण, व्यवस्थापन गर्ने परम्परागत अधिकारबाट वञ्चित हुनुपरेको छ । परापूर्वकालदेखि स्रोतको दिगो उपयोग गर्दै आएका आदिवासी जनजाति समुदायका अधिकारलाई कुनै उपयुक्त वैकल्पिक व्यवस्थापनको अवसर नै नदिई विस्थापित गरिएकाले उनीहरूको जीविकोपार्जनमै पूर्ण रूपले संकट र असुरक्षाको अवस्था सिर्जना भएको छ ।

*स्रोत : जलवायु परिवर्तन तथा रेडसम्बन्धमा वन, भूमि र आदिवासी जनजातिको अधिकार-२०६७*

## भूमि र वनसम्बन्धी डोल्पोहरूको *घापु* र *ढेबु*प्रथा

डोल्पा जिल्लामा बसोबास गर्ने डोल्पो आदिवासी समुदायमा परापूर्वकालदेखि वन, भूमि र चरन क्षेत्र व्यवस्थापन गर्ने आफ्नै किसिमको परम्परागत कानुनी व्यवस्था रहेको छ ।

डोल्पो समुदायमा वि.सं. २०१७ अघिसम्म परम्परागत रूपमा *चिक्याप, गोवा, घापु र ढेबु*प्रथा अस्तित्वमा रहेका थिए । तर, २०१७ सालको राजनीतिक परिवर्तनसँगै *गोवा* र *चिक्याप*प्रथा हटेको पाइन्छ भने *घापु* र *ढेबु*प्रथा हालसम्म पनि प्रचलनमा छन् । कुनै गाउँमा *घापु*प्रथा र कुनै गाउँमा *ढेबुप्रथा* प्रचलनमा छन् । तर, यी दुवैको अर्थ स्थानीय भाषामा प्रमुख व्यक्ति वा गाँउको बूढो/जेठो भन्ने हुन्छ ।



*ढेबु* र *घापु*को नेतृत्वमा अन्य चारजना *रोल्बु* (सहयोगी) सदस्यसहितको पाँच सदस्यीय *ह्युल्पोन छोक्पा* (समिति) खडा गरिएको हुन्छ । *ढेबु* र *घापु*को छनोट प्रत्येक वर्ष प्रत्येक घरबाट पालैपालो गर्ने चलन छ भने अन्य सदस्यको छनोट सम्पूर्ण गाँउलेको बैठकबाट हुने गर्छ । यस्तो बैठक प्रायः वर्षे बाली लगाउनुभन्दा अगाडि चैतमा बस्ने गर्छ । यिनीहरूको पदावधि एक वर्षको हुने गर्छ । समितिले वन-जंगल, भूमि र खर्क/चरनसँग सम्बन्धित मुद्दाहरूलगायत अन्य भइपरी आउने सबै किसिमका मुद्दाको छिनोफानो गर्ने गर्छन् ।

यिनीहरूको समुदायमा मुख्य गरेर पाँच प्रकारका परम्परागत कानुन रहेको पाइन्छ । वन र भूमि व्यवस्थापन गर्न *रिलुङचासिद* नामक कानुन, सिकार निषेधित क्षेत्र र पशुपक्षी, जनावर हत्या निषेध गर्न *रिग्यालुङग्या* चरन/खर्क व्यवस्थापन गर्न *चाठिम* बालीनाली व्यवस्थापन गर्न *ङहोठिम* र दण्ड, सजाय, जरिवाना कार्यान्वयन गर्न *ढिक्ठिम*जस्ता परम्परागत नियम-कानुन प्रचलित छन् । नियम वा कुनै सामाजिक कानुन बनाउनुपरेमा स्थानीय गाउँले, समाजका प्रमुख व्यक्तिहरूका साथै प्रमुख लामा धर्मगुरूको पनि उपस्थितिमा सम्पन्न बैठकबाट बनाउने गरिन्छ । सबैको सामूहिक सहमतिका आधारमा बनाइएको नियमको कार्यान्वयन *ह्युल्पोन छोक्पा*का सदस्यले गर्छन् । उक्त समितिले नियम कानुन उल्लंघन गर्नेहरूको सूचना संकलन गर्न गोप्य रूपमा दुईजना *सोवा* (गुप्तचर) नियुक्ति गरेको हुन्छ । यिनीहरूमा *यार्सा* (वर्षे चरन)का लागि असार, साउन *घुन्सा* (हिउँदे चरन) का लागि पुस, माघ, फागुन, सोइसा (वसन्त चरन)का लागि चैत, वैशाख, जेठ र तोन्सा (शरद चरन)का लागि असोज, कात्तिक, मंसिर गरी ऋतुअनुसार चरन क्षेत्र तोकिएको हुन्छ । यसरी तोकिएको नियम कसैले उल्लंघन गरेको खण्डमा जरिवाना तिराउने गरिन्छ ।

खेतीबाली लगाएको खेतबारीमा कुनै पशु प्रवेश गरी बालीनाली नष्ट गरेको खण्डमा क्षतिअनुसार जरिवाना गरिन्छ । पशुले खुट्टा मात्रै टेकेको छ भने ठूलो जनावरका लागि एक केजी बराबरको उवा/गहुँ र सानो चौपाया (च्याङ्ग्रा, भेडा)का लागि ठूलोको तुलनामा एक चौथाइ अन्न जरिवानास्वरूप बुझाउनुपर्छ । यसरी बाली नोक्सान गरेबापत गरिने जरिवानालाई यिनीहरूका भाषामा *नेप्री* भनिन्छ । बालीनालीमा फल लागिसकेपछि हानि-नोक्सानी गरेको खण्डमा तिराइने जरिवानालाई *थोक्योन* भनिन्छ । जरिवाना तोक्ने र उठाउने कार्य *ह्युल्पोन छोक्पा*का सदस्यले गर्छन् । त्यस्तै, वन-जंगल फँडानी, जथाभावी काठ कटानी, आगजनी र निषेधित क्षेत्रमा काँचो काठ काटेमा र सिकार गरेमा क्षतिअनुसार जरिवाना गर्छन् । जरिवानाबापत संकलन भएको रकम समाजको कोषमा जम्मा गरिन्छ र आवश्यकताअनुसार सामाजिक र धार्मिक कार्यमा खर्च गर्ने गर्छन् । कोषमा जम्मा भएको रकमबाट गाउँको बाटोघाटो निर्माण, सिँचाइ, कुलो निर्माणका साथै चैत्य, स्तुपा निर्माण र ढुंगामा बुद्ध उपदेश कुँद्न पनि खर्च गर्छन् ।

*स्रोत : वन-जंगल संरक्षण र दिगो व्यवस्थापनमा आदिवासी जनजातिको भूमिका-२०६९*

**थाइल्यान्डको कइङ् क्राचन राष्ट्रिय निकुञ्जका अधिकारीहरूद्वारा बलजफ्ती विस्थापन तथा मानवअधिकारको हनन**

सन् २०११ को मे र जुलाईमा थाइल्यान्डको कयङ् क्राचन राष्ट्रिय निकुञ्जका अधिकारीहरूले करेन आदिवासी समुदायका सदस्यलाई जबर्जस्ती पुनर्बास गराएर मानवअधिकारको हनन गरेका छन् । निकुञ्जका अधिकारी तथा सुरक्षाफौजका सदस्यबाट उनीहरूलाई दुर्व्यवहार गरियो, घरगोठ तथा धनसार जलाइए, उनीहरूको गहना तथा कृषि सामग्री चोरियो ।

ती करेनहरूसँग आफ्नो भूमि र भू-भाग छाड्नुको विकल्प रहेन । केहीले अर्कै गाउँका आफन्तकहाँ शरण लिएका छन् भने केही पर्याप्त खाना र बसोबास उचित प्रबन्धविनै जंगलमै लुकेका छन् । यो प्राकृतिक वनको संरक्षणको नाममा आदिवासीलाई बलजफ्ती विस्थापन गरिएको र मानवअधिकारको हनन गरिएको उदाहरण हो ।

*Source: IIFB letter to Thai Government, (January 15, 2012)*

## ख. आदिवासी जनजातिमाथि रेडप्लसको प्रमुख प्रभाव के-के हुन् ?

*२.१. भूमि, भू-भाग र स्रोतमा आदिवासी जनजातिको अधिकार सम्बन्धमा*

आदिवासी जनजाति पुस्तौंदेखि वन क्षेत्रमा बस्दै र आश्रित हुँदै आएका छन् । उनीहरूले समष्टिगत रूपमा वन र वनसम्बन्धी स्रोतसँग आफ्नो अन्योन्याश्रित सम्बन्धको दिगो रूपले विकास गरेका छन् । उनीहरूका लागि वन, कार्बन र उत्सर्जन कटौतीसँग मात्र सम्बन्धित नभई स्वामित्व, शासन, नियन्त्रण, प्रयोग र पहुँचको पनि विषय रहेको छ । आदिवासी जनजातिको भूमि र भू-भागमाथिको अधिकारसम्बन्धी केही सवाल र सरोकारका विषयहरू यस्ता छन् :

- कार्बन बजारका लागि रेडप्लस र वनको वस्तुकरण तथा कार्बन कोषले आदिवासी जनजातिबीच थप स्वार्थ र प्रतिस्पर्धाको सृजना गर्न सक्छ । यसको परिणामस्वरूप आदिवासी जनजातिको विस्थापनको खतरा बढ्छ । भूमि तथा वन स्रोतसम्बन्धी अधिकारको हनन एवम् द्वन्द्वका घटना बढ्न सक्छन् ।
- निर्णय गर्ने प्रक्रियामा सहभागिता तथा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरीको अधिकार हुँदाहुँदै पनि सरकार, निजी कम्पनी तथा संरक्षणमा काम गर्ने गैरसरकारी संस्थाहरूले आदिवासी जनजातिको वास्तविक सहभागिताविनै वन र भूमिको उपयोग सम्बन्धमा निर्णय गर्दै आएका छन् । यसले आरक्षित वन, संरक्षित क्षेत्र, संरक्षित वन वा दिगो वन व्यवस्थापनका क्षेत्रमा विभाजन र द्वन्द्व बढाएको छ ।
- रेडप्लसबाट हुने आर्थिक फाइदाको लोभमा सरकार, कम्पनी वा गैरसरकारी संस्थाहरूले संरक्षित वन, आरक्षित वन तथा दिगो वन व्यवस्थापनको क्षेत्र निर्धारण गर्ने कार्य बढाउने छ । यसप्रकारको वनको क्षेत्र निर्धारण तथा भूमिको वर्गीकरण कार्यक्रमले विश्वभरि नै आदिवासी जनजातिको भूमि र भू-भागमाथिको प्रथाजनित अधिकारको बेवास्ता गर्छ ।
- धेरै राष्ट्रिय रेडप्लस योजना तथा स्थानीय रेडप्लस नमुना कार्यक्रमले भूमिसम्बन्धी अधिकार र भूमिको स्वामित्व तथा द्वन्द्वका विषय थोरै वा सतहीपाराले मात्र चासो दिएको देखिन्छ । यसको उदाहरण क्यामरून, पानामा, सुरिनेम, पारागुवेमा देखिएको छ । आदिवासी जनजातिसँग भूमिको स्वामित्वसम्बन्धी गतिविधि तथा योजना प्रक्रियामा सही ढंगले परामर्श गरिँदैन । रेडप्लसमा हुने वार्ताले आदिवासी जनजातिलाई स्थानीय तथा अन्तर्राष्ट्रिय तहमा उनीहरूको अधिकार (राष्ट्रिय रेड रणनीतिदेखि संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको मानवअधिकारसम्बन्धी घोषणापत्रअनुसार) सुनिश्चित गराउने अवसर सृजना गर्नुपर्छ । यस्ता वार्ताले आदिवासी जनजातिलाई वन र स्रोतमाथिको पहुँच, अधिकार, स्वामित्व तथा नियन्त्रणका लागि नीति तथा कानुन परिमार्जनका लागि अवसर पनि प्रदान

गर्नुपर्छ । यद्यपि, यो कुरा उनीहरूमा रहेको वार्ता गर्ने क्षमता र सीपमा भर पर्छ । त्यसैले वार्ताका लागि आदिवासी जनजातिको सीप र क्षमता तथा सही प्रतिनिधित्वका लागि सरकारलाई दबाब दिनु यस सन्दर्भमा उनीहरूको सवाल र सरोकारको विषय हो ।

- वन फँडानी कटौती, वनको संरक्षण र दिगो वन व्यवस्थापनका कारण क्षतिपूर्ति वा भुक्तानी गरिने हुँदा वन क्षेत्रमा भूमिको महत्व झनै बढ्ने अनुमान लगाइएको छ । जसको सिधा असर आदिवासी जनजातिको भूमिमाथिको अधिकारमा पर्नेछ ।
- सम्भावित आर्थिक लाभका कारण स्थानीय भूमिपति र जंगलको स्वामित्व रहेका समुदायबीच भूमि र वनको सीमाका कारण द्वन्द्व बढ्न सक्छ ।
- रेडप्लसको वन संरक्षण र व्यवस्थापनका कारण दिइने प्रोत्साहन र क्षतिपूर्तिका कारण बसाइँ-सराइ गरिआएका, बाहिरका र निजी कम्पनीले जबर्जस्ती भूमि कब्जा वा जंगल नियन्त्रण गर्ने कार्यमा बढोत्तरी हुन सक्छ । यसले आदिवासी जनजातिलाई उनीहरूको परम्परागत भूमि र कार्बन संरक्षित क्षेत्रबाट बलजफ्ती विस्थापन गर्ने सम्भावना रहन्छ ।
- वन संरक्षणबापत आर्थिक क्षतिपूर्तिले वन क्षेत्रका भूमिको मूल्य अझै बढ्ने सम्भावना हुन्छ । त्यसैले रेडप्लसअन्तर्गत आदिवासी जनजातिको भूमिमाथिको प्रथाजनित अधिकारको मान्यता सुनिश्चित गरिनुपर्छ ।

**पेरूमा रेडप्लस र आदिवासी जनजातिका अधिकार**

रेडप्लसबाट आदिवासी जनजातिको भूमिको जबर्जस्ती कब्जा, विस्थापन र मानवअधिकार हननको सम्भावना रहेको छ ।

त्यसैले कानकुनमा भएको जलवायु परिवर्तनका पक्षराष्ट्रहरूको १६औं बैठकले जंगलमै बस्ने जनताको अधिकारलाई सम्मान गरेरमात्र रेडप्लस सफल हुन सक्ने कुरामा सहमति जनाएको हो । पेरूका अमेजोनियन आदिवासीले ६ करोड ९० लाख (६९ मलियन) हेक्टर जंगलको एकतिहाइ क्षेत्र पुस्तौंदेखि नियन्त्रण र प्रयोग गर्दै आएका छन् ।

उनीहरू त्यस जंगल र भूमिमाथि आफ्नो स्वामित्वको पूर्ण कानुनी मान्यता चाहन्छन् । तर, पेरूको सरकारले राष्ट्रिय रणनीति बनाउने क्रममा त्यहाँका आदिवासीलाई कमै मात्र महत्व दिएको छ ।

अझै पनि दुई करोड (२० मिलियन) हेक्टर आदिवासीको भूमिलाई मान्यता दिइएको छैन र कानुनी व्यवस्थाले आदिवासीको अधिकारलाई नजरअन्दाज गरिएको छ । त्यसैले पेरूमा हाल रहेको रेडप्लस नीतिले आदिवासी जनजातिलाई फाइदा दिन असक्षम मात्र नभई उनीहरूको भूमि खोस्ने र जीविकोपार्जनमा प्रतिबन्ध लाग्ने आदिवासी जनजातिले दाबी गरेका छन् ।

*Source: R.E. Leyanos and C. Fieator 2011.*
*The Reality of REDD+ in Peru: Theory and Practice.*

*२.२ जीविकोपार्जन, परम्परागत ज्ञान र वनसम्बन्धी प्रथाजनित अभ्यासका सम्बन्धमा*

विकासशील देशका जंगल क्षेत्रमा रेडप्लस कार्यान्वयन भइरहेको छ । धेरैजसो ती वन-जंगल हजारौं वर्षदेखि आदिवासी जनजातिको बासस्थानका रूपमा रहेका छन् । जैविक विविधता र वन-जंगल संरक्षणका लागि उनीहरूसँग आफ्नैखालको स्रोतहरूको व्यवस्थापन विधि छ । उनीहरूले विभिन्न तरिकाबाट वन-जंगल व्यवस्थापन र प्रयोग गर्दै आएका छन् । उनीहरूको जीविकोपार्जन वन-जंगलसन्ग अन्योन्याश्रित ढंगले जोडिएको छ । रेडप्लस परियोजनाले आदिवासी जनजातिको जीविकोपार्जनमा नराम्रो असर पार्न सक्ने सम्भावना छ । यहीं नै विश्वभरिकै आदिवासी जनजाति किन रेडप्लसमा यतिधेरै चासो राखिरहेका छन् भन्ने प्रश्नको उत्तर हो । आदिवासी जनजातिको जीविकोपार्जन परम्परागत ज्ञान र वनसम्बन्धी प्रथाजनित अभ्याससम्बन्धी केही सवालहरू यस्ता छन् :

- रेडप्लसको नमुना तथा कार्यान्वयन क्षेत्रको पहिचानका क्रममा आदिवासी जनजातिको भूमिमाथिको प्रथाजनित अधिकारको मान्यता दिइएन भने उनीहरूले परम्परागत भूमि र भू-भाग गुमाउनेछन् । त्यसले उनीहरूलाई विस्थापन र पुनर्बासतर्फ डोऱ्याउनेछ ।
- धेरै आदिवासी जनजातिको जीविकोपार्जन र प्रथाजनित अभ्यास वन र वन स्रोतमा आधारित रहेको छ । यसमा खोरिया फँडानी पनि पर्छ । रेडप्लस गतिविधिले यस्तो कार्यमा गरिने बन्देजले परम्परागत ज्ञानको प्रयोग, सुदृढीकरण र हस्तान्तरणमा समेत बाधा पुऱ्याउनेछ ।
- खोरिया फँडानी र वन-जंगलबाट खानेकुरा संकलन गर्नु वनमा आश्रित आदिवासी जनजातिका साझा क्रियाकलाप हुन् । उनीहरूको खाद्य सुरक्षाका लागि यी कार्य महत्वपूर्ण रहेका छन् । विश्वका विभिन्न क्षेत्रमा छरिएर बसेका आदिवासी जनजातिका निम्ति यी क्रियाकलाप भूमिको प्रयोग र वन व्यवस्थापनका महत्वपूर्ण पाटा पनि हुन् । यद्यपि, खोरिया फँडानीलाई सरकार तथा अन्य वन फँडानीको प्रमुख कारणका रूपमा लिएको पाइन्छ जुन न्यायसंगत छैन । रेडप्लसले खोरिया फँडानीलाई थप बन्देज लगाउन सक्छ ।
- रेडप्लसले विभिन्न स्थानमा गरिने इन्धनका लागि दाउरा संकलन, डडेलो/वन जलाउने र खोरिया फँडानी, घर निर्माण र अन्य कार्यका लागि रूख काट्ने तथा गैरकाष्ठ वन पैदावार अथवा जडीबुटी संकलनजस्ता क्रियाकलापलाई वन क्षयीकरणअन्तर्गत राख्न सक्छ । यसको मतलब आदिवासी जनजातिले आफ्नै भूमिमा स्वतन्त्र रूपले स्रोत र जैविक विविधताको (भोजन र औषधिका लागि) उपभोग गर्न पाउने सुविधामा थप रोक लगाउनु हो । यसको परिणाम, उनीहरूले परापूर्वकालदेखिनै पानी, वन र जैविक स्रोतजस्ता सित्तैमा उपभोग गर्दै आइरहेका सेवाहरूका लागि पनि रेडप्लस प्रयोजनको हिस्सा बनिसकेपछि मूल्य तिर्नुपर्ने हुन सक्छ ।
- परम्परागत शैलीबाट वनको प्रयोग र त्यसको व्यवस्थापन गर्ने क्रियाकलापद्धारा आदिवासी जनजातिले पुऱ्याएको योगदानलाई नबुझीकन अथवा नचिनीकनै वातावरणको सुरक्षा र संरक्षण मात्रमा केन्द्रित हुँदा आदिवासी जनजातिलाई यसले थप सीमान्तीकरणमा लैजाने र उनीहरूको परम्परागत जीविकोपार्जनलाई नजरअन्दाज गरिने सम्भावना रहन्छ ।
- अर्कोतर्फ रेडप्लसले वन व्यवस्थापनमा आदिवासी जनजातिको परम्परागत ज्ञान प्रणालीको योगदानलाई मान्यता दिन र वनको दीर्घकालीन संरक्षण र व्यवस्थापनका लागि आदिवासी जनजातिको क्षमता सुदृढीकरण पनि गर्न सक्छ ।

*२.३. लाभको बाँडफाँड सम्बन्धमा*

- रेडप्लसको संरचनाका आधारमा, आदिवासी जनजातिले आफ्नो वन-जंगलमा वन फँडानी र वन क्षयीकरणबाट हुने उत्सर्जन कटौती, वन संरक्षण, वनको दिगो व्यवस्थापन र उनीहरूको वनमा कार्बन भण्डारण बढाएर आर्थिक लाभ र प्राविधिक स्रोत प्राप्त गर्नेछन् । यद्यपि, लाभको न्यायोचित वितरणको संयन्त्र बनाउनचाहिँ बाँकी छ ।
- आदिवासी जनजातिको प्रभावकारी सहभागिताविनै लाभको वितरण संयन्त्र बन्यो भने आदिवासी जनजाति र स्थानीय समुदायका लागि रेडप्लसको भुक्तानी न्यायोचित नहुन सक्छ ।
- रेडप्लस कोषलाई गैरसरकारी संस्था तथा सरकारी निकायले कब्जा गर्नेछ र आदिवासी जनजातिलाई भविष्यमा फाइदाको अश्वासन मात्र दिइनेछ भन्ने कुरा लामो समयदेखि उठ्दै आएको छ ।
  लाभको बाँडफाँड संयन्त्र अझै पनि अपूर्ण छ र सरकारी तथा गैरसरकारी संस्थाका व्यक्तिहरू सधैं रेडप्लसको सम्भावित आर्थिक लाभमा मात्रै जोड दिइरहेका छन् ।
- धेरैजसो सरकार रेडप्लसलाई पैसा आउने माध्यमका रूपमा मात्र हेर्छन् । यस्तो अवस्थामा पेरू, गुयाना



र सुरिनेममा जस्तै समुदायको सहभागिताविनै वा नाममात्रको सहभागिता गराएर केन्द्रीय सरकारले लाभको बाँडफाँड गर्नेछन् ।

- घरधुरी र समुदायबीच लाभको बाँडफाँडलाई सही ढंगको मापदण्ड अपनाउन सकिएन भने रेडप्लसको क्षतिपूर्ति र लाभको वितरणलाई लिएर समुदायबीच र समुदायभित्रै पनि चर्को द्वन्द्व हुने सम्भावना रहन्छ ।
- आदिवासी जनजातिभित्रकै कुलीन वर्गले पनि लाभमाथि नियन्त्रण गर्न वा त्यसलाई कब्जा गर्ने सम्भावना रहन्छ । यदि उपयुक्त नियम र सुरक्षा उपायलाई पूर्णतया पालना गरिएन भने विभिन्न स्थानमा उत्सर्जन घटाएर र वन संरक्षणमा आदिवासी जनजातिबाट पुऱ्याइएको योगदानका कारण रेडप्लसले दिने फाइदा सबैसमक्ष नपुग्न सक्छ ।
- थुप्रै देशमा भ्रष्टाचार फैलिएको छ । यदि विभिन्न तहमा जवाफदेहिता र पारदर्शिताका लागि ठोस उपाय अपनाइएन भने रेडप्लसको वित्तीय व्यवस्था जोखिममा पर्नेछ ।

## सत्र ३ : रेडप्लस सम्झौतामा सुरक्षा उपायहरू

समय अवधि : २ घन्टा

### विधि

१. सत्रको सुरूवात सुरक्षा उपायबारे सहभागीले के बुझ्छन् भन्नेबाट सुरू गरी उदाहरण दिनुहोस् ।
२. 'हानि नपुऱ्याऊ' भन्ने सन्दर्भलाई लिएर सुरक्षा उपायबारे केही चर्चा गर्नुहोस् ।
३. कानकुन सम्झौता र आदिवासी जनजातिको संलग्नतासम्बन्धी प्रस्तुति गर्नुहोस् ।
४. कानकुन सम्झौतामा भएका सुरक्षा उपायसम्बन्धी मुख्य तत्वहरू बताउनुहोस् ।
५. सहभागीसँग ती तत्वहरूलाई कसरी व्याख्या गर्ने भनेर प्रश्न सोध्नुहोस् ।
६. युएन-रेड (UNREDD) र एफसीपीएफ (FCPF) को पृष्ठभूमि र तिनको सुरक्षा उपायबारे छोटकरीमा भन्नुहोस् । जस्तै : एसईपीसी (SEPC) र सेसा (SESA) लाई सामान्यीकरण गरेर ।
७. सहभागीलाई स-साना समूहमा बाँड्नुहोस् र उनीहरूलाई आफ्नो स्थानीय सन्दर्भमा सुरक्षा उपायको कार्यान्वयनका चुनौतीलाई छलफल गराउनुहोस् ।
८. हरेक समूहले छलफलका निष्कर्ष प्रस्तुति गर्न लगाउनुहोस् ।
९. स्रोत व्यक्तिले सबै सहभागीलाई छलफलमा भाग लिन र प्रश्न गर्न उत्प्रेरित गर्नुपर्ने हुन्छ ।
१०. अन्त्यमा पूरै सत्रको निष्कर्ष निकाल्नुहोस्, यसमा सहभागीको प्रस्तुतिलाई समेत समेट्नुहोस् ।

**ध्यानाकर्षण** : रेड/रेडप्लसको कार्यान्वयनमा कसरी सुरक्षा उपायहरू सम्बोधन तथा सम्मान गरिने छ भन्ने सम्बन्धमा सूचना उपलब्ध गराउनका लागि रेडप्लस देशहरूले एउटा प्रणाली स्थापना गर्नुपर्ने कानकुनको रेडप्लस सम्झौतामा स्पष्ट रूपमा उल्लेख गरिएको छ । युएनएफसीसी (UNFCC) अन्तर्गतको वैज्ञानिक र प्राविधिक सल्लाहसम्बन्धी पूरक अंग (SBSTA) लाई दोहामा हुन लागेको पक्षराष्ट्रहरूको १८औं बैठकमा प्रस्तुत गर्नका लागि सुरक्षा उपायको सूचना प्रणाली (SIS) सम्बन्धी मार्गनिर्देशिका सहमतिका लागि प्रस्तुत गर्न भनिएको थियो ।

### ३.१. कानकुन सम्झौतामा सुरक्षा उपायहरू

**क. के हो सुरक्षा उपायहरू (Safe guards) भनेको ?**

'सुरक्षा उपायहरू'को शाब्दिक अर्थ कुनै पनि खतराबाट सुरक्षा प्रदान गर्ने भन्ने बुझिन्छ । सुरक्षा उपाय 'हानि नगर भन्ने' दृष्टिकोणसँग सम्बन्धित छन् । रेडप्लसमा सामाजिक र वातावरणीय खतरा वा क्षतिबाट जोगाउनका लागि सुरक्षा उपाय महत्वपूर्ण रहेको छ । कुनै कार्यक्रम र गतिविधिबाट निस्कने अनपेक्षित प्रतिफलबाट जोगाउनका निम्ति विभिन्न उपाय, प्रक्रिया र नीतिलाई व्यापक रूपमा सुरक्षा उपायका रूपमा प्रयोग गरिन्छ । हरेक वातावरणीय, सामाजिक, मानवतावादी र आर्थिक गतिविधिमा सामाजिक तथा वातावरणीय सुरक्षाको आवश्यकता रहन्छ । यही नै प्रभावकारी जोखिम व्यवस्थापन गर्ने नीति वा उपायहरू हुन् ।

### ख. सुरक्षा उपायका उद्धेश्यहरू के-के हुन् ?

- रेडप्लसका कार्य सामाजिक तथा वातावरणीय रूपमा नकारात्मक असरका कारण बन्न नदिने सुनिश्चित गर्न ।
- दुवै प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आदिवासी जनजाति र पारिस्थितिकीय प्रणालीमा पर्ने असरको सम्बोधन गर्न नीति तथा उपाय उपलब्ध गराउन ।

## ग. सुरक्षा उपायहरूमा के सूचना प्रवाह गरिनुपर्छ ?

- आदिवासी जनजाति, समाजिक-साँस्कृतिक स्रोत, प्राकृतिक बासस्थानलाई अनुपालन गर्ने गतिविधिका उपाय तथा आँकलनविरूद्धका कार्यक्षमताका सूचक र मापदण्डहरू ।
- सामाजिक र वातावरणीय मूल्यांकन प्रक्रिया र संयन्त्र, जस्तै : सामुदायिक परामर्श र समीक्षा समितिहरू ।
- संस्थागत रूपमा अनुपालन र जावफदेहिता सुनिश्चित गर्ने पहल, जस्तै : तालिम, अनुगमन र रिपोर्टिङ आदि ।

विश्व बैंक (World Bank) र एसियन विकास बैंक (ADB) जस्ता संस्थाले लगानी गरेको परियोजनाहरूले नकारात्मक असर गरेको भन्दै सामाजिक अभियान तथा नागरिक संस्थाहरूले दबाब दिएपछि उनीहरूले आफ्नो सामाजिक र वातावरणीय सुरक्षा उपाय स्वीकार गरेका छन् । यस्ता परियोजनामा ठूला ड्याम, भौतिक निर्माण परियोजना, व्यापारिक खेती र वृक्ष रोपण पर्छन् । यसले आदिवासी जनजाति तथा स्थानीय समुदायलाई बलपूर्वक विस्थापन गर्ने, पानी र हावामा प्रदूषण तथा वातावरणीय प्रकोपलगायतका अन्य असर पर्छ । उनीहरू सुरक्षा उपायमा आदिवासी जनजातिलाई नकारात्मक असर पर्न नदिनेलगायतका आदिवासी जनजातिसम्बन्धी नीतिसमेत समावेश छन् ।

रेडप्लसले आदिवासी जनजातिको सामूहिक अधिकारमा गम्भीर असर र चुनौती खडा गर्न सक्ने हुनाले आदिवासी जनजाति समुदाय, अगुवा र संस्थाहरूले रेडप्लसमा आफ्ना सरोकारका सम्बन्धमा सक्रिय रूपमा जनचेतना जगाउने काम गरिरहेका छन् । जलवायु परिवर्तन र रेडप्लसका अन्तर्राष्ट्रिय वार्ता, नागरिक संस्था र पैरवी गर्ने संस्थाहरूमा पनि उनीहरूले आफ्ना कुरा राख्ने गरिरहेका छन् । उनीहरूकै निरन्तरको संलग्नताकै कारण आदिवासी जनजातिको केही माग सन् २०१० को डिसेम्बरमा भएको कानकुन सम्झौता (CoP 16) मा सामाजिक र वातावरणीय सुरक्षा उपायअन्तर्गत सम्बोधन भएका छन् । यद्यपि, यी सुरक्षा उपाय आदिवासी जनजातिको मागका सन्दर्भमा कमजोर छन् । धेरै सरकारको कडा विरोधको बाबजुद पनि यो प्रमुख उपलब्धिचाहिँ हो ।

> **ध्यानाकर्षण** : यसको अर्थ रेडप्लसले प्राकृतिक वन र जैविक विविधताको विनाश गर्ने छैन । रेडप्लसमा प्राकृतिक वन फँडानी गरेर गरिने वृक्ष रोपण गर्न पाइने छैन । यसले प्राकृतिक वन संरक्षण र पारिस्थितिकीय सेवाका लागि प्रोत्साहन दिनेछ तथा वातावरण र स्थानीय जनतालाई लाभको सुनिश्चितता गरिनेछ ।

## घ. कानकुन सम्झौताका रेडप्लसका सुरक्षा उपायहरू के-के हुन् ?

१. प्राकृतिक वन र जैविक विविधताको संरक्षण (आदिवासी जनजाति र स्थानीय समुदायको दीर्घकालीन जीविकोपार्जनलाई ध्यान दिँदै)

२. आदिवासी जनजाति र स्थानीय समुदायका सदस्यहरूको अधिकार र ज्ञानको सम्मान (सम्बन्धित अन्तर्राष्ट्रिय दायित्व, राष्ट्रिय परिस्थिति र कानुनलाई ध्यान दिँदै)

> **ध्यानाकर्षण** : यस सुरक्षा उपायले आदिवासी जनजातिको अधिकारलाई सम्मान प्रदान गर्छ । यसमा भूमि, क्षेत्र र स्रोतमा अधिकार र जीविकोपार्जन तथा स्रोतको व्यवस्थापन प्रणालीलगायतका अन्य सामूहिक अधिकार युएनड्रीप (UNDRIP) मा व्यवस्था भएअनुसार हुन्छ । रेडप्लस कानकुन सम्झौता र सम्बन्धित अन्तर्राष्ट्रिय दायित्वहरू राज्यमा हुँदाहुँदै पनि धेरै देशले विशेष गरेर आदिवासी जनजातिको उनीहरूको वन र कार्बन अधिकारसहितको सम्मानलाई मान्यता दिएको छैन । त्यसैले आदिवासी जनजातिले आफ्ना अधिकार अन्तर्राष्ट्रिय दायित्वका रूपमा मान्यता दिलाउनका लागि राज्यहरूलाई निरन्तर रूपमा दबाब दिँदै आउनुपर्छ ।

**ध्यानाकर्षण** : यसको अर्थ रेडप्लसका सबै तह र चरणका साथसाथै रेडप्लससँग सम्बन्धित अन्य गतिविधि जहाँ आदिवासी जनजातिको सरोकार रहन्छ ती स्थानमा पूर्ण र प्रभावकारी सहभागिता हो । रेडप्लसमा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताभित्र स्थानीय, उपराष्ट्रिय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सबै तहका अंग, संयन्त्र र प्रक्रियामा उनीहरूको प्रतिनिधित्व पर्छ । यसमा सबै तहमा प्रभावकारी र समावेशी परामर्शका साथसाथै विशेष गरेर स्थानीय र उपराष्ट्रिय तहमा आदिवासी जनजातिसँग स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC) पर्छ । पूर्ण र प्रभावकारी सहभागिता र एफ्पीक (FPIC) बारे थप विस्तारमा हामी अर्को सत्रमा चर्चा गर्नेछौं ।

३. आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता
४. पारदर्शी र प्रभावकारी राष्ट्रिय वन सुशासन संरचना

**ध्यानाकर्षण**: रेडप्लसको प्रभावकारिताको सूचकको एउटा महत्वपूर्ण तत्व भनेको पारदर्शी र प्रभावकारी राष्ट्रिय वन सुशासन संरचना स्थापना हो । यसको अर्थ सबै तहमा जवाफदेहितासहितको रेडप्लसको कार्यान्वयन, अनुगमन र प्रतिवेदन गर्ने स्पष्ट अंग र संयन्त्र स्थापना हो । पारदर्शिताको स्वतन्त्र अनुगमन र परीक्षणका लागि भ्रष्टाचारविरूद्धको उपाय र नीतिहरू आवश्यक पर्छ ।

## ३.२.एफसीपीएफ (FCPF) र युएन-रेड (UN-REDD)मा वातावरणीय तथा सामाजिक सुरक्षा उपायहरू

वन कार्बन साझेदारी सुविधा (FCPF) विश्व बैंकको वन फँडानी र क्षयीकरणबाट हुने कार्बनको कटौती, भण्डारण संरक्षण, वनको दिगो व्यवस्थापन र वनमा कार्बन भण्डारण वृद्धि (रेडप्लस)को उद्देश्य राखेको अन्तर्राष्ट्रिय साझेदारी योजना हो । FCPF सन् २००८ देखि सुरू भएको हो । विभिन्न देशले पेस गरेको प्रतिवेदनको समीक्षा, अनुदान बाँडफाँड तथा बजेट अनुमोदनका लागि एफसीपीएफ (FCPF) को सहभागीको समिति (PC) (पीसी) जिम्मेवार रहेको छ । यसको पर्यवेक्षकका रूपमा आदिवासी जनजाति, नागरिक समाज र अन्तर्राष्ट्रिय संस्था, युएन-रेड कार्यक्रम, जलवायु परिवर्तनसम्बन्धी खाका महासन्धि (UNFCCC) को सचिवालय र निजी क्षेत्र रहेका छन् । एसिया-प्यासिफिक, अफ्रिका र ल्याटिन अमेरिका गरी दुईजना आदिवासी जनजाति प्रतिनिधि पर्यवेक्षकका रूपमा रहन्छन् । ती प्रतिनिधिमा मतदान गर्ने अधिकार नभए पनि छलफलका क्रममा आफ्ना विचार राख्ने अधिकार रहेको छ ।

विश्व बैंकको जस्तै संयुक्त राष्ट्रसंघका तीन ठूला निकाय, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (UNEP) र खाद्य तथा कृषि संस्था (FAO) को साझेदारी कार्यक्रमका रूपमा युएन-रेड रहेको छ । युएन-रेडको उद्देश्य विकासशील देशहरू र अन्तर्राष्ट्रिय समुदायलाई रेडप्लसका भुक्तानीका विभिन्न तरिका र जोखिमको सम्बोधन कसरी गर्ने भन्ने सम्बन्धमा सहयोग गर्नु हो ।

युएन-रेडको नीति समितिमा आदिवासी जनजातिको सवालमा संयुक्त राष्ट्रसंघीय स्थायी मञ्च (UNPFII) का अध्यक्ष वा उनले तोकेको प्रतिनिधिले प्रतिनिधित्व गर्छन् ।

साथै एसिया, प्यासिफिक र अफ्रिका तथा ल्याटिन अमेरिकाबाट पनि एक/एक जना आदिवासी जनजाति प्रतिनिधि पर्यवेक्षकका रूपमा रहेका छन् । क्यारेबियन क्षेत्रले पनि नीति समितिमा प्रतिनिधित्वको माग गरिरहेको छ । विश्व बैंक र राष्ट्रसंघीय निकायहरूले विकासशील देशहरूमा वन फँडानी र क्षयीकरणबाट हुने उर्त्सजन कटौती प्रयासमा राष्ट्रियस्तरको क्षमता अभिवृद्धिको रेडप्लस गतिविधिमा सहयोग गरिरहेको छ । साथै केही देशका नमुना क्षेत्रहरूमा कार्यक्षमतामा आधारित प्रोत्साहन भुक्तानी प्रणालीको पनि परीक्षण कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

दुवै एफसीपीएफ (FCPF) र युएन-रेड कार्यक्रम (UN-REDD Programme) सँग आ-आफ्नै सामाजिक र वातावरणीय सुरक्षा उपाय रहेका छन् । त्यसले आदिवासी जनजाति र सम्बन्धित सरोकारवालाको

## आदिवासी जनजातिको भूमि, भू-भाग र स्रोतको अधिकारसम्बन्धी युएनड्रिप (UNDRIP) का व्यवस्थाहरू

युएनड्रीप (UNDRIP)ले आदिवासी जनजातिको भूमि, भू-भाग र स्रोतको महत्वलाई मान्यता दिएको छ । र, धेरै धाराले ती विषयमा आदिवासी जनजातिको अधिकारको व्यवस्था गरेको छ । खासगरेर धारा २५ र २६ ले यस विषयमा बोलेको छ साथै ८ र १० ले पनि स्पष्ट रूपमा ती अधिकारको हरण हुन सक्ने अवस्थाबाट संरक्षण गरेको छ ।

- धारा २५ आदिवासी जनजातिसँग परम्परादेखि नै उनीहरूले आफ्नो स्वामित्वमा राखेका वा अन्य किसिमबाट कब्जा गरी प्रयोग गर्दै आएको भूमि, भू-भाग, पानी र तटवर्तीय समुद्र तथा अन्य संशाधनसँगको उनीहरूको पृथक आध्यात्मिक सम्बन्धलाई कायम राख्ने तथा सुदृढ पार्ने तथा यस सम्बन्धमा भावी पुस्ताप्रतिको आफ्नो उत्तरदायित्व वहन गर्ने अधिकार छ ।
- धारा २६ (उपधारा १) आदिवासी जनजातिसँग उनीहरूको परम्परादेखि नै आफ्नो स्वामित्वमा राखेको, कब्जा गरेको वा अन्य किसिमबाट प्रयोग गर्दै आएको वा हासिल गरेको भूमि, भू-भाग तथा संशाधनमाथिको अधिकार छ ।
- धारा २६ (उपधारा २) आदिवासी जनजातिसँग परम्परागत स्वामित्व वा अन्य परम्परागत कब्जा वा प्रयोगका कारण उनीहरूसँग रहेको तथा उनीहरूले अन्य किसिमबाट हासिल गरेको भूमि, भू-भाग तथा संशाधनको स्वामित्व पाउने, तिनले प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार छ ।
- धारा २६ (उपधारा ३) राज्यहरूले यी भूमि, भू-भाग तथा संशाधनलाई कानुनी मान्यता तथा संरक्षण दिनेछन् । त्यस्तो मान्यता आदिवासी जनजातिको प्रचलन, परम्परा तथा भूमि स्वामित्व प्रथालाई ध्यानमा राख्दै प्रदान गरिनेछ ।
- धारा ८ (१) आदिवासी जनजाति तथा व्यक्तिसँग बलपूर्वक विलयन नहुने वा उनीहरूको संस्कृति विनाश नहुने अधिकार छ ।
- धारा ८ (२) राज्यले देहायका कुरा हुन नदिन तथा क्षतिपूर्तिका लागि प्रभावकारी संयन्त्र उपलब्ध गराउनेछन् :
  - क. पृथक मानिसका रूपमा उनीहरूलाई आफ्नो अखण्डता वा आफ्नो साँस्कृतिक मूल्य वा जातीय पहिचानबाट वञ्चित पार्ने उद्देश्य भएको वा त्यसमा प्रभाव पार्ने कुनै पनि कार्य,
  - ख. आफ्नो भूमि, भू-भाग वा संशाधनमाथि उनीहरूको स्वामित्व हरण गर्ने उद्देश्य भएको वा त्यसमा प्रभाव पार्ने कुनै पनि कार्य,
  - ग. उनीहरूको अधिकारमध्ये कुनै पनि अधिकार उल्लंघन गर्ने वा अवमूल्यन गर्ने उद्देश्य भएको वा त्यसमा प्रभाव पार्ने कुनै पनि स्वरूपको बलपूर्वक गरिने सामूहिक बसाइँ-सराइ,
  - घ. कुनै पनि स्वरूपको बलपूर्वक विलयन वा एकीकरणको कार्य,
  - ङ. उनीहरूविरूद्ध लक्षित जातिगत वा जातीय भेदभाव प्रबर्द्धन गर्न वा भड्काउन तयार गरिएको कुनै पनि स्वरूपको प्रचारबाजी ।
- धारा १० आदिवासी जनजातिलाई उनीहरूको बासस्थान तथा भू-भागबाट बलपूर्वक स्थानान्तरण गरिने छैन । उनीहरूको स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरीविना स्थानान्तरण गरिने छैन ।

अर्थपूर्ण सहभागितामा परामर्श गरी सम्भावित सामाजिक र वातावरणीय हानि पहिचान र न्यूनीकरण गर्ने उद्देश्य राखेको छ । एफसीपीएफ र युएन–रेड कार्यक्रमका क्रमशः रणनीतिक वातावरणीय र सामाजिक मूल्यांकन (SESA) र सामाजिक र वातावरणीय सिद्धान्त र मापदण्ड (SEPC) सुरक्षा उपायहरू हुन् ।

**ध्यानाकर्षण** : आदिवासी जनजातिले रेडप्लसलाई अधिकार, जीविकोपार्जन र जैविक विविधताका सन्दर्भमा सम्भावित जोखिमका रूपमा लिँदै आएका छन् ।

## ३.३. एफसीपीएफ : रणनीतिक वातावरणीय र सामाजिक मूल्यांकन (SESA)

रणनीतिक वातावरणीय तथा सामाजिक मूल्यांकन (SESA) ले रेडप्लस तयारीमा वातावरणीय र सामाजिक पक्षमा ध्यान दिने उद्देश्य राखेको छ । यसले सरकारलाई प्रमुख सरोकारवालाको समेत राय सुझाव लिएर आर–पीपी (RPP) र आर–प्याकेज (R- Package) बनाउन र मुख्य वातावरणीय र सामाजिक सवाललाई पहिचान गर्न सघाउ पुऱ्याउँछ ।

सेसा (SESA)लाई आरपीपी (RPP)मा समायोजन गरिएको छ र यसका सारांश निम्नअनुसार छन् :

क. भइरहेको वा नयाँ मूल्यांकन कार्यबाट विश्व बैंकको सुरक्षा नीतिहरूसँग सम्बन्धित रहेकासहित वन फँडानी तथा क्षयीकरणका कारण र प्रमुख सामाजिक तथा वातावरणीय सवालको पहिचान र प्राथमिकीकरण गर्ने । यस्ता निदानात्मक कार्यले भूमिको स्वामित्व व्यवस्था, लाभको बाँडफाँड, स्रोतको पहुँच, रेडप्लस रणनीतिका विकल्पका सामाजिक तथा वातारणीय असरलगायतका विषयलाई समेट्ने,

ख. रेडप्लस तयारीको कानुनी, नीतिगत र संस्थागत पक्षको मूल्यांकन कार्य,

ग. पहिचान गरिएका वातावरणीय र सामाजिक सवालको सम्बोधनका लागि त्यहाँ रहेका क्षमता र फरकको मूल्यांकन,

घ. मस्यौदा रेडप्लस रणनीति विकल्पहरूले माथिका सवाल ध्यान दिने,

**रेडप्लस सम्झौतामा आदिवासी जनजातिसँग सम्बन्धित सामाजिक सुरक्षा उपायलाई निम्नलिखित खण्डमा प्रस्टसाथ उल्लेख गरिएको छ :**

१. अनुच्छेद ७२ मा "आदिवासी जनजाति र स्थानीय समुदायसहित सम्बन्धित सरोकारवालाको पूर्ण एवम् प्रभावकारी सहभागिता"को उल्लेख गरेको छ ।

२. अनुसूची १ को अनुच्छेद (२. ग) अनुसूची १ मा "सम्बन्धित अन्तर्राष्ट्रिय दायित्व, राष्ट्रिय परिस्थिति र कानुनलाई दृष्टिगत राख्दै आदिवासी जनजाति तथा स्थानीय समुदायका सदस्यको परम्परागत ज्ञान र अधिकारको सम्मान" गर्ने सुरक्षा उपायहरू उल्लेख गरिएको छ ।

अनुसूची १ मा अनुच्छेद (२. ङ) को पादटिप्पणीले रेडप्लसबाट चालिएका कुनै पनि कदमले प्राकृतिक वन-जंगल र जैविक विविधतामा क्षति पुऱ्याउने छैन, बरू प्राकृतिक वन-जंगल र पारिस्थितिकीय सेवा संरक्षणका लागि प्रोत्साहन प्रदान गर्नेछ भन्ने कुराको सुनिश्चितता प्रदान गर्ने उल्लेख गर्दै त्यसबाट वातावरण र स्थानीय बासिन्दाका लाभकारी हुने कुराको निश्चिन्तता गरिएको छ । यस अनुच्छेदको पादटिप्पणीले आदिवासी जनजाति तथा स्थानीय समुदायको दिगो जीविकोपार्जनका आवश्यकतालाई ध्यान दिन भनिएको छ ।

अनुच्छेद ७१ (ख) रेडप्लस कार्यमा सुरक्षा उपायका सूचना प्रवाह गर्न प्रणाली विकास गर्नका लागि विकासशील देशहरूलाई अनुरोध गरिएको छ । यसको मनसाय परिभाषित संरचनाका आधारमा प्रणाली बनोस्, त्यसले नियमित रूपमा सूचना प्रवाह गर्नेछ भन्ने हो । गतिविधि कार्यान्वयनका क्रममा प्रवाह गरिएको सूचनामा सुरक्षा उपायहरू सम्बोधन गरिएको प्रतीत होस् भन्ने चाहन्छ ।



ङ. रेडप्लस रणनीतिक विकल्पहरूले उत्पन्न गराउने जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि खाका विकास गर्ने, जस्तै : यसमा वातावरणीय र सामाजिक व्यवस्थापन खाका (ESMF) समावेश गर्न सकिन्छ,

च. माथि उल्लेख गरिएका हरेक चरणमा सम्बन्धित सरोकारवालासहितको सूचना प्रवाह र परामर्शका लागि संयन्त्र स्थापना गरिनुपर्छ । सेसा (SESA)का लागि गरिने परामर्श रेडप्लस तयारी प्रक्रियाको परामर्शसँगै समायोजन गरिएको हुनेछ र त्यसैले रेड देशहरूको परामर्श योजनामा सामाजिक तथा वातावरणीय विषयलाई पनि समावेश गर्नुपर्छ ।

## ३.४. युए-रेड : सामाजिक तथा वातावरणीय सिद्धान्त र मापदण्डहरू (SEPC)

रेडप्लसका जोखिम न्यूनीकरण र बहुआयामिक लाभका लागि युएन-रेड कार्यक्रमले सामाजिक तथा वातावरणीय सिद्धान्त र मापदण्ड (SEPC) को विकास गरेको हो ।

ती सिद्धान्त र मापदण्डहरूका उद्देश्य निम्नअनुसार छन् :

१. युए-रेड राष्ट्रिय कार्यक्रमहरू र अन्य युएन-रेड कार्यक्रमको सहयोगमा हुने गतिविधिको सामाजिक र वातावरणीय सवाल सम्बोधन गर्ने,

२. युएनएफसीसीसी (UNFCCC) अनुसार रेडप्लस सुरक्षा उपायका राष्ट्रिय दृष्टिकोण विकास गरिरहेका देशलाई सहयोग गर्ने ।

## ३.५. रेडप्लस तयारीमा सरोकारवालाको संलाग्नतासम्बन्धी एफसीपीएफ (FCPF) र युएन-रेड(UN-REDD)को मार्गनिर्देशिका

आदिवासी जनजाति वनका अधिकारवाला हुन् ।

सामाजिक-साँस्कृतिक, आर्थिक, वातावरणीय र अध्यात्मिक रूपमा पुस्तौंदेखि उनीहरू वनसँग सम्बन्धित भएर आएका छन् । सरोकारवालाका रूपमा वनमा आश्रित समुदाय, औपचारिक र अनौपचारिक वन उपभोक्ता समूह, सम्बन्धित सरकारी निकाय, निजी क्षेत्र आदिलाई लिन सकिन्छ ।

युएन-रेड कार्यक्रमको सन्दर्भमा मानवअधिकारमुखी दृष्टिकोणलाई अवलम्बन गर्दै युएनड्रीप (UNDRIP), आदिवासी जनजातिका लागि संयुक्त राष्ट्रसंघीय विकास समूहको मार्गनिर्देशिका र अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) महासन्धि नं. १६९ लागू गर्नुपर्छ । युएन-रेड देशहरूले परामर्श योजनामा एफ्पीक (FPIC) लाई एफ्पीक (FPIC)सम्बन्धी युएन-रेड कार्यक्रमको मार्गनिर्देशिकालाई समावेश गर्नुपर्छ । एफसीपीएफ (FCPF) का सन्दर्भमा भने रेडप्लस गतिविधिले आदिवासी जनजातिमा पार्ने प्रभावसम्बन्धमा विश्व बैंकको कार्यसञ्चालन नीति ४.१० (OP4.10) ले समेट्छ । विकास प्रक्रियामा आदिवासी जनजातिको आत्मसम्मान, मानवअधिकार, अर्थतन्त्र र संस्कृतिलाई पूर्ण रूपमा सम्मान गर्ने उद्देश्य यसको रहेको छ ।

**क. सरोकारवालाको प्रभावकारी संलग्नताका लागि एफसीपीएफ (FCPF) र युएन-रेड (UN-REDD) का साझा सिद्धान्तको मार्गनिर्देशन के-के हुन् ?**

## सूचना प्रवाह

पूर्ण र प्रभावकारी सहभागिताको सर्त नै आदिवासी जनजाति र अन्य सरोकारवालाले बुझ्ने किसिमले समयमै सबै तहमा जनाकारी उपलब्ध गराउनु हो । रेडप्लसका सम्भावित जोखिम र अवसर तथा त्यस प्रक्रियामा उनीहरूको सम्भावित भूमिकाबारे बुझ्न र सोचविचार गर्नका लागि यथेष्ट समय उपलब्ध गराइनुपर्छ ।

## परामर्श

आदिवासी जनजातिको आफ्नै विद्यमान प्रक्रिया, संस्था र प्रतिष्ठानहरूमार्फत उनीहरूसँगको परामर्श कार्य गर्नुपर्छ, त्यसमा उदाहरणका लागि पाकाहरूको परिषद्, मुखिया र आदिवासी अगुवाहरू आदि पर्छन् । आदिवासी जनजातिसँग उनीहरू आफैंले तय गरेको निर्णय प्रक्रियाबाट छनोट गरिएका प्रतिनिधिमार्फत सहभागी हुने अधिकार रहेको छ । परामर्शका क्रममा लैंगिकतालाई पनि ध्यान दिइनुपर्छ । युएन-रेड कार्यक्रमको सन्दर्भमा आदिवासी जनजातिसँग मञ्जुरी दिने वा नदिने अधिकार सुरक्षित रहेको छ र परामर्श युएन-रेडको एफ्पीक (FPIC) सम्बन्धी मार्गनिर्देशिकाका आधारमा हुनुपर्छ । परामर्शका परिणामका रेकर्ड तथा प्रतिवेदन तयार पारेर साँस्कृतिक रूपमा उपयुक्त र मातृभाषाहरूमा समेत सार्वजनिक गरिनुपर्छ ।

## भूमिको स्वामित्व, स्रोत प्रयोगको अधिकार र सम्पत्तिको अधिकार

भूमिको स्वामित्व, स्रोत प्रयोगको अधिकार र सम्पत्तिको अधिकारजस्ता सवाल धेरै देशहरूमा अझै स्पष्ट छैन । यसले आदिवासी जनजातिको जीविकोपार्जनमा ज्यादै गम्भीर असर पारिरहेको छ । त्यसैले गर्दा अन्तर्राष्ट्रिय दायित्वअनुसार भूमि र कार्बनमाथिको आदिवासी जनजाति समुदायको सामूहिक अधिकारको सुनिश्चितता र यस सवालहरूको सम्बोधनलाई प्राथमिकता दिनुपर्छ ।

## उजुरी संयन्त्र

मार्गनिर्देशिकाहरूले उजुरी सुन्न र उपचारका लागि पहुँच योग्य र निष्पक्ष संयन्त्र स्थापनामा जोड दिन्छ । त्यो परामर्श प्रक्रियामा र रेडप्लसका नीति, उपाय र गतिविधिको कार्यान्वयनका क्रममा पहुँचयोग्य हुनुपर्छ ।

## स्वयम् भिन्न बसेका आदिवासी जनजाति

रेडप्लसले आफ्ना कार्यक्रम/गतिविधि तर्जुमा गर्नुअघि नै स्यवम्सेवी रूपमा भिन्न बसेका तर रेडप्लस गतिविधिले असर गर्ने आदिवासी जनजाति समुदायको पहिचान गरिनुपर्छ जसले गर्दा तर्जुमा गरिएको रेडप्लस कार्यक्रम/गतिविधिले उनीहरूलाई कति पनि असर नपारोस् ।

## आदिवासी जनजातिका लागि विश्व बैंक कार्यसञ्चालन नीति ४.१०

### उद्देश्य

आदिवासी जनजातिको आत्मसम्मान, मानवअधिकार र विशिष्ट संस्कृतिलाई पूर्ण सम्मान हुनेगरी परियोजना बनाउने र कार्यान्वयन गर्ने । त्यसबाट उनीहरूले (क) साँस्कृतिक रूपमा उपयुक्त सामाजिक र आर्थिक लाभ प्राप्त गर्नेछन् र (ख) विकास प्रक्रियाका नकारात्मक प्रभाव भोग्न पर्ने छैन ।

### कार्यसञ्चालन सिद्धान्तहरू

१. परियोजना क्षेत्रमा आदिवासी जनजाति छन् कि वा परियोजना क्षेत्रसँग उनीहरूको सामूहिक सम्बन्ध छ कि ? भन्ने विषयमा पहिले नै निश्चित गर्नुहोस् । आदिवासी जनजाति निम्न विशेषताबाट परिभाषित गरिएको छन् : स्व-पहिचान र अन्यबाट पनि त्यसको मान्यता, आफ्नो बसोबास क्षेत्र वा भू-भागमा उनीहरूको भौगोलिक रूपमा सामूहिक सम्बन्ध, आफ्नै किसिमको प्रथाजनित साँस्कृतिक, आर्थिक, सामाजिक र राजनीतिक संस्था र आदिवासी भाषा ।
२. उनीहरूलाई प्रभावित बनाउने परियोजनाबारे समुदायको व्यापक सहयोगको खोजी र सहभागिताका लागि उनीहरूसँग स्वतन्त्र, अग्रिम जानकारीसहित परामर्श गर्ने : (क) नकारात्मक असरबाट बचाउनका लागि खाका निर्माण, कार्यान्वयन र अनुगमनमा अथवा यदि बचाउन नसकिने अवस्था भएमा त्यसको प्रभाव कम गराउन, न्यूनीकरण र क्षतिपूर्तिका लागि, (ख) विशेष लाभहरू साँस्कृतिक रूपमा उपयुक्त तरिकबाट वितरण ।
३. आदिवासी जनजातिमा पर्ने सम्भावित सकारात्मक र नकारात्मक असर तथा सामाजिक मूल्यांकन गर्नु । प्रभावित आदिवासी जनजातिले अगाडि सारेका लाभको व्यवस्था र प्रभाव न्यूनीकरण गर्ने उपायहरूमा पूर्ण रूपमा ध्यान दिनुपर्छ । आदिवासी जनजातिको साँस्कृतिक रूपमा उपयुक्त तथा लैंगिक र अन्तरपुस्ता समावेशी सामाजिक र आर्थिक लाभको पहिचान गर्न र उनीहरूमा पर्न सक्ने नकारात्मक असरबाट बचाउ गर्न, कम गर्न वा न्यूनीकरणका लागि उपाय विकास गर्ने ।
४. पार्क र संरक्षित क्षेत्रहरू जहाँ आदिवासी जनजातिको पहुँचको बन्देजबाट जोगाउन सकिन्न त्यहाँ प्रभावित आदिवासी जनजातिका समुदायलाई पार्क वा संरक्षित क्षेत्रको खाका बनाउँदा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने व्यवस्थापन योजनामा सहभागी गराउने । पार्क र संरक्षित क्षेत्रबाट हुने लाभको न्यायोचित वितरण गर्ने ।
५. भूमि र भू-भागको परम्परागत अधिकारलाई कार्ययोजनाको कानुनी मान्यतामा राख्नुपर्छ, जब परियोजनामा निम्नकुरा रहन्छन् : (क) गतिविधि आदिवासी जनजातिको परम्परागत स्वामित्वमा रहेको वा प्रथाजनित रूपमा प्रयोग गरिरहेको वा कब्जामा रहेको भूमि र भू-भागको कानुनी अधिकार स्थापनाको प्रसंगमा रहेको छ भने अथवा (ख) त्यस्ता भूमिको अधिग्रहणमा ।
६. आदिवासी जनजातिको कुनै पनि साँस्कृतिक स्रोत र ज्ञानलाई उनीहरूको पूर्वसहमतिविना व्यापारिक प्रयोजनका लागि विकास गर्न पाइँदैन ।
७. सामाजिक मूल्यांकन र आदिवासी जनजातिको ज्ञानका आधारमा आदिवासी जनजातिको योजना तयार पर्नुपर्छ । यस कार्य प्रभावित आदिवासी जनजाति समुदायसँगको परामर्श र योग्य व्यक्तिलाई प्रयोग गरेर गर्नुपर्छ । सामान्यतया, यस प्रारूपमा परियोजना कार्यान्वयनका क्रममा प्रभाव पर्ने

समुदायहरूसँग गरिने निरन्तर परामर्श समावेश हुनुपर्छ, आदिवासी जनजातिले साँस्कृतिक रूपमा उपयुक्त लाभ प्राप्त गरेको सुनिश्चत गर्ने उपाय विशिष्टित गर्नुपर्छ र नकारात्मक प्रभावबाट बचाउने, कम गर्ने, न्यूनीकरण गर्ने र क्षतिपूर्तिका लागि उपाय पहिचान गर्नुपर्छ तथा शासकीय प्रक्रिया, अनुगमन र मूल्यांकन व्यवस्था समावेश गरिनुपर्छ र योजनाबद्ध ढंगले कार्यान्वयन बजेटको व्यवस्था गर्नुपर्छ ।

८. परामर्श प्रक्रियाका दस्तावेजसहित मस्यौदा आदिवासी जनजातिसम्बन्धी योजना सार्वजनिक गर्नुपर्छ । यसलाई औपचारिक रूपमा मूल्यांकन प्रक्रियामा प्रवेश गर्नुअघि प्रमुख सरोकारवालाले बुझ्न सक्ने भाषा र पहुँच हुनेगरी सार्वजनिक गर्नुपर्छ ।
९. अनुभवी समाजशास्त्रीलाई लगाएर आदिवासी जनजातिसमबन्धी योजना अनुगमन गर्नुपर्छ ।

*Source: FCPF and UN-REDD Guidelines on Stakeholder Engagement*
*(विश्व बैंकको यो वातावरणीय तथा सामाजिक सुरक्षा उपायहरू समीक्षाका क्रममा रहेको छ ।)*

**ध्यानाकर्षण** : एफसीपीएफ (FCPF)का सबै रेडप्लस देशले विश्व बैंकको कार्यसञ्चालन नीति ४.१० को पालना गर्ने अपेक्षा राखिएको छ, जुन विश्व बैंकको सुरक्षा उपायहरूमध्ये एक हो । यसले आदिवासी जनजातिको स्वाभिमान, मानवअधिकार, अर्थतन्त्र र संस्कृतिको सम्मानको सुनिश्चितता गर्छ । यद्यपि, विश्व बैंकले स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरीको सट्टा स्वतन्त्र अग्रिम जानकारीसहितको परामर्शलाई मान्ने हुँदा योचाहिँ आदिवासी जनजातिको सवालका रूपमा रहेको छ ।

**ध्यानाकर्षण** : एफसीपीएफ (FCPF) को सेसा (SESA) र युएन-रेड (UN-REDD) को एसईपीसी (SEPC) बाहेक पनि जलवायु, समुदाय र जैविक विविधता सञ्जाल (CCBA) र केयर इन्टरनेसनलले रेडप्लस सामाजिक तथा वातावरणीय मापदण्ड (SESA) को सहजीकरण गरिरहेको छ । यस पहलको उद्देश्य रेडप्लस कार्यक्रममा सामाजिक र वातारणीय सवाल सम्बोधनका लागि सहयोग जुटाउनु हो । सरकार, गैरसरकारी संस्था, वित्तीय संस्था र अन्य सरकोरवालाहरूले मापदण्ड विकास गरेर त्यसअनुसार हुने रेडप्लसको कार्यान्वयनले आदिवासी जनजाति र स्थानीय समुदायको अधिकारलाई सम्मान गर्नेछ र सामाजिक र जैविक विविधतासम्बन्धी सहलाभको वृद्धि गराउनेछ ।

### नेपाल र इन्डोनेसियामा रेडप्लस तथा सामाजिक तथा वातावरणीय मापदण्डहरू

हाल नेपाल सरकार विश्व बैंकअन्तर्गतका वन कार्बन साझेदारी सुविधा (FCPF) तथा युएन-रेड परियोजनामा आबद्ध छ । नेपाल सरकारले रेडप्लसको सामाजिक तथा वातावरणीय रणनीतिक मूल्यांकनमा (SESA) काम गरिरहेको छ । नेपालले राष्ट्रिय रेड रणनीति विकास गर्दै छ र त्यसबारे सामाजिक तथा वातावरणीय मापदण्ड (SES) लाई समावेश गर्दै छ । जसले गर्दा कार्यान्वयन चरणमा सामाजिक र वातावरणीय गुणस्तरबारे मूल्यांकन गर्न सकियोस् भन्ने कसको चाहना हो । एफसीपीएफ (FCPF) ले नेपाल सरकारलाई तयारी प्रबन्ध प्रस्ताव (RPP) बनाउनका लागि क्षमता अभिवृद्धि र कार्यक्षमतामा आधारित प्रोत्साहन भुक्तानी प्रणालीको विकास गर्नमा सहयोग गरिरहेको छ ।

नेपालले सन् २०१० अगस्टमा राष्ट्रियस्तरमा रेडप्लस सामाजिक तथा वातावरणीय मापदण्ड सम्बन्धमा समितिको गठन गऱ्यो र रेडप्लस सामाजिक तथा वातावरणीय शासण प्रणालीको विकास गऱ्यो । नेपाल सरकारको वन तथा भू-संरक्षण मन्त्रालयअन्तर्गतको रेड इकाइ (REDD CELL) र सामुदायिक वन उपभोक्ता महासंघ नेपाल (FECOFUN) रेडप्लस सेस (SES) को प्रयोगलाई सहजीकरण गरिरहेको छ ।

इन्डोनेसियाको मध्य कालिमान्तानमा एक करोड हेक्टरसम्म भूमि वनक्षेत्रले ओगटेको छ जुन प्रदेशको कुल क्षेत्रफलको ६७ प्रतिशत हुन आउँछ । यस वनक्षेत्रका साथ रेडप्लस परियोजना विकासमा इन्डोनेसियाको यो प्रदेश अग्रसर हुँदै आएको छ ।

यहाँ रेडप्लस परियोजनाअन्तर्गत विभिन्न प्रकारका नमुना गतिविधि र समुदायमा आधारित कार्बन परियोजना सञ्चालनमा छन् । यस प्रदेशलाई रेडप्लसका लागि इन्डोनेसिया-नर्वे साझेदारी कार्यक्रमको नमुना क्षेत्रका रूपमा छनोट गरिएको छ ।

त्यसैले यस प्रदेशले सामाजिक तथा वातावरणीय मापदण्डका साथ रेडप्लस परियोजनामा सहभागिता जनाएको छ, जुन राज्यस्तरीय रेड रणनीतिमा लागू गरिँदै छ ।

सन् २०१० अगस्टमा राष्ट्रियस्तरको शासन व्यवस्था रेडप्लस सेस (SES) को प्रयोगार्थ स्थापना गरियो । यसले सामाजिक तथा वातावरणीय मापदण्ड (SES)को देश अनुकूलको व्याख्या र मूल्यांकनअनुसार सूचकहरू निर्माण गऱ्यो । सरकारी निकायहरू (जस्तै : क्षेत्रीय योजना इकाइ, वातावरण कार्यालय, वन र क्षेत्रीय सचिवालयको कार्यालय) र सरोकारवाला साथै प्राज्ञिक संस्थाहरूले पनि मध्य कालिमान्तानमा रेडप्लस सेस (SES)को प्रयोगमा सहयोगी बने र रूचि लिए । सबै सरोकारवाला, प्रतिनिधि तथा सरकारी निकायको सहभागितामा प्रदेशस्तरमा रेडप्लस सेस (SES) कार्यान्वयनका लागि नीति र कार्यान्वयन ढाँचा विकास गरिरहेको छ ।

*Source: http://www.redd-standards.org (22 September, 2011)*

## ३.६. तयारी प्रबन्ध योजनाहरू अथवा आर-पीपीज् (R-PPs) भनेको के हो ?

तयारी प्रबन्ध योजना अथवा आर-पीपीज् (RPPs) भनेको वन कार्बन साझेदारी सुविधा (FCPF) को सहभागी समिति (PC) मा पेस गरिएको रेडप्लस प्रक्रियासम्बन्धी दस्तावेज हो । देश रेडप्लसका लागि तयार छ भनेर प्रस्तुत गरिने पहिलो चरण हो । आर-पीपी (RPP) भनेको वन फँडानी र क्षयीकरणबाट हुने उत्सर्जन घटाउने तत्कालीन नीति तथा शासन विधिहरूको सारांश हो । यसले तयारी चरणमा देशहरूलाई विस्तृत र प्रणालीगत रूपले शासन विधिका गम्भीर चुनौतीहरूको सम्बोधन गर्न तयार बनाउँछ । आरपीपी (RPP) का विभिन्न अंग र उपअंग तल उल्लेख गरिको छ :

## नेपालको आरपीपीमा आदिवासी जनजातिको सवाल र सरोकारहरू

आरपीपीको प्रक्रियामा नेपाल सरकारले वनसँग सम्बन्धित समुदाय, नागरिक समाजका संस्था, सरकारी निकायलगायतका सरोकारवालाहरूसँग बृहत् रूपमा रणनीतिक विकल्प र रेडको कार्यान्वयनका सम्बन्धमा छलफल र सहमति गरेको थियो । यो प्रक्रिया राष्ट्रिय तहको जनचेतनामूलक कार्यशालाबाट सुरू भएको थियो । राष्ट्रिय, क्षेत्रीय/जिल्ला तथा समुदायमा समेत गरी कुल तीन हजार एक सय ८० जनासँग यस प्रक्रियामा परामर्श गरिएको थियो । यस प्रक्रियामा आदिवासी जनजाति, स्थानीय समुदाय, वनमा आश्रित समुदाय, दलित, महिला, नागरिक समाज, सरकारी निकाय, राजनीतिक दल र संविधानसभाका सदस्य, सञ्चारकर्मी, प्राज्ञिकहरू र निजी क्षेत्रसँग परामर्श गरिएको थियो ।

यसका अलावा, आदिवासी जनजाति, महिला र दलितलाई लक्षित गरेर छुट्टै कार्यशालासमेत आयोजना गरिएको थियो । यही समयमा रेडप्लसबारे समान धारणा बनाउनका लागि विभिन्न शैक्षिक सामग्रीको विकास र प्रयोगमा ल्याउने काम पनि गरिएको थियो । उक्त परामर्श र सहभागिताको सहजीकरण साझेदारी वन उपभोक्ता संघ, प्राकृतिक स्रोतका लागि दलित सञ्जाल, सामुदायिक वन उपभोक्ता महासंघ, फरेस्ट एक्सन, नेपाल आदिवासी जनजाति महासंघ र वन प्राविधिक संघको एक समावेशी समूहले गरेको थियो । तयारी चरणमा उठेका आदिवासी जनजातिसम्बन्धी सवाल निम्नअनुसार रहेका छन् :

- आदिवासी जनजातिले जलवायु परिवर्तन र रेडप्लससम्बन्धी जुनसुकै नीति, योजना र कार्यक्रम बनाउँदा, कार्यान्वयन गर्दा र त्यसको मूल्यांकन गर्दा आफ्ना परम्परागत ज्ञान, सीप, मान्यता, प्रथाजनित कानुनी व्यवस्थाको मान्यता र सम्मान हुनुपर्ने कुरा उठाएका छन् ।
- महिला र दलितले पनि रेडप्लसले उनीहरूको जीविका र परम्परागत पेसाका लागि वनमा पहुँच र वनका स्रोतहरूको प्रयोगमा प्रभाव पार्न नहुने बताएका छन् ।
- आदिवासी जनजाति समुदाय र महिलाले निर्णय गर्ने तहमा आफूहरूको पूर्ण र प्रभावकारी सहभागिता र लाभको वितरणमा समानतामा आधारित संयन्त्र हुनुपर्ने कुरा उठाएका छन् ।
- आदिवासी जनजातिले उनीहरूको दिगो जीविकोपार्जन र आधाभूत अधिकारमा प्रभाव पर्ने भएकाले जलवायु परिवर्तन र रेडप्लससँग सम्बन्धित जुनसकै नीति तथा कार्यक्रमका लागि पनि स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC) को सुनिश्चिततामा जोड दिएका छन् ।
- नेपाल आदिवासी जनजाति महासंघ र सामुदायिक वन उपभोक्ता महासंघजस्ता संस्थाहरूले रेडप्लस संयन्त्रले आदिवासी जनजाति र स्थानीय समुदायको अधिकारका साथसाथै वनको दिगो व्यवस्थापन र प्रयोगसम्बन्धी प्रथाजनित कानुन र अभ्यासको निरन्तरताको अधिकार हुनुपर्नेमा जोड दिएका छन् ।
  नेपालमा प्रभावकारी र दिगो रेडप्लस कार्यान्वयनका लागि परामर्श र सहभागिताको पारदर्शिता, समावेशिता, जिम्मेवार, समतामूलक प्रक्रिया तय गर्ने उद्देश्यले आरपीपी (RPP) मा छुट्टै परामर्श र सहभागिता योजना (CPP) रहेको छ । CPP को मूल सिद्धान्त निम्नअनुसार रहेका छन् :

१. **सहभागितामूलक र समावेशी प्रक्रिया** : रेडप्लसले सामाजिक आर्थिक र भौगोलिकसहित आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित र अरू सरोकारवालाको रेडप्लस तयारी प्रक्रियामा समावेशी सहभागिताको सुनिश्चितता गर्ने ।
२. **लैंगिक मूलप्रवाहीकरण** : रेडप्लसको तयारी प्रक्रियाको निर्णय र लाभको वितरण संयन्त्रमा महिलाको पूर्ण र प्रभावकारी सहभागिताको सुनिश्चितता गर्ने ।

३. **बहुसरोकारवालाको सहकार्य** : रेडप्लस कार्यान्वयन बहुसरोकारवाला र बहुक्षेत्रको सहकार्यको नमुनाअनुसार गर्ने ।

४. **सुरक्षा उपायहरूको समायोजन** :

१. **सुरक्षा उपाय मापदण्डहरूको समायोजन** : सम्भावित असरबाट जोगाउनका निम्ति रेडप्लसले सुरक्षा मापदण्डबारे विचार पुऱ्याउनुपर्छ । यी असरलाई कम गर्न विश्व बैंकअन्तर्गत वातावरणीय र सामाजिक रणनीतिक मूल्यांकन (SESA)ले प्रक्रिया निर्माण गर्ने गर्छ ।

२. **अधिकारमूलक दृष्टिकोण** : आदिवासी जनजातिका अधिकारप्रति पूर्ण सम्मानका साथै स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC), आईएलओ १६९ लाई पनि समेटिएको हुनुपर्छ ।

३. **क्षमता अभिवृद्धि** : सबै स्तरका सम्पूर्ण सरोकारवालाका लागि क्षमता अभिवृद्धि ।

*स्रोत : भूमिसुधार तथा वन मन्त्रालय/नेपाल सरकार, २०१० ।*
*रेडप्लसअन्तर्गत नेपालको तयारी प्रबन्ध प्रस्ताव (२०१०-२०१३) भूमिसुधार तथा वन मन्त्रालय, नेपाल सरकार ।*

**अंग १ व्यवस्थापन र परामर्श**

१क. राष्ट्रिय तयारी व्यवस्थापनहरू

१ख. सरोकारवालाहरूको सहभागिता र परामर्श

**अंग २ रेडप्लस रणनीतिको तयारी**

२क. भूमिको प्रयोग, वन नीति र शासन विधिको मूल्यांकन

२ख. रेड रणनीतिका विकल्पहरू

२ग. रेड कार्यान्वयनको खाका

२घ. सामाजिक र वातावरणीय असरहरू

**अंग ३ : सन्दर्भ परिदृश्यको विकास**

३क. ऐतिहासिक रूपमा वन फँडानी, वनको क्षयीकरण र वन कार्बन भण्डारणको वृद्धिसम्बन्धी दरको निर्धारणसम्बन्धी प्रस्तावित दृष्टिकोण

**ध्यानाकर्षण** : माथि उल्लेख गरिएका अंग सबै आर-पीपीज् (RPPs)का साझा विशेषताहरू हुन् । तर, सबै आर-पीपी एकै किसिमका हुँदैनन् । रेड देशहरूको आफ्नै विशेषताअनुसारका हुन्छन् ।

३ख. भविष्यमा वन फँडानी, वन क्षयीकरण र वन कार्बन भण्डारण संरक्षण र वृद्धिसम्बन्धी सन्दर्भ परिदृश्यको निर्धारणसम्बन्धी प्रस्तावित दृष्टिकोण

३ग. क्षमता निर्माणको प्रस्तावित दृष्टिकोण

**अंग ४ : अनुगमन प्रणालीको खाका**

४क. उत्सर्जन र निष्कासन

४ख. अन्य लाभ र असर

**आर-प्याकेज (R-packages)हरूले :**

- रेडप्लसको मध्यावधि प्रतिवेदनसम्बन्धी संरचना र विषयवस्तु उपलब्ध गराउनुपर्नेछ,
- दातालाई दोस्रो चरणको वित्तीय आँकलनबारे अभिमुखीकरण गराउनुपर्नेछ,
- रेडप्लसको कार्यान्वयन तथा मापनका लागि पारदर्शी, सहभागितामूलक र जवाफदेही शासकीय ढाँचाका निम्ति आत्मविश्वास जगाउने,
- एफसीपीएफ (FCPF) कार्बन कोष र अन्य रेडप्लस लगानीसम्म पहुँचको दृढता/प्रभाव देखाउने,
- सामाजिक र वातावरणीय जोखिमबारे स्पष्टता र सामाजिक तथा वातावरणीय अधिकतम् लाभको दिगोपनको सुनिश्चितता गर्न सुरक्षा उपायहरूको सूचना प्रणाली निर्माण गर्ने,
- रेडप्लसको प्रभावकारी कार्यान्वयनका लागि सरकारी अधिकारी, नागरिक समाज र आदिवासी जनजातिको संस्थागत क्षमता अभिवृद्धि र आवश्यक नीतिगत सुधारका लागि मार्गनिर्देशिका तयार पार्ने ।

**अंग ५ कार्यसूची र बजेट**
**अंग ६ कार्यक्रम अनुगमन र मूल्यांकनको खाका निर्माण**

आरपीपीज् (RPPs)ले तलका सुरक्षा उपायलाई ध्यान दिनुपर्छ

- वातावरणीय तत्व
- सामाजिक–आर्थिक तत्व
- वन फँडानी र वन क्षयीकरणका कारण
- माल सामग्री र सेवाको दीर्घकालीन उत्पादन
- आदिवासी जनजाति समुदायको क्षमता निर्माण

## ३.७. तयारी प्याकेज (R-package)

तयारी चरणमा रेडप्लस देशहरूले राष्ट्रिय रणनीति र सेसा (SESA) प्रक्रियाका लागि पहल गर्छन् । जुन कार्यान्वयन चरणमा कार्यान्वयन गरिन्छ, यसले नीति र कानुन सुधार तथा परिणाममुखी नमुना गतिविधिका लागि सहयोग पुऱ्याउँछ । यी दुई चरणहरूबीच तयारी प्याकेज हुन्छ, जसले रेडप्लसको कार्यान्वयनका लागि चाहिने विभिन्न दस्तावेज संकलन गर्ने एवम् बनाउने काम गर्छ । त्यसमा रेडप्लस रणनीति, कार्यान्वयन खाका, अनुगमन, प्रतिवेदन र प्रमाणीकरण (MRV), सन्दर्भ स्तर निर्धारण र सुरक्षा उपायहरू आदि पर्छन् । देशहरूले आर–प्याकेज तयारी चरणको अन्त्यमा बनाउँछ र यसले पहिलो चरणमा समाप्त भएको र कार्यान्वयन चरणको सुरू भएको संकेत गर्छ ।

## थप अध्ययनका लागि

AIPP, FPP, IWGIA and Tebtebba, 2010a. **What is REDD? a Guide for Indigenous Communities**. Asia Indigenous Peoples Pact (AIPP), Forest Peoples Programme (FPP), International Work Group for Indigenous Affairs (IWGIA) and Tebtebba Foundation

AIPP, FPP, IWGIA and Tebtebba, 2010b. **What to do with REDD?** a Guide for Indigenous Trainers. Asia Indigenous Peoples Pact (AIPP), Forest Peoples Programme (FPP), International Work Group for Indigenous Affairs (IWGIA) and Tebtebba Foundation

Angelsen, A. (eds.), 2008. **Moving ahead with REDD Issues**, Options and Implications. CIFOR, Bogor Indonesia.

Angelsen, A., M. Brockhaus, M. Kanninen, E. Sills, W.D. Sunderlin and S. W. Kanounnikoff (eds). 2009. **Realising REDD+ National Strategy and Policy Options**. CIFOR, Bogor, Indonesia.

Bonfante, T. M., M. Voivodic and L. M. Filho. 2010. **Developing Social and Environmental Safeguards for REDD+**: A guide for Bottom up Approach. Creative Commons.

Corpuz, V. T., R. Chavez, E. B. Soriano, H. Magata, C. Golocan, M. V. Bugtong, L. E. Abayao and J. Carino. 2009. **Guide on Climate Change and Indigenous Peoples (2nd Edition)**, Tebtebba Foundation with support from EED, Norad, DANIDA, and IFAD

FPP, November 2011. **Rights, Forests and Climate Briefing papers: Lessons from the field:** REDD+ and the rights of indigenous peoples and forest dependent communities

Greenpeace International, 2011, REDD: Safeguards

REDD+ SES. 2010. **REDD+ Social and Environmental Standards**. Version 1, June 20102 http://www.redd-standards.org

http://www.ilo.org

http://www.redd-standards.org (22 September, 2011)

http://www.un-redd.org/NewsCentre/COP16_Press_Release_en/tabid/6595/Default.aspx

MSFC/GON, 2010. **Nepal's Readiness Preparation Proposal under REDD+ (2010-2013)**, Ministry of Forest and Soil Conservation, Government of Nepal

R. E. Llanos and C. Feater. 2011. **The reality of REDD+ in Peru: Between Theory and Practice**.

Rovillos, R. and E. Baldo-Soriano. 2010. **Climate Change, REDD+ and Indigenous Peoples:** Training Course for Indigenous Peoples. Tebtebba Foundation, Baguio, Philippines

Stephen, P. 2009. **Introductory courses on Reducing Emissions from Deforestation and forest Degradation (REDD)**: A training manual. The Nature Conservancy, The Climate Community and Biodiversity Alliance (CCBA), Conservation International, GTZ, Rainforest Alliance and WWF

Tacconi, L. F. Downs and P. Larmour. 2009. **Anti-corruption Policies in the forest sector and REDD+**. In: Angelsen, A., M. Brockhaus, M. Kanninen, E. Sills, W.D. Sunderlin and S. W. Kanounnikoff (eds). Realising REDD+ National Strategy and Policy Options. CIFOR, Bogor, Indonesia. Pp 163- 174

www.climatefocus.com



# पाठ २
# स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी

## पाठ ३ : स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC)

यस पाठले स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC)बारे मूलभूत अवधारणा र बुझाइलाई समेटेको छ । यसले एफ्पीकको अवधारणा कसरी जन्मियो, त्यसका विशेषता, मुख्य सिद्धान्त र त्यसलाई कसरी आदिवासी जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजमा समावेश गरियो भन्ने विषयमा सामान्य पृष्ठभूमि दिएको छ । साथै यसले एफ्पीकका हरेक तत्वको विस्तारमा चर्चा गर्नुका साथै कसरी आदिवासी जनजातिको सामूहिक अधिकार प्रयोगमा सम्बन्धित छ भन्नेबारे पनि भन्नेछ । पाठको अन्त्यमा विभिन्न देशमा एफ्पीकको कार्यान्वयनमा आदिवासी जनजातिले राखेका दृष्टिकोणबाट सिकिएको पाठबारे एउटा खण्ड समावेश गरिएको छ ।

यो पाठको अन्त्यमा सहभागीले निम्नकुरा गर्न सक्नेछन् :

१. एफ्पिकको विशेषताको परिभाषा दिन र व्याख्या गर्न,
२. एफ्पिक कसरी आदिवासी जनजातिसँग सम्बन्धित छन् भनेर व्याख्या गर्न,
३. एफ्पिकको महत्व र प्रक्रियाका सन्दर्भमा प्रमुख सिद्धान्तहरूको व्याख्या गर्न,
४. एफ्पीक (FPIC) सम्बन्धी अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजलाई सन्दर्भ-सामग्रीका रूपमा व्याख्या गर्न,
५. एफ्पीक (FPIC) का प्रमुख तत्वबारे व्याख्या गर्न,
६. आदिवासी जनजातिसँगको एफ्पीकसम्बन्धी केही राष्ट्रिय नीतिको उदाहरण दिन,
७. एफ्पीक सञ्चालनबाट सिकेका कुराको व्याख्या गर्न ।

### आवश्यक सामग्रीहरू

- हेन्डआउट्स
- फ्लीप चार्ट/खैरो वा सेतो पेपर
- मेटा/रंगीन कार्डहरू
- मास्किङ टेप
- मार्कर पेन (बोर्ड र पर्मानेन्ट दुवै)
- एलसीडी प्रोजेक्टर
- ल्यापटप/कम्प्युटर
- युएन-रेडले भियतनाम र इन्डोनेसियामा गरेको एफ्पीक (FPIC) सम्बन्धी भिडियो

### समय अवधि : ६-८ घन्टा

**सत्रहरू**

सत्र ४ (२.५ घन्टा) : एफ्पीआईसी (FPIC) को अवधारणा, खाका र सिद्धान्तहरू
४.१. एफ्पीक (FPIC) के हो ?
४.२. परामर्श र सहमतिबीचको बुझाइमा अन्तर
४.३. किन एफ्पीक आदिवासी जनजातिका लागि ?
४.४. एफ्पीकका विशेषताहरू के-के हुन् ?
४.५. एफ्पीआईसी (FPIC) का प्रमुख तत्वहरू के-के हुन् ?
४.६. महत्व र प्रक्रियाका हिसाबले एफ्पीक (FPIC) का प्रमुख सिद्धान्तहरू के-के हुन् ?

सत्र ५ (१.५ घन्टा) - अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजमा एफ्पीक (FPIC)का सिद्धान्तहरू
५.१. आदिवासी र जनजातिका लागि अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ (ILO 169)
५.२. जैविक विविधतासम्बन्धी महासन्धि (CBD)
५.३. आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP)

सत्र ६ (१.५) राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिहरूमा आदिवासी जनजातिका लागि एफ्पीक (FPIC)
६.१. राष्ट्रिय तहका नीतिहरू
६.२. आदिवासी जनजाति र एफ्पीक (FPIC) सम्बन्धमा अन्तर्राष्ट्रिय वित्तीय संस्था र बहुपक्षीय बैंकका नीतिहरू

सत्र ७ (१.५ घन्टा) रेडप्लसमा गरिएका एफ्पीक (FPIC)बाट सिकिएका पाठ
७.१. फिलिपिन्सबाट सिकिएका पाठ
७.२. भियतनामबाट सिकिएका पाठ
७.३. अन्य युएन-रेड (UN-REDD) र एफसीपीएफ (FCPF) मुलुकहरूमा गरिएका पहल
७.४. एसिया-प्यासिफिक क्षेत्रका युएन-रेड कार्यक्रमबाट सिकिएका पाठहरू

## सत्र ४ : एफ्पीक (FPIC) का अवधारणा ढाँचा र सिद्धान्तहरू

समय अवधि : २.५ घन्टा

**विधि**

१. सहभागीलाई मेटाकार्ड बाँड्नुहोस् र प्रश्नको उत्तर लेख्नका लागि भन्नुहोस् । स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरीबारे तपाईंले के बुझ्नुभएको छ ? उत्तर संकलन गर्नुहोस् र त्यसलाई मिल्ने समूहमा छुट्याउनुहोस् ।
२. सहभागीको बुझाइलाई आधार बनाएर प्रशिक्षकले थप कुरामा व्याख्या तथा छलफल चलाउनुहोस् ।
३. आदिवासी जनजातिलाई मात्र किन एफ्पीक (FPIC) को अधिकार रहेको छ भन्ने कुरा उदाहरणसहित बताउनुहोस् । किन एफ्पीक (FPIC) स्थानीय बासिन्दा र वनमा आश्रित समुदायका लागि होइनन् भन्ने कुरा बुझाउनुहोस् । त्यसमा आदिवासी जनजातिको भूमि, भू-भाग र स्रोतमाथिको अधिकार र व्यक्तिगत रूपमा नभई 'हामी' भन्ने सामूहिक आत्मनिर्णयको अधिकारमा जोड दिनुहोस् ।
४. उपयुक्त उदाहरणसहित एफ्पीक (FPIC) का प्रमुख सिद्धान्त र तत्वहरू प्रस्तुत गर्नुहोस् ।
५. छलफल चलाउनुहोस् ।

### ४.१. के हो एफ्पीक (FPIC) ?

यो एउटा यस्तो प्रणाली र प्रक्रिया हो, जहाँ आदिवासी जनजाति समुदायले आफूलाई प्रभाव पार्न सक्ने विषयमा आफ्नै स्वतन्त्र सामूहिक निर्णय लिने गर्छन् । यस्तोखाले सामूहिक निर्णय तिनीहरूको भूमि र सम्पदा, स्वास्थ्यमा असर पार्न सक्ने योजना, भू-भागमा प्रभाव पार्न सक्ने कार्य, सामूहिक पहिचान, साँस्कृतिक सद्भाव, जीविकोपार्जन, सामाजिक सद्भाव र साझा हितको प्रयोग जस्ता कार्यक्रम र परियोजनासँग सम्बन्धित हुन्छन् । आदिवासी जनजातिलाई प्रत्यक्ष असर पार्ने कानुनी र प्रशासनिक निर्णय लिँदा अथवा नीति निर्माणमा पनि यो सिद्धान्त लागू हुन्छ । यस प्रक्रियामा आदिवासी जनजातिले बुझ्ने ढंगमा सरल र पूर्ण जानकारी उपलब्ध गराउने, परामर्श सञ्चालन गर्ने, आदिवासी जनजाति समुदायको आन्तरिक र सामूहिक निर्णय लिने प्रक्रियाको स्वतन्त्रता र तिनीहरूको सःसर्त समेटिएका सामूहिक निर्णयको मान्यता एवम् सम्मानजस्तो कुरा समेटिएको हुन्छ ।

यो सामूहिक निर्णय आदिवासी जनजातिको भूमि, भू-भाग र सम्पदासँग सम्बन्धित अधिकार एवम् आत्मनिर्णय र साँस्कृतिक सम्पूर्णताको अधिकार प्रयोगका लागि अनिवार्य तत्व हो । एफ्पीक (FPIC) को सञ्चालनले आदिवासी जनजातिलाई आफ्ना भूमिमा नियन्त्रण र व्यवस्थापनको प्रयोग तथा विशेषगरेर विशिष्ट मानिसका रूपमा स्वविकास गर्ने साँस्कृतिक सम्पूर्णता र आत्मनिर्णयको अधिकारको सम्मान प्रदान गर्छ । त्यसैले सरकार, संस्थान, संस्था, संगठन र परियोजनाका पक्षधरहरू जस्ता समुदायभन्दा बाहिरकाले आदिवासी जनजातिमाथि असर गर्ने जुनसुकै किसिमको परियोजनना तथा गतिविधि कार्यान्वयन गर्नुअघि सम्बन्धित

**ध्यानाकर्षण : एफ्पीक प्रक्रियाका आवश्यकताहरू**

- आदिवासी जनजातिले बुझ्ने तरिकाले सही र पूर्ण जानकारी उपलब्ध गराइनुपर्छ ।
- परामर्श सञ्चालन गर्नुपर्छ ।
- आदिवासी जनजाति समुदायलाई आन्तरिक र सामूहिक निर्णय प्रक्रियाको स्वतन्त्रता हुनुपर्छ ।
- आदिवासी जनजातिको सामूहिक निर्णयको मान्यता र सम्मान- तिनीहरूको निर्णयको अंगका रूपमा सर्त समेटिएको हुन सक्छ र निर्णयको सही र उपयुक्त दस्तावेजीकरण ।




आदिवासी समुदायसँग अधिकारवालाका रूपमा मञ्जुरी लिनु र आधिकारिकता प्राप्त गर्नु आवश्यक छ ।

आदिवासी जनजाति समाजमा परम्परागत निर्णय प्रणाली प्रायः सहमतिमा हुने गर्छ । यस प्रक्रियामा समुदायका सदस्यहरू सामूहिक निर्णयका लागि दुवै औपचारिक तथा अनौपचारिक रूपमा विभिन्न माध्यमबाट सक्रिय रहन्छन् ।

आदिवासी जनजातिका सवाल र सरोकारका विषयमा निरन्तरको सरसल्लाहलगायत विभिन्न ढंगले सहमतिमा पुगिन्छ । सहमतिको अर्थ फरकमत नहुने भन्ने होइन बरू बहुमतलाई सामूहिक निर्णयका रूपमा स्वीकार गरिनु हो । आदिवासी जनजातिको आत्मनिर्णयको अधिकार र स्वशासनको अभ्यासमा सामूहिक निर्णय प्रक्रिया अनिवार्य छ ।

एफ्पीक (FPIC) असल मनसायले आदिवासी जनजातिको निर्णय प्रक्रियाहरूमा सद्भाव र अर्थपूर्ण सहभागिताका लागि गरिने प्रक्रिया हो । यो फगत प्रक्रियागत कुरा मात्र होइन, आदिवासी जनजातिको सामूहिक अधिकारको सम्मान सुनिश्चित गर्ने महत्वपूर्ण संयन्त्र पनि हो ।

एफ्पीक (FPIC)ले आदिवासी जनजातिको नीति निर्माण र निर्णय प्रक्रियामा पूर्ण र प्रभावकारी सहभागिताको प्रत्याभूति गर्छ । साथै उनीहरूको दैनिक जीविकोपार्जन, संस्कृति र हितमा प्रत्यक्ष असर पार्नेखालले बाहिरबाट लागू गरिने नीति, कार्यक्रम र गतिविधिलाई परिभाषित गर्छ ।

एफ्पीक (FPIC) समुदायका सदस्यको एउटा सामूहिक कार्य हो । आदिवासी जनजाति सामूहिकतामा बाँच्छन् र सामूहिक जीवन र विकासका लागि एक-अर्कामा निर्भर रहन्छन् ।

## ४.२. परामर्श र मञ्जुरीबीचको फरक बुझाइ

मञ्जुरी भनेको निश्चित प्रस्ताव वा कार्यसम्बन्धमा स्वतन्त्र र सामूहिक निर्णयको परिणाम हो । यो एक संयन्त्र हो जसमा सूचनामा पहुँच, परामर्श, आन्तरिक

संवाद र स्वतन्त्र निर्णय प्रक्रियाको माध्यमबाट मञ्जुरी दिने कि नदिने भन्ने कुरा पर्छ ।

अर्कोतिर परामर्श भनेको त्यस्तो एउटा संयन्त्र हो जहाँ प्रजातान्त्रिक अधिकारका रूपमा निश्चित विषय, प्रस्ताव वा कार्यको परिणाम वा अन्तिम निर्णयलाई प्रभावित बनाउनका लागि आफ्नो विचार राख्ने काम हुन्छ । त्यसैले परामर्शमा अर्को पक्षको संलग्नता रहन्छ । त्यसले सरोकारवालाको विचार संकलन गर्ने काम गर्छ तर निर्णय गर्ने अधिकार त्यही पक्षसँग रहन्छ । परामर्शसँग मञ्जुरीलाई तुलना गर्दा यो पक्षले सरोकारवालाबाट विचार संकलन गर्ने मात्र होइन, परियोजना, कार्यक्रम र कामकारबाही सुरू गर्नुअघि नै त्यसलाई गर्न दिने वा नदिने भन्ने सम्बन्धमा आदिवासी जनजाति समुदायले लिने सामूहिक निर्णय हो ।

माथि उल्लेख गरिएका आधारमा भन्ने हो भने मञ्जुरी अन्तिम परिणाम हो । तर, त्यो निर्णय प्रक्रिया स्वतन्त्र हुन्छ । जब कि परामर्श सम्बन्धित निर्णय प्रक्रियालाई ध्यानमा राखेर गरिने विचारको संकलन

### मञ्जुरी र परामर्शमा भिन्नता

| मञ्जुरी | परामर्श |
|---|---|
| • मञ्जुरी स्वतन्त्र र सामूहिक निर्णय प्रक्रियाको परिणाम हो जसमा परामर्श पनि समावेश हुन्छ ।<br>• सामूहिक निर्णय स्वतन्त्र र परिणामलाई प्रभावित बनाउने कुनै पनि सर्तबाट मुक्त हुन्छ ।<br>• मञ्जुरी दिने र नदिने भन्ने कुरा सही र पर्याप्त सूचनामा आधारित हुन्छ र राम्रोसँग जानीबुझी निर्णय गरिन्छ । प्रभावित आदिवासी जनजातिले आफूले बुझ्ने ढंगको स्वरूपमा थप सूचना माग्न सक्छन् र आवश्यकता ठानेको खण्डमा त्यसलाई जाँच्ने काम पनि गर्न सकिन्छ ।<br>• मञ्जुरी दिने वा नदिने भन्ने निर्णयमा पुग्नुअगाडि महिला, युवा र पाकाहरूको विचार र सरोकारलाई ध्यान दिनुपर्छ ।<br>• मञ्जुरी दिने वा नदिने भन्ने निर्णय प्रक्रियालाई सबै पक्षले उपयुक्त दस्तावेजीकरण, सम्मान र पालना गरिनुपर्छ । प्रभावित समुदायलाई मञ्जुरी दिनका लागि दबाब, धम्की वा सर्त दिइनुहुन्न । | • परामर्श भनेको यस्तो एउटा संयन्त्र हो जुन प्रजातान्त्रिक अधिकारको एक हिस्साका रूपमा सबै नागरिकले आफूलाई प्रभावित बनाउने विषयहरूमा आफ्ना विचार र सरोकार राख्न सक्छन् । यस सन्दर्भमा कुनै पक्षले विभिन्न सरोकारवाला बोलाएर, सूचना अदान-प्रदान गर्ने, सरकोरवालाको विचार, भावना, सिफारिस बुझ्ने काम हुन्छ ।<br>• परामर्श असल नियतबाट हुनुपर्छ । प्रभावित समुदाय वा व्यक्तिलाई आफ्नो विचार, भावना र सरोकार निर्माण र प्रवाहका लागि सही र निष्पक्ष जानकारी उपलब्ध गराइनुपर्छ । परामर्शलाई अर्थपूर्ण बनाउनका लागि ती विचार र सरोकारलाई सम्बन्धित विषयमा निर्णय लिँदा ध्यान दिइनुपर्छ ।<br>• परामर्शमा पारदर्शी र समावेशी ढंगले सबै सरोकारवालालाई आफ्नो विचार र सरोकार अभिव्यक्त गर्न दिइनुपर्छ । महिला, युवा र पाकालाई कुनै डरविना आफ्ना सरोकार राख्न दिइनुपर्छ ।<br>• सरोकारवालाको विचार, भावना, सराकोर र सिफारिसलाई उपयुक्त ढंगले दस्तावेजीकरण गर्नुपर्छ । परामर्शको परिणामलाई सार्वजनिक गरिनुपर्छ । |

तथा सम्प्रेषणमात्र हो ।

रेडप्लसको सन्दर्भमा कुरा गर्दा कार्यान्वयनमा जानुभन्दा अगाडि आदिवासी जनजाति, विशेषगरेर जो भूमि, भू-भाग र स्रोतहरूमा आश्रित छन् उनीहरूसँग मञ्जुरी लिइनुपर्छ । आदिवासी जनजातिको भूमि, भू-भाग र स्रोतमाथिको अधिकार अभ्यासको स्पष्ट र पूर्ण व्यवस्थासहित प्रभावित उनीहरूसँग मञ्जुरी लिइनुपर्छ । रेडप्लसका नीति, रणनीति र गतिविधिले उनीहरूको अधिकार, हित र कल्याणमा पार्ने प्रभावलाई ध्यान दिएर, सोचेर अन्तिम हुन्छ वा हुन्न भन्ने निर्णय प्रभावित आदिवासी जनजातिले गर्नेछन् ।

मञ्जुरी दिने वा नदिने भन्ने निर्णय प्रक्रियाका लागि प्रभावित आदिवासी जनजातिले पर्याप्त जानकारी, जागरूकता र ज्ञान प्राप्त गर्नका लागि शृंखलाबद्ध परामर्शको जरूरत पर्छ । मञ्जुरी प्रक्रिया शृंखलाबद्ध

> **ध्यानाकर्षण** : मञ्जुरी भनेको निश्चित प्रस्ताव वा कार्य सम्बन्धमा स्वतन्त्र र सामूहिक निर्णयको परिणाम हो । अर्कोतिर परामर्श भनेको त्यस्तो एउटा संयन्त्र हो जहाँ प्रजातान्त्रिक अधिकारका रूपमा निश्चित विषय, प्रस्ताव वा कार्यको परिणाम वा अन्तिम निर्णयलाई प्रभावित बनाउनका लागि आफ्नो विचार राख्ने काम हो ।

परामर्श र आन्तरिक छलफलका माध्यमबाट दोहोरिइरहने प्रक्रिया हो । मञ्जुरी प्राप्त गर्नका लागि प्रभावित आदिवासी जनजातिको विचार र सरोकारलाई ध्यान दिने लचकता अपनाइन्छ । अर्कोतिर आदिवासी जनजातिको अधिकार, हित र कल्याणसँग सम्बन्धित सरोकार उचित ढंगले सम्बोधन नगरिएको वा ध्यान नदिइएको अवस्थामा उनीहरूको सामूहिक निर्णयले मञ्जुरी दिइएन भने पनि त्यसलाई सम्मान गरिनुपर्छ । मञ्जुरी दिने वा नदिने भन्ने निर्णय अन्य पक्षको बल, दबाब वा सर्तबाट मुक्त भई प्रभावित आदिवासी जनजातिलाई निर्णय गर्न दिनुपर्छ ।

निर्णय प्रक्रियाबाट अन्तिम निर्णयमा पुग्नका लागि महिला र युवासहितको सबै सम्बन्धित आदिवासी जनजाति परामर्शमा पूर्ण सहभागिता र संलग्नताको अवसर उपलब्ध गराइनुपर्छ ।

## ४.३. आदिवासी जनजाति किन एफ्पीक (FPIC) का हकदार ?

आदिवासी जनजातिको सामूहिक अधिकार प्रयोगका सन्दर्भमा एफ्पीक (FPIC) विशेष अधिकार हो । संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्र (UNDRIP) ले यसको व्यवस्था गरेको छ । यो आदिवासी जनजातिलाई असर पार्न सक्ने विषयमा उनीहरूको वैधानिक अधिकार हो । आदिवासी जनजातिको भूमि, भू-भाग र स्रोतको अधिकार तथा आत्मनिर्णयको अधिकार र साँस्कृतिक सम्पूर्णताको अभ्यासका लागि यो अनिवार्य तत्व हो । आदिवासी जनजातिको भूमि र भू-भाग, साँस्कृतिक सम्पदा र एकताका साथै स्वशासनको अधिकार उल्लंघन गर्दै उनीहरूमाथि उत्पीडन, विभेद र दमन गरिएको विश्वभरिकै आदिवासी जनजातिको इतिहासले स्पष्ट देखाएको छ ।

राज्य निर्माणक्रममा आदिवासी जनजातिको भूमि, भू-भाग र स्रोत खोसियो । जसले गर्दा आदिवासी जनजातिको जाति संहार र सीमान्तीकरणजस्ता परिणाम देखापरे । यस्ता कार्य हुन नदिन र सामाजिक न्यायका लागि आदिवासी जनजातिको सामूहिक अधिकारलाई सम्मान र मान्यता प्रदान गरिनुपर्छ । उनीहरूको सामूहिक जीवन र विकासलाई आत्मनिर्णयको विषयका रूपमा सुनिश्चित गरिनुपर्छ ।

यसका साथै विशेषगरेर आदिवासी जनजातिको भूमि, भू-भाग र स्रोतको प्रयोगले उनीहरूमाथि असर पार्ने हुँदा एफ्पीक (FPIC)ले उनीहरूको मञ्जुरीका लागि आवश्यक चरण प्रदान गर्छ । आदिवासी जनजातिको भूमि, भू-भाग, साँस्कृतिक सम्पदा, पहिचान, जीविका र सामूहिक हितमा गम्भीर असर पार्ने सबै गतिविधि, परियोजना, कार्यक्रम र नीति कार्यान्वयन गर्नुअगावै आदिवासी जनजातिबाट मञ्जुरी लिइनु आवश्यक छ । यसले अधिकारवालाका रूपमा निर्णयहरूमा आदिवासी जनजातिको महत्वपूर्ण भूमिको

सुनिश्चितता गर्नुका साथै उनीहरूको सामूहिक पहिचान, सम्पदा र अधिकारको पनि सम्मान हुने निश्चित छ ।

माथि उल्लेख भएका कुराका आधारमा आदिवासी जनजातिको एफ्पीक (FPIC) उनीहरूको सामूहिक अधिकार अभ्यासका लागि महत्वपूर्ण र आन्तर्निहित अंगका रूपमा रहेको छ । एफ्पीक (FPIC) युएनड्रीप (UNDRIP)बाहेक पनि अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र जैविक विविधतासम्बन्धी महासन्धिजस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरूले मान्यता दिएको छ र आफ्नो अंशका रूपमा समेटेको छ ।

## ४.४. एफ्पीक (FPIC) का शिषेशताहरू के-के हुन् ?

**क. भूमि, भू-भाग र स्रोत नियन्त्रण र उनीहरूको संस्कृति सम्मानको निरन्तरता**

एफ्पीक (FPIC) प्रक्रियाले आदिवासी जनजातिलाई विशेषगरेर विशिष्ट मानिसका रूपमा आफ्नो विकासका लागि भूमि तथा भू-भागको नियन्त्रण र व्यवस्थापन तथा साँस्कृतिक सम्पूर्णता र आत्मनिर्णयको अभ्यास गर्न दिन्छ । त्यसैले सरकार, संस्थान, संस्था, संगठन र परियोजनाका प्रस्तावकहरू जस्ता समुदायभन्दा बाहिरकाले आदिवासी जनजातिमाथि असर गर्ने जुनसुकै किसिमको परियोजना तथा गतिविधि कार्यान्वयन गर्नुअघि सम्बन्धित आदिवासी समुदायसँग अधिकारवालाका रूपमा मञ्जुरी लिनु र आधिकारिकता प्राप्त गर्नु आवश्यक छ । आदिवासी जनजातिलाई असर पार्न सक्नेगरी उनीहरूको भू-भागमा परियोजना र कार्यक्रम कार्यान्वयन गर्न चाहने बाहिरी निकायसँग आदिवासी जनजातिको सम्बन्ध र संलग्नताको तह यसले परिभाषित गर्छ ।

**ख. आत्मनिर्णयको अधिकारको अभ्यास**

आदिवासी जनजातिसँग आफ्नो भूमि, भू-भाग र स्रोतको उचित व्यवस्थापन गर्नका लागि आफ्नै परम्परागत स्वशासन प्रणाली हुन्छ । त्यसमा उनीहरूको सामाजिक-राजनीतिक प्रणालीलगायत प्रथाजनित कानुनी अभ्यास, स्रोत व्यवस्थापन प्रणाली, परम्परागत ज्ञान र साँस्कृतिक रीति-रिवाज पर्छन्, जसले उनीहरूलाई मूलधार र सत्ताधारी समाजभन्दा भिन्न देखाउँछ । उपनिवेशीकरण, दमन र जबर्जस्ती समाहितीकरणले गर्दा आदिवासी जनजातिको स्वशाासन कमजोर र मेटिने अवस्थामा पुगेको छ । यसको बाबजुद, आदिवासी जनजातिले आफ्नो सामूहिक पहिचान, जीवनशैली र परम्परागत स्वशासन प्रणालीलाई आफ्नो आत्मनिर्णयको साझा अधिकारका रूपमा निरन्तरता दिँदै र जोगाउँदै आएका छन् । यस अधिकारले विशिष्ट मानिसका रूपमा उनीहरूको साँस्कृतिक र सामाजिक प्रणालीलाई दृष्टिगत गरेर, विकासको निर्णय अधिकारलाई पनि समेट्छ । साथै, एफ्पीक (FPIC)ले आदिवासी जनजातिलाई असर पार्न सक्ने विषयमा आत्मनिर्णयको अभ्यासका रूपमा आफ्ना सामूहिक निर्णय लिनका लागि संयन्त्र प्रदान गर्छ । यसले उनीहरूका स्वशासन र भूमि, भू-भाग तथा स्रोतहरूको स्वविकाससम्बन्धी कार्यलाई कमजोर बनाउने बलजफ्ती कार्यविरूद्ध सुरक्षा कवचको काम गर्छ ।

**ग. सुरक्षा उपायका रूपमा एफ्पीक (FPIC)**

एफ्पीकले आदिवासी जनजातिमाथि कुनै पनि परियोजनाले पार्नसक्ने सम्भावित सामाजिक र वातावरणीय असरबाट सुरक्षाको प्रत्याभूति दिन्छ । यसमा कुनै पनि परियोजना स्वीकार गर्ने वा अस्वीकार गर्ने भन्ने कुराको निर्णय लिने प्रक्रियामा विचार गरिनेछ । एफ्पीक (FPIC) प्रक्रियाले परियोजनाले निम्त्याउन सक्ने सम्भावित नकारात्मक असरबारे ध्यान दिएर आफ्नो विचार राख्न प्रेरित गर्छ । यस प्रक्रियामा उनीहरूले परियोजनाका प्रस्तावकहरूबाट तुलनात्मक अध्ययनबाट प्राप्त परिणाम पनि समेटिएको सूचना स्पष्ट रूपमा माग गर्न सक्छन् । प्रभावित आदिवासी जनजाति समुदायलाई उपलब्ध सूचनाबाट सामूहिक निर्णय लिने मार्गनिर्देशन प्राप्त हुन्छ । परिणामस्वरूप एफ्पीक (FPIC)को सञ्चालनले आदिवासी जनजातिलाई प्रभाव पार्न सक्ने परियोजनाबारे सबै कोणबाट जानकारी हुने मौका प्राप्त हुनुका साथै परियोजनाबाट उनीहरूको सामूहिक हित र कल्याणसम्बन्धी कुरामा पर्न सक्ने प्रभावबारे सामूहिक विचार-विमर्श गर्न पर्याप्त समय मिल्छ । एफ्पीक (FPIC) प्रक्रियाभित्र आदिवासी

जनजातिबाट गरिएको सामूहिक निर्णयप्रतिको सम्मान र पालनाले उनीहरूको हित र कल्याणको निरन्तरता र संरक्षण हुन्छ ।

यो एउटा प्रक्रियागत कुरा मात्र होइन, आदिवासी जनजातिको सामूहिक अधिकारलाई सम्मान गर्ने महत्वपूर्ण संयन्त्र पनि हो । नीति निर्माण र निर्णय प्रक्रियामा एफ्पीक (FPIC)ले आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्छ । एफ्पीक (FPIC) ले वार्ताका लागि आदिवासी जनजातिको सर्तहरू स्थापित गर्छ र उनीहरूमाथि बाहिरी नीति, कार्यक्रम र गतिविधिले पार्ने प्रभावको विषयलाई परिभाषित गर्छ ।

**घ. सामूहिक निर्णय प्रक्रियाका रूपमा एफ्पीक (FPIC)**

एफ्पीक (FPIC) समुदायका सदस्यले लिने सामूहिक निर्णय हो । आदिवासी जनजातिको सामूहिक रूपमै अस्तित्व छ, उनीहरू आफ्नो सामूहिक जीवन र विकासका लागि एक-अर्कामा निर्भर छन् । यस सन्दर्भमा आदिवासी जनजातिको सामूहिक निर्णय नै उनीहरूको सामूहिक हित रक्षाका लागि पूर्ण रूपले जिम्मेवार रहन्छ । यसमा हरेक व्यक्तिलाई विचार र सरोकार राख्ने मौका दिइन्छ । त्यसैका आधारमा समुदायको बृहत्तर सामुदायिक हितका लागि सामूहिक निर्णय लिइन्छ । आदिवासी जनजातिको सामूहिक निर्णय भनेको व्यक्तिगत निर्णयको जोडमात्र होइन, बरू व्यक्तिगत हित र फाइदाभन्दा माथि उठेर सामूहिक विचार-विमर्शमार्फत सामूहिक हित र कल्याणको कार्य गर्नु हो ।

**ङ. दोहोरिरहने प्रक्रियाका रूपमा एफ्पीक (FPIC)**

एफ्पीक (FPIC) दोहोरिरहने प्रक्रिया हो, जसमा विशिष्ट समूहका रूपमा रहेका आदिवासी जनजातिको हितलाई असर गर्ने विषयमा असल नियतले परस्पर सम्मान र अर्थपूर्ण सहमगिताको सुनिश्चिततासहित निर्णय गरिन्छ ।

दोहोरिरहने प्रक्रियाका रूपमा यसमा आदिवासी समुदाय र उनीहरूबाट मञ्जुरी लिन चाहनेबीच शृंखलाबद्ध परामर्श, संवाद र छलफल आवश्यकता पर्छ । यसले परियोजना कार्यान्वयनअघि मात्र होइन, पूरै परियोजना चक्रमा आदिवासी जनजातिको संलग्नताको आवश्यकतालाई पनि औंल्याएको छ । त्यसैले पनि आदिवासी जनजातिका लागि असर पार्ने विषयमा निर्णय गर्ने प्रक्रियालगायतमा उनीहरूको पूर्ण र प्रभावकारी सहभागिता गराउन एफ्पीक (FPIC) एउटा संयन्त्र बनेको छ ।

**च. सरकार र अन्य बहिरी पक्षसँग संलग्नताको प्रक्रियाका रूपमा एफ्पीक (FPIC)**

आदिवासी जनजातिको अधिकारको सम्मान गर्ने कार्ययोजनाको साथसाथै एफ्पीक (FPIC)ले उनीहरूको सरकारलगायत समुदायभन्दा बाहिरी पक्ष/निकायसँगको सम्बन्ध परिभाषित गर्छ, जसको परियोजना, योजना, गतिविधि, कानुन र नीतिले आदिवासी जनजातिलाई असर गर्छ । यस सन्दर्भमा, आदिवासी जनजातिलाई प्रभाव पार्ने जुनसुकै योजना वा गतिविधि सम्बन्धमा परस्पर विश्वाससाथ पूर्ण र सही जानकारीको आदान-प्रदान गर्नुका साथै परामर्श, संवाद र अन्तर्क्रियाको माध्यमबाट मञ्जुरी खोजिनुपर्छ । बाहिरी निकायसँगको आदिवासी जनजातिको संलग्नता फगत परामर्शका लागि मात्र होइन । आदिवासी जनजातिको विचार, सवाल र सरोकारवालाप्रति ध्यान दिनु र सम्बोधन गर्नुका साथै उनीहरूको सामूहिक निर्णयको सम्मान गर्नु पनि हो ।

## ४.५. एफ्पीक (FPIC) का प्रमुख तत्वहरू के-के हुन् ?


एफ्पीक (FPIC)लाई विशेषगरेर आदिवासी जनजातिको सामूहिक निर्णय प्रक्रियामा अन्तरनिहित अंग वा संयन्त्रका रूपमा बुझ्नु जरूरी छ । एफ्पीकको हरेक तत्वको सिद्धान्त र अंग एक-अर्कासँग सम्बन्धित छन्, यिनीहरूलाई फरक तत्वका रूपमा छुट्याएर हेर्न सकिँदैन । विशेषगरेर, पहिलो तीन तत्व (स्वतन्त्र, अग्रिम र जानकार) निर्णय प्रक्रियाका रूपमा सहमतिको आवश्यक सर्तका रूपमा रहेका छन् ।

त्यसैले एफ्पीकलाई आदिवासी जनजातिको सामूहिक निर्णय गर्ने प्रक्रियाको अर्थपूर्ण अभ्यास गर्ने एउटा पूर्ण संयन्त्रका रूपमा लिइएको छ । आदिवासी जनजातिको सामूहिक अधिकारको बृहत्तर खाकाभित्रै एफ्पीक (FPIC)को प्रयोग र कार्यान्वयन हुन्छ ।

तल दिइएको चित्रले मञ्जुरीको सर्त वा योग्यताका रूपमा स्वतन्त्र, अग्रिम र जानकारीलाई देखाएको छ ।

एफ्पीक (FPIC)

- **स्वतन्त्र** : निर्णयको स्वतन्त्र प्रक्रिया
- **अग्रिम**: कार्यान्वयनअघि नै उनीहरूको सरोकार रहेको जुनसुकै परियोजनाका सम्बन्धमा निर्णय प्रक्रियामा जाने अधिकार
- **जानकारी** : निर्णयसम्बन्धी विषयको पर्याप्त सूचना लिने अधिकार
- **मञ्जुरी** : आफ्नै निर्णय प्रक्रियाबाट प्रभावित समुदायले गर्ने सामूहिक र स्वतन्त्र निर्णय




## ४.६. प्रक्रियागत रूपमा एफ्पीक (FPIC) का प्रमुख सिद्धान्तहरू के-के हुन् ?

**क. स्वतन्त्र भनेको के हो ?**

स्वतन्त्र भन्नाले आदिवासी जनजातिको निर्णय प्रक्रिया अन्य समूह, अंग वा निकायको लोभलालच, धाकधम्की वा जबर्जस्तीलगायतबाट मुक्त रहनुलाई बुझ्नुपर्छ । स्वनिर्णयको प्रक्रिया र त्यसको नतिजामा जुनसुकै किसिमको बाहिरी प्रभाव यस सिद्धान्तको स्पष्ट उल्लंघन हो । आदिवासी जनजातिले नमानेको वा उनीहरूप्रति उत्तरदायी नभएको निकाय वा समूहबाट लिइएको सहमति मान्य हुँदैन । साथै, निर्णय प्रक्रियाको स्वतन्त्रता र त्यसबाट प्राप्त नतिजाको आदिवासी जनजाति समुदायकै सदस्यहरूसँग पुनःपरीक्षण गरिनुपर्छ ।

**ख. अग्रिम भनेको के हो ?**

मञ्जुरी कुनै पनि परियोजना वा गतिविधि कार्यान्वयन गर्नुअघिको पूर्वसर्त हो । आदिवासी जनजातिसँगको परामर्श र मञ्जुरीका लागि आवश्यक समयको सम्मान गर्दै कुनै पनि गतिविधि वा परियोजनाका लागि त्यसअघि नै लिइने अधिकारिकता हो । आदिवासी जनजातिले सामूहिक रूपमा प्राप्त गरेको सूचना वा जानकारी बुझ्न, विश्लेषण गर्न र छलफलका लागि पर्याप्त समय प्राप्त गरेको छ भन्ने कुराको सुनिश्चितता अग्रिम रूपमा हुनुपर्छ । अग्रिमले आदिवासी जनजातिको गति र अवस्थाअनुसार निर्णय प्रक्रियामा लाग्ने समयको सम्मान गर्छ । आदिवासी जनजातिबाट मञ्जुरी चाहने सबै पक्षले असल नियतको छलफलबाट निर्णय प्रक्रियाको समयसीमामा सहमति गर्नुपर्छ ।

राष्ट्रिय कानुनले सूचना प्रवाह गर्न तथा परामर्श गर्नका लागि समयसीमासहितको व्यवस्था गरेको हुन सक्छ । यद्यपि, यसलाई आदिवासी जनजातिले प्राप्त गरेको सूचनामा निर्णय गर्नका लागि आफैंले तय गरेको प्रक्रियाका रूपमा परिभाषित गर्न सकिँदैन ।

पक्षहरू र परियोजनाका प्रस्तावकहरूले आदिवासी जनजातिको आफ्नै अवस्था र आवश्यकताका आधारमा गरिने निर्णय प्रक्रियामा आवश्यक पर्ने समयको सम्मान गर्नुपर्ने हुन्छ ।

**ग. जानकारी भनेको के हो ?**

यो राम्रो निर्णयमा पुग्नका लागि एफ्पीकसम्बन्धी निर्णय लिने प्रक्रियाको एउटा महत्वपूर्ण तत्व हो । यो सूचनासम्म पहुँचका लागि मात्र नभई उपलब्ध गरिएको सूचनालाई राम्रोसँग बुझ्नका लागि पनि महत्वपूर्ण छ । आवश्यकताअनुसार सूचनालाई मातृभाषामा आदिवासी जनजाति समुदायले सहज तरिकाले बुझ्ने गरी अनुवाद गर्नुपर्छ । यसबाहेक, आदिवासी जनजाति समुदायका सदस्यले उपलब्ध गराइएको सूचनाबाट सन्तुष्टिको अनुभव गर्नुपर्छ । यसअन्तर्गत उनीहरूले सोधेका प्रश्नको जवाफ वा स्पष्टिकरण दिनुपर्छ । उनीहरूलाई सामूहिक निर्णयमा पुग्नका लागि गतिविधि तथा परियोजनाले पार्ने असरबारे बृहत् जानकारी उपलब्ध गराउनुपर्छ । आदिवासी जनजाति समुदायलाई उपलब्ध गरिएको जानकारी उनीहरूको आन्तरिक विचार-विमर्श र निर्णय लिने प्रक्रियामा महत्वपूर्ण हुन्छ ।

एफ्पीक (FPIC) प्रक्रियामा जानकारी उपलब्ध गराउँदा कुनै कार्य वा प्रस्तावित विकास कार्य वा परियोजनाको सम्पूर्ण तथ्यांक सत्य र वैधानिक हुनुपर्छ । यसअन्तर्गत वातावरणीय र सामाजिक प्रभाव, परियोजनाको खाका, कार्यान्वयन योजना, बजेट र आर्थिक स्रोत, करार अथवा सम्झौताका सर्तहरू आदिलाई समेटिएको हुनुपर्छ । आदिवासी जनजाति समुदायले बुझ्नेगरी पूर्ण सूचना उपलब्ध गराउने कार्यमा परियोजना प्रस्तावकहरू जिम्मेवार हुन्छन् । यस अर्थमा आदिवासी जनजाति समुदायको साक्षरता स्तर र तिनले बुझ्ने भाषालाई ध्यान दिनु आवश्यक हुन्छ ।

परियोजनाका प्रस्तावकहरूबाहेक आदिवासी जनजाति समुदायलाई अरू पनि स्रोतबाट अतिरिक्त जानकारी लिन पाउने स्वतन्त्रता हुन्छ । आदिवासी जनजातिसँग परियोजनाका प्रस्तावले दिएको सूचनाको सत्यताको थप परीक्षण गर्ने पूर्ण अधिकार रहन्छ । प्रायः आदिवासी जनजाति समुदायलाई परियोजनाको सकारात्मक कुरालाई बढाइ-चढाइ गरेर बताइने गरिन्छ भने त्यसका नराम्रा प्रभावसम्बन्धी जानकारी पूर्ण रूपमा उपलब्ध गरिँदैन । आदिवासी जनजाति समुदायको निर्णय परियोजनाले दिने सूचनाको सत्यतामा निर्भर हुन्छ । आदिवासी जनजातिमा आफ्नो निर्णय वा दिइसकेको मञ्जुरीलाई प्रक्रियागत रूपले पुनर्विचार गर्ने वा समीक्षा गर्ने अधिकार रहन्छ । परियोजना वा त्यसका प्रस्तावकहरूले आदिवासी जनजाति समुदायलाई कमसेकम निम्नविषय जानकारी दिइनुपर्छ :

- प्रस्तावित परियोजना वा गतिविधिको प्रकृति, आकार र क्षेत्र
- सामान्य र विशेष उद्देश्य, कार्यान्वयन योजना, बजेट, परियोजना वा गतिविधिको परिणाम र प्रभाव तथा कुनै-कुनैमा लगानीको स्रोत
- परियोजनाको अवधि, स्थान र स्तर
- आर्थिक, सामाजिक, साँस्कृतिक र वातावरणीय प्रभावको मूल्यांकन, सम्भावित चुनौती तथा निष्पक्ष र न्यायसंगत लाभको वितरण संयन्त्र
- आदिवासी जनजातिको बुझाइको स्तरका आधारमा पूर्ण र स्पष्ट सूचनाको उपलब्धता
- प्रस्तावित परियोजनाको कार्यान्वयनमा कर्मचारीहरूको संलग्नता (आदिवासी जनजाति, निजी क्षेत्रका कर्मचारी, शोध संस्था, सरकारी कर्मचारी र अन्य)

**घ. मञ्जुरी भनेको के हो ?**

यो आदिवासी जनजातिको सामूहिक निर्णय प्रक्रिया हो जसले विभिन्न चरण समेट्छ । यसमा आवश्यकताअनुसार शृंखलाबद्ध परामर्श समेटिन्छ र सामूहिक निर्णयमा पुग्नुअगाडि आदिवासी जनजातिको आफ्नो आन्तरिक विचार विमर्शका लागि पर्याप्त समय दिइनुपर्छ । छलफलका क्रममा महिला र युवासहितको समुदायका सदस्यलाई आफ्ना विचार राख्न, सरोकारलाई उजागर गर्न, थप सूचना माग्न र उनीहरूको प्रश्न तथा सरोकारका विषयमा स्पष्टिकरण माग्न छुट दिइनुपर्छ ।

यो पारदर्शी, समावेशी र सुझबुझपूर्ण हुन्छ ।

परामर्श र सामूहिक निर्णय प्रक्रियामा आदिवासी जनजाति अगुवाहरूको अर्थपूर्ण र उत्तरदायी सहभागिता हुनुपर्छ । परामर्श प्रक्रिया पूर्ण रूपमा अभिलेख गरिएको हुनुपर्छ । परियोजनाका प्रस्तावकहरूले यदि अनुरोध गरिएमा थप सूचना उपलब्ध गराउनुपर्छ र आदिवासी जनजातिले तय गरेको सर्त तथा स्पष्टिकरणको जवाफ दिनुपर्छ । यसका अलावा, परामर्शका लागि आदिवासी जनजातिबीचमै सूचना बुझ्नका लागि एक प्रभावकारी सूचना प्रणाली हुनु जरूरी छ ।

समुदायका सदस्यबीचको विचार-विमर्शका क्रममा उनीहरूको आफ्नो दृष्टिकोण, कल्याण र आकांक्षामाथि परियोजना वा गतिविधिले पार्न सक्ने असरबारे सामूहिक रूपमा छलफल गर्न सक्नुपर्छ । निर्णयमा पुग्नुअगावै उनीहरूबीचमा विचार-विमर्श र छलफलका लागि पर्याप्त समय दिइनुपर्छ । यसका साथै, समुदायमा हुने विचार-विमर्शका क्रममा महिला र युवाहरूको सक्रिय सहभागिता र उनीहरूको विचार तथा विशेष सरोकार र अधिकारका विषयलाई महत्व दिइएको सुनिश्चितता गरिनुपर्छ ।

मञ्जुरीको प्रक्रियाले समुदायका सदस्यहरूको विचार-विमर्श र छलफललाई पछ्याउनुपर्छ जसले गर्दा निर्णय प्रक्रिया उनीहरूले नै ठहऱ्याएअनुसार हुन्छ । आवश्यक देखिएमा आदिवासी जनजातिको निर्णय गर्ने क्षमतालाई बढाउनुपर्छ त्यसमा मञ्जुरी दिने कार्यलाई रोक्ने विकल्प पनि समावेश हुन्छ ।

आदिवासी जनजाति समुदायहरू निर्णयका लागि आफ्नै संयन्त्र र प्रक्रिया तय गर्न स्वतन्त्र छन् । साथै, उनीहरूसँग आफ्नै विचार र निर्णय प्रक्रियाबाट हुन्छ वा हुन्न भन्नेसहितको नियम र सर्तहरू तय गर्ने अधिकार रहन्छ । आदिवासी जनजाति समुदायसँग सर्तहरू पूरा नभएको खण्डमा सहमति फिर्ता लिने अधिकार रहन्छ ।

सहमति भएको विषय समुदायका सदस्यहरूले पूर्ण रूपमा बुझ्नेगरी लेखिनुपर्छ र सहमति नदिइने निर्णयको प्रस्तावकहरूले सम्मान गर्नुपर्छ । आदिवासी जनजाति समुदायमा विपरीत विचारबीच बलियो विभाजन देखिनु भनेको मञ्जुरी नदिइनु हो ।

अर्कोतर्फ मञ्जुरीको अर्थ सर्वसम्मति होइन । आदिवासी जनजातिको परम्परागत निर्णय प्रणालीमा

**एफ्पीक (FPIC)**

**प्रक्रिया चित्र :**

अगुवा र प्रतिनिधिहरूसँग आन्तरिक परामर्श

↓

सूचना प्रचार-प्रसार

↓

परामर्श

↓

समुदायभित्रको विचार विमर्श/उनीहरूबीचको छलफल

↓

आवश्यकताअनुसार थप सूचना वा स्पष्टिकरणको खोजी

↓

थप सूचना वा स्पष्टताका लागि परामर्श र संवाद

↓

सामूहिक निर्णयको विधि

↓

आफैं सामूहिक निर्णय लिनु

↓

प्रस्तावकहरूलाई निर्णय प्रक्रियाको परिणाम जानकारी दिने

↓

उजुरी संयन्त्रको स्थापना

↓

निगरानी र मूल्यांकनमा सहभागिता

समुदायको सर्वहित, सामूहिक हित र कल्याण कायम राख्नका लागि मञ्जुरी सधैं सामूहिक निर्णय प्रक्रियाको अभिलाषा हो ।

यदि त्यहाँ बहुमतविरूद्धमा विचारहरू रहेकै भए पनि र उनीहरूले पनि विपरीत मतका साथ बहुमतलाई पालना गर्न र सम्मान गर्न सहमत हुन्छन् । यसैलाई नै आममञ्जरी वा सामूहिक मञ्जुरीको निर्णयका रूपमा लिइन्छ । त्यसैको परिणामस्वरूप समुदायको सामूहिक आवाज, विचार र हितमा एउटा समाज र सामूहिक अस्तित्व हालसम्म कायम छ ।

रेड प्रक्रिया एफ्पीक (FPIC)



## सत्र ५ : अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरुमा एफ्पीकका सिद्धान्तहरु

समय अवधि : १.५ घन्टा

विधि

१. युएनड्रीप (UNDRIP), आईएलओ १६९ (ILO-169), सीबीडी (CBD) आदि अन्तर्राष्ट्रिय दस्तावेजमा रहेको एफ्पीक (FPIC)का व्यवस्था सम्बन्धमा समूह अभ्यास गराउनुहोस् ।
२. हरेक समूहलाई एउटा दस्तावेजको एफ्पीक (FPIC) सम्बन्धी व्यवस्था बाँड्नुहोस्, त्यसलाई आफ्नो अनुभावका आधारमा व्याख्या गर्ने र छलफल गर्न दिनुहोस् ।
३. हरेक समूहलाई पढ्न, त्यसको विश्लेषण गर्न र छलफल गर्नका लागि ३० देखि ४५ मिनेट समय दिनुहोस्, हरेक समूहलाई सहजकर्ता, दस्तावेजीकरण गर्ने व्यक्ति र प्रतिवेदकको आवश्यकता पर्छ ।
४. त्यसलाई छलफल गराउनुहोस्- सहभागीलाई त्यसको प्रश्न र स्पष्टिकरण सोध्नका लागि उत्प्रेरित गर्नुहोस् ।


वार्ता र निर्णय प्रक्रियामा विश्वव्यापी रूपमा दशकौं लामो पैरवी गरेपछि अन्तर्राष्ट्रिय समुदाय आदिवासी जनजाति सामाजिक, साँस्कृतिक र आर्थिक रूपमा सीमान्तकृत रहेको कुरा मान्न तयार भएका छन् । साथै, आर्थिक उन्नतिको लाभको बाँडफाँडमा सीमान्तीकरणमा परेको तथा विकास र जलवायु परिवर्तनको असरबाट उनीहरूको संस्कृति, पहिचान र स्रोतमा असर परेको स्वीकार गरेका छन् । यही सन्दर्भमा सामाजिक र आर्थिक विकासका लागि दिगो स्रोत व्यवस्थापनमा उनीहरूको भूमिका र योगदानको विश्वव्यापी रूपमा मान्यता र प्रशंसा भएको छ ।

तुलनात्मक रूपमा आदिवासी जनजातिको पूर्ण अधिकार प्राप्तिलाई सुनिश्चित गराउने एफ्पीक (FPIC) नयाँ संयन्त्र हो । केही अन्तर्राष्ट्रिय कानुन र दस्तावेजहरूले एफ्पीक (FPIC)लाई अधिकार र सिद्धान्तका रूपमा उल्लेख गरिसकेका छन् भने केही यसलाई सम्बोधन गर्ने प्रक्रियामा छन् । थुप्रै अन्तरसरकारी संगठन, अन्तर्राष्ट्रिय अंग, महासन्धि र अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनले विभिन्नस्तरमा एफ्पीक (FPIC)लाई आदिवासी जनजातिका अधिकारको महत्वपूर्ण विशेषताका रूपमा लिने क्रम बढ्दो छ यद्यपि त्यो स्वीकारोक्ति फरक-फरक चरणमा रहेको छ । आदिवासी जनजातिको अधिकारलाई सम्मान गर्ने सम्बन्धित अन्तर्राष्ट्रिय कानुनहरूको अनुमोदन र समर्थन गरेका देशहरूका लागि एफ्पीक (FPIC) अन्तर्राष्ट्रिय दायित्वका रूपमा रहेको छ ।

**ध्यानाकर्षण** : अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ (ILO-169), जैविक विविधतासम्बन्धी सम्मेलन (CBD) र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) स्पष्ट रूपमा एफ्पीक (FPIC) को व्यवस्था गर्ने र आदिवासी जनजातिको भूमि र भू-भागमा अधिकारको प्रत्याभूत गर्ने खास अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरू हुन् । यी दस्तावेजले सरकारलाई आफ्नो सीमाक्षेत्रभित्र विकाससम्बन्धी कार्य गर्दा पनि आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरीलाई मान्यता दिन जोड दिन्छ ।

### ५.१. आदिवासी र जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि-१६९

एफ्पीक (FPIC) का सिद्धान्तहरूमा उल्लिखित आदिवासी जनजातिका अधिकारले राज्यलाई उनीहरूको सम्मानको अधिकारमाथि जोड दिन्छ । आईएलओ-१६९ (ILO-169) महासन्धिका अनुसार आदिवासी जनजातिको स्वामित्व भएको वा ओगटेको भू-भागबाट उनीहरूलाई बलजफ्ती हटाइने छैन भन्ने दृष्टिकोण राखिन्छ । महासन्धिले सहमतिविना स्थानान्तरण नगरिने,




विकाससँग सम्बन्धित कार्य, राष्ट्रिय संस्था र कार्यक्रम, भूमि र स्रोतजस्ता विषयमा सूचित सहभागिताको व्यवस्थामा जोड दिन्छ । निम्नलिखित तीनवटा धारामा एफ्पीकबारे महासन्धिले स्पष्ट उल्लेख गरेको छ ।

- **अनुच्छेद १४ (उपधारा १)**: सम्बन्धित जनताले परम्परागत रूपमा ओगट्दै आएको भूमिमा निहित निजहरूको स्वामित्व र भोगचलनलाई मान्यता दिइनेछ । यसका अतिरिक्त, सम्बन्धित जनताले एकलौटी रूपमा नओगटेका तर जीविकोपार्जन र परम्परागत गतिविधिका लागि परम्परागत रूपमा पहुँच प्राप्त गरेका भूमि प्रयोग गर्ने निजहरूको अधिकार रक्षा गर्नका लागि उपयुक्त अवस्थाहरूमा उपायहरू अपनाइन्छन् । यस सम्बन्धमा फिरन्ते जनता र घुमन्ते किसानको अवस्थाउपर विशेष ध्यान दिइन्छ ।
- **अनुच्छेद १५ (उपधारा १)** : सम्बन्धित जनताको भूमिसम्बन्धी प्राकृतिक स्रोतको अधिकारलाई विशेष रूपमा सुरक्षित गरिनेछ । यस्ता अधिकारहरूमा यस्ता स्रोतहरूको उपयोग, व्यवस्थापन र संरक्षणमा सहभागी हुने यी जनताको अधिकारसमेत समावेश छ ।
- **अनुच्छेद १६ (उपधारा २)** : अपवादजनक उपायका रूपमा यस्ता जनताका स्थानान्तरण आवश्यक देखिएको अवस्थामा निजहरूको स्वतन्त्र

जानकारीसहितको मञ्जुरी लिएरमात्र यस्तो स्थानान्तरण गरिनेछ । निजहरूको मञ्जुरी प्राप्त गर्न नसकिने भएमा सम्बन्धित जनताको प्रभावकारी प्रतिनिधित्वका लागि मौका दिनुपर्ने व्यवस्था तथा उपयुक्त भएमा सार्वजनिक जाँचबुझ गर्नेसमेत व्यवस्था गर्न राष्ट्रिय कानुन र नियमबाट स्थापित उपयुक्त कार्यविधि अवलम्बन गरेरमात्र त्यस्तो स्थानान्तरण गरिनेछ ।

## ५.२. जैविक विविधतासम्बन्धी महासन्धि (CBD)

सीबीडीले संरक्षित क्षेत्र कार्यक्रमको लाभको बाँडफाँड तथा पहुँचमा काम गर्छ । आदिवासी जनजातिका धार्मिक स्थल, जमिन र नदीमा प्रस्तावित विकास कार्यसँग सम्बन्धित साँस्कृतिक, वातावरणीय र सामाजिक प्रभावको मूल्यांकनसँग सम्बिन्धित काम गर्छ । सीबीडी (CBD)को धारा ८ (जे)मा आदिवासी जनजाति र स्थानीय समुदायको सहमतिमा मात्र उनीहरूको परम्परागत ज्ञान प्रयोगमा ल्याउने उल्लेख छ । यसको व्याख्या उनीहरूको अग्रिम जानकारीसहितको मञ्जुरीका आधारमा मात्र प्रयोगमा ल्याइनेछ भन्ने अर्थ लगाइएको छ । त्यसैगरी, जैविक विविधताको संरक्षण र व्यवस्थापनसम्बन्धी आदिवासी जनजातिको ज्ञान र अविष्कारको सम्मान, संरक्षण र निरन्तरता सरकारले (राष्ट्रिय कानुनद्वारा) गर्नुपर्छ ।

## ५.३. आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP)

युएनड्रीप (UNDRIP)को निम्न धाराहरूले एफ्पीक



(FPIC)लाई आदिवासी जनजातिको अधिकारका रूपमा परिभाषित गरेको छ ।

- धारा १० आदिवासी जनजातिलाई उनीहरूको बासस्थान तथा भू-क्षेत्रबाट बलपूर्वक स्थानान्तरण गरिने छैन । उनीहरूको स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरीविना स्थानान्तरण गरिने छैन ।
- धारा ११ (नं. २) उनीहरूको वा उनीहरूको कानुनी, परम्परा तथा प्रचलनको उल्लंघन हुनेगरी ल्याइएका उनीहरूको साँस्कृतिक, बौद्धिक, धार्मिक तथा अध्यात्मिक सम्पत्तिको सम्बन्धमा प्रभावकारी संयन्त्र आदिवासी जनजातिसँगको सहकार्यमा तयार गरिएको प्रत्याव्हानसमेतका माध्यमबाट राज्यहरूले त्रुटिपूर्ति उपलब्ध गराउनेछन् ।
- धारा १९ आदिवासी जनजातिलाई प्रभाव पार्ने कानुनी वा प्रशासनिक उपाय अवलम्बन गर्नुपूर्व राज्यले आदिवासी जनजातिको प्राप्त गर्न सम्बन्धित आदिवासी जनजातिका आफ्नै प्रतिनिधिमूलक संस्थामार्फत उनीहरूसँग असल नियतले परामर्श र सहयोग गर्नेछन् ।
- धारा २६ (उपधारा १) आदिवासी जनजातिसँग उनीहरूको परम्परादेखि नै आफ्नो स्वामित्वमा राखेको, कब्जा गरेको वा अन्य किसिमबाट प्रयोग गर्दै आएको वा हासिल गरेको भूमि, भू-भाग तथा संशाधनमाथिको अधिकार छ ।
- धारा २६ (उपधारा २) आदिवासी जनजातिसँग परम्परागत स्वामित्व वा अन्य परम्परागत कब्जा वा प्रयोगका कारण उनीहरूसँग रहेको तथा उनीहरूले अन्य किसिमबाट हासिल गरेको भूमि, क्षेत्र तथा संशाधानको स्वामित्व पाउने, तिनले प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार छ ।
- धारा २८ (उपधारा १) आदिवासी जनजातिसँग उनीहरूले परम्परागत रूपमै स्वामित्व हासिल गरेका वा अन्य ढंगबाट कब्जामा राख्दै आएका वा प्रयोग गर्दै आएका भूमि, भू-भाग र संशाधन आफ्नो अधिकरण गरिए, लिइए, कब्जा गरिए वा नष्ट गरिएमा प्रत्याव्हानलगायतका व्यवस्थाबाट त्रुटि पूर्ति गर्ने वा सम्भव नभएमा उचित, स्वच्छ र न्यायोचित क्षतिपूर्ति लिने अधिकार छ ।
- आदिवासी जनजातिविना उनीहरूको भूमि वा क्षेत्रमा जोखिमयुक्त पदार्थको भण्डारण वा विसर्जन गरिने छैन भन्नेबारे सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपाय अवलम्बन गर्नेछन् ।
- धारा २३ (उपधारा २) आदिवासी जनजातिको भूमि वा भू-भाग वा अन्य संशाधन (विशेषगरेर खनिज, जल वा अन्य संशाधनको विकास, उपयोग वा शोषणसँग सम्बन्धितलाई प्रभावित पार्ने आयोजना स्वीकृत गर्नुपूर्व राज्यहरूले आदिवासी जनजातिको तथा जानकारीसहितको मञ्जुरी प्राप्त गर्नका लागि उनीहरूको आफ्नै प्रतिनिधिमूलक संस्थाहरूका माध्यमबाट सम्बन्धित आदिवासी जनजातिसँग असल नियतबाट परामर्श तथा सहयोग गर्नेछन् ।

## सत्र ६ : एफ्पिक (FPIC) र आदिवासी जनजातिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरू

समय अवधि : ६० मिनेट

विधि

१. आदिवासी जनजाति र एफ्पीक (FPIC) सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विद्यमान नीतिको परिचय दिनुहोस् ।
२. एफ्पीक (FPIC) सम्बन्धी कानुन/नीति भएका देशमा भएको कार्यान्वयनबाट सिकिएका पाठमा जोड दिनुहोस् ।
३. हलमा छलफल गर्नुहोस्- सहभागीलाई छलफलमा सहभागी हुन उत्प्रेरित गर्नुहोस् ।

### ६.१. राष्ट्रिय तहका नीतिहरू

धेरै मुलुकले आफ्नो राष्ट्रिय नीति तथा रणनीतिका एफ्पीक (FPIC)को समर्थन र स्वीकार गरेका छन् । फिलिपिन्स, अस्ट्रेलिया, क्यानाडा र पेरूलगायतका देशले विशेषगरेर आदिवासी जनजातिलाई प्रभाव पार्ने उनीहरूको भूमि र भू-भागसँग सम्बन्धित गतिविधिका लागि राष्ट्रिय स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरीको व्यवस्था गरेका छन् ।

**क. फिलिपिन्स**

फिलिपिन्सले आदिवासी अधिकारसम्बन्धी ऐन (IPRA) सन् १९९७ मा पारित गरेको हो । त्यसमा आदिवासीको एफ्पीक (FPIC) अधिकार भूमि र भू-भागमा प्रभाव पार्ने सबै गतिविधिका लागि एफ्पीक (FPIC) गर्नुपर्ने व्यवस्था गरेको छ । यसमा उत्खनन, विकास र प्राकृतिक स्रोत प्रयोगलगायत जैविक सर्वेक्षण, जुनसुकै प्रकारको विस्थापन र पुनर्बास, जुनसुकै प्रकारको नीति तथा सैनिक गतिविधि जसले आदिवासीमा असर पार्छन् । एफ्पीक (FPIC)लाई ऐनको भाग-२, धारा-३ मा "उनीहरूको प्रथाजन्य कानुन र अभ्यासले निर्धारण गरेअनुसार सबै आदिवासी साँस्कृतिक समुदाय (ICC) वा आदिवासी सदस्यको सर्वसम्मत रूपमा बाहिरी तिक्डम, हस्तक्षेप वा दबाबमुक्त र गतिविधिको आसयलाई पूर्ण रूपमा स्पष्ट पारिएको, समुदायले नै बुझ्ने भाषा र प्रक्रियाका रूपमा परिभाषित गरिएको छ ।

त्यसैगरी भाग ८, धारा ५९ मा एफ्पीक (FPIC) बाट प्राप्त हुने प्रमाणपत्रका लागि पूर्वसर्त यसरी उल्लेख गरिएको छ, "......प्रमाणपत्र परम्परागत शासन क्षेत्र कार्यालयले गरेको सम्बन्धित क्षेत्रको स्थलगत अनुसन्धानपछि मात्र दिइनेछ । सम्बन्धित आदिवासी साँस्कृतिक समुदाय वा आदिवासीसँगको स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरीविना आदिवासीसम्बन्धी राष्ट्रिय आयोग (NCIP)ले प्रमाणपत्र जारी गर्न पाउने छैन ।

त्यस्तै, आवेदनमा निर्णय नभइसकेको अवस्थामा सरकारी विभाग, निकाय वा सरकारको स्वामित्वमा रहेका संस्थानले पनि नयाँ सुविधा, प्रमाणपत्र, भाडामा लगाउने अथवा उत्पादन वितरण गर्ने सम्झौता गर्न सक्दैन । आदिवासी साँस्कृतिक समुदाय वा आदिवासी समुदायलाई कानुनअनुसार परामर्श प्रक्रिया चित्त नबुझेमा परियोजनालाई रोक्न सक्छन् ।" सन् २००६ मा विकास गरेको एफ्पीक (FPIC) निर्देशिकाको भाग १, धारा ५ अनुसार, एफ्पीक (FPIC) लाई आदिवासी साँस्कृतिक समुदाय वा आदिवासी समुदायका सम्पूर्ण सदस्यको साझा सहमतिका रूपमा परिभाषित गरिएको छ ।

जुन कुरा उनीहरूको प्रथाजनित कानुन र चलनचल्तीअनुसार कुनै पनि बाहिरी जालझेल, हस्तक्षेप अनि दबाबबाट मुक्त रहेर समुदायले बुझ्ने भाषामा प्रस्तावित परियोजना वा गतिविधिको उद्देश्य तथा कार्ययोजनाबारे पूर्ण रूपमा छलफल गरी मञ्जुरी लिनु हो । एफ्पीकमा सम्बन्धित आदिवासी साँस्कृतिक समुदाय वा आदिवासी समुदायले सम्झौताका पक्षहरूको सहमतिअनुसार सर्त वा आवश्यकता, लाभका साथै दण्डसमेत उल्लेख गरेर हस्ताक्षर गरिन्छ ।

**ख. अस्ट्रेलिया**

आदिवासी भूमि अधिकार (उत्तरी भू-भाग ऐन १९७६) को भाग ७, धारा ६८ को उपधारा (१) मा भनिएको छ, "आदिवासीको भूमिमा त्यस क्षेत्रको भूमि आयोगले निर्माणका



लागि लिखित मञ्जुरी नदिएसम्म बाटो निर्माण गरिने छैन ।" त्यसैगरी 'उपधारा (२) मा भूमि आयोगले उपधारा (१) अनुसारको सहमति भूमि आयोग सन्तुष्ट नभएसम्म दिइने छैन । (क) सम्बन्धित भूमिका परम्परागत आदिवासी स्वामित्ववालाले सडक निर्माण प्रस्तावको उद्देश्य बुझेर समूहगत मञ्जुरी दिनेछ, (ख) कुनै पनि आदिवासी समुदाय वा समूहलाई सडक निर्माणले असर पार्न सक्छ भने उनीहरूसँग परामर्श गरिनुपर्छ र भूमि आयोगसमक्ष आफ्ना विचार राख्ने उनीहरूलाई यथोचित अवसर प्रदान गरिनेछ' भन्ने उल्लेख गरिएको छ ।

**ग. पेरू**

पेरूमा सन् २००० मा वैज्ञानिक अनुसन्धान र साँस्कृतिक सम्पदा तथा संशाधनको व्यावसायिक उत्खननमा एफ्पीक (FPIC) को महत्वलाई मान्यता दिइयो । एफ्पीक (FPIC) को अधिकार, परम्परागत प्रतिनिधित्व र प्रथाजनित कानुनका आधारमा मान्यता दिइने उल्लेख छ ।

## ६.२. आदिवासी जनजाति र एफ्पीक (FPIC) सम्बन्धमा अन्तर्राष्ट्रिय वित्तीय संस्था र बहुआयामिक बैंकहरूका नीतिहरू

**क. पुनःनिर्माण तथा विकासका लागि युरोपेली बैंक**

युरोपली पुनःनिर्माण तथा विकास बैंकको सन् २००८ मेमा जारी भएको वातावरणीय तथा सामाजिक नीतिले आदिवासी जनजातिको अधिकारलाई मान्यता दिँदै जहाँ उनीहरूलाई असर पार्छ त्यहाँ साझेदारी संलग्नताको प्रत्याभूतिका साथै एफ्पीक (FPIC) गर्नुपर्ने व्यवस्था गरेको छ ।

*('स्वतन्त्र, आग्रिम जानकारीसहितको मञ्जुरीको आवश्यकता छ । यस कार्यका लागि आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको सिद्धान्त र व्यवस्थाअनुसार हुनुपर्छ । अनुच्छेद ३१-३७ मा पहिचान गरिएकमा परियोजनासम्बन्धी गतिविधिमा आदिवासी जनजातिलाई पार्ने नकारात्मक असरलाई मध्यनजर राख्दै प्रभावित आदिवासी जनजातिसँग अग्रिम जानकारीसहितको मञ्जुरी लिनुपर्छ ।')*

यति ग्राहकले आदिवासी जनजातिको भूमिमा प्राकृतिक स्रोतको व्यापारिक विकास गर्न चाहन्छ भने उनीहरूले निम्नकुरा पूरा गर्नुपर्ने उल्लेख छ :

'प्रभावित आदिवासी जनजाति समुदायसँग असल नियतले वार्ता गर्नुपर्छ र वार्ताको परिणामका रूपमा जानकारीसहितको सहभागिता र मञ्जुरीलाई दस्तावेजीकरण गरिनुपर्छ ।'

'निष्पक्ष र समन्यायिक लाभ बाँडफाँड'का लागि आदिवासी जनजातिसँगको वार्ताहरूमा एफ्पीक (FPIC) आवश्यक ढाँचाको रूपमा रहेको छ ।

**ख. अन्तरअमेरिकी बैंक**

अन्तरअमेरिकी बैंकको विद्यमान आदिवासी जनजातिसम्बन्धी नीति सन् २००६ मा आदिवासी जनजातिको अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणापत्र स्वीकार गरिनुअघि नै जारी भएको हो । यसले आईएलओ १६९ (ILO-169) को व्यवस्थाअनुसार सहमति वा मञ्जुरीका लागि 'असल नियतमा वार्ता' र परामर्शको आवश्यकता औंल्याएको छ । यस नीतिअन्तर्गत एफ्पीक (FPIC) को आवश्यकता 'प्रयोगमा रहेका कानुनी मान्यता' जसअनुसार 'अन्तरअमेरिकन मानवअधिकार अदालतको अन्तर्राष्ट्रिय दायित्व'ले पहिचान गरेको छ ।

**ग. एसियाली विकास बैंक**

एसियाली विकास बैंकले सन २००९ मा सुरक्षा उपायसम्बन्धी नीतिलाई अंगीकार गऱ्यो । त्यसमा

आदिवासी जनजातिका लागि सुरक्षा उपाय र सिद्धान्तहरूसमेत संलग्न छन् ।

आदिवासी जनजातिको सुरक्षा उपायको उद्देश्य परियोजनाको खाका बनाउँदा र कार्यान्वयन गर्दा आदिवासी जनजाति आफैंले परिभाषित गरेअनुसार उनीहरूको पहिचान, स्वाभिमान, मानवअधिकार, जीविकोपार्जन प्रणाली र विशिष्ट संस्कृतिको पूर्ण रूपले सम्मान गर्नु रहेको छ । तिनीहरू हुन् :

क. साँस्कृतिक रूपमा उपयुक्त सामाजिक र आर्थिक लाभ प्राप्ति,
ख. परियोजनाको परिणामस्वरूप नकारात्मक असर नपरून्,
ग. उनीहरूलाई प्रभावित बनाउने परियोजनामा सक्रिय सहभागिता जनाउन सकून् ।

आदिवासी जनजातिसम्बन्धी सुरक्षा उपाय उनीहरूको स्वाभिमान, मानवअधिकार, जीविकोपार्जनको प्रणाली र संस्कृतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पार्नुका साथै उनीहरूले आफ्नो पुर्ख्यौली भूमिका रूपमा स्वामित्व, प्रयोग, नियन्त्रण वा दाबी गरिरहेका भूमिको प्राकृतिक वा साँस्कृतिक स्रोतमा पर्ने प्रभावमा पनि आकर्षित हुन्छ ।

यस सुरक्षा उपायहरूअन्तर्गत बैंकका ग्राहकले प्रभावित आदिवासी जनजातिको अधिकार संरक्षण गर्ने पूर्ण दायित्व रहन्छ । एसियाली विकास बैंकका ग्राहकले आदिवासी जनजातिका अधिकार संरक्षणका लागि पूरा गर्नुपर्ने व्यवस्थाहरू निम्न छन् :

अ. सामाजिक प्रभाव मूल्यांकन तथा योजना तर्जुमा,
आ. सामाजिक प्रभाव मूल्यांकन तथा योजनाको दस्तावेजीकरण,
इ. परियोजनाको गतिविधि छान्नका लागि प्रभावित आदिवासी जनजाति समुदायको मञ्जुरी लिनेसहितको परामर्श र सूचना प्रवाह,
ई. उजुरी संयन्त्र स्थापना,
उ. अनुगमन र प्रतिवेदन ।

**घ. विश्व बैंक समूह**

विश्व बैंकका सुरक्षा मापदण्डहरू अहिले समीक्षाका क्रममा रहेको छ र यसलाई सन् २०१३ भित्र पूरा गर्ने लक्ष्य राखेको छ । आदिवासी जनजातिसम्बन्धी नीति ४.१० ले 'स्वतन्त्र, अग्रिम जानकारीसहितको परामर्श (FPIC) भनेको छ । जुन युएनड्रीप (UNDRIP) र अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूले भनेको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरीसँग मिलेको छैन ।

## नेपालको सन्दर्भ

नेपाल सरकारले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धी नं. १६९ र जैविक विविधतासम्बन्धी महासन्धीलाई अनुमोदन तथा आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणापत्रको पक्षमा मतदान गरेको भएपनि ति अन्तर्राष्ट्रिय दायित्वहरू अनुसार एफ्पीक (FPIC) लाई राष्ट्रिय कानुनमा व्यवस्था गरेको छैन । नेपाली आदिवासी जनजातिहले यसका लागि विगतदेखि नै निरन्तर दवाव भने दिइरहेका छन् ।

त्यसैले जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रमको सहयोगमा नेपाल आदिवासी जनजाति महासंघले आफ्नै छुट्टै एफ्पीक (FPIC) कार्य सञ्चालन निर्देशिका बनाउने क्रममा छ । यसले नेपाली आदिवासी जनजातिहरूलाई आफूहरूलाई प्रभावित बनाउने रेडप्लस वा अन्य जुनसुकै खालको परियोजना वा गतिविधिहरूका प्रस्तावकलाई एफ्पिक (FPIC) को प्रक्रियामा लैजानको लागि मार्गदर्शनको काम गर्नेछ । साथै एफ्पीक (FPIC) प्रक्रियामा आदिवासी जनजाति समुदाय आफ्नै प्रतिनिधित्व र सहभागिताको सवालमा देखा पर्नसक्ने असामन्जस्यतालाई पनि पूरा गर्नेछ । साथै यसले सरकारलाई छिटो एफ्पीक (FPIC) को कानुनी व्यवस्था गर्नका दवाव पुग्ने अपेक्षा राखिएको छ ।

नेपालको राष्ट्रिय कानुनअनुसार राज्य पक्ष भएको अन्तर्राष्ट्रिय कानुनी दस्तावेज र घरेलु कानुनबीच विरोधाभाष देखिएमा त्यस हदसम्म घरेलु कानुनको भागी हुने उल्लेख गरिएको छ । यसैले पनि राज्यले एफ्पीक (FPIC) लाई राष्ट्रिय कानुनमा व्यवस्था गर्नुपर्ने बाध्यात्मक अवस्था छ ।

## सत्र ७. रेडप्लसमा गरिएको एफ्पीक (FPIC) बाट सिकिएका पाठहरू

समय अवधि : १.५ घन्टा

### विधि

१. सहभागीलाई उनीहरूको क्षेत्रमा परामर्श र एफ्पीक (FPIC) मा अनुभव भएकालाई हात उठाउन लगाउनुहोस् । उनीहरूलाई आफ्नो चनौती र सिकेका कुरासहित अनुभव सुनाउनका लागि पर्याप्त समय दिनुहोस् ।
२. प्रशिक्षकले रेडप्लसमा एफ्पीक (FPIC) गरिएको भियतनाम र इन्डोनेसिया तथा फिलिपिन्सको उदाहरण दिएर त्यहाँबाट सिकिएका पाठ बताउनुहोस् ।
३. युएन–रेड (UN-REDD)ले उत्पादन गरेको भियतनाम र इन्डोनेसियाको नमुना एफ्पीक (FPIC) का भिडियो देखाउनुहोस् ।
४. सत्रको अन्त्य, सिकिएका पाठ तथा चुनौतीको सारांशसहित गर्नुहोस् ।

### ७.१. फिलिपिन्सबाट सिकिएका पाठहरू

फिलिपिन्सको रेड कार्यान्वयन प्रक्रियामा कोड–रेड (CoDe-REDD) र जर्मन अन्तर्राष्ट्रिय कर्पोरेसन (GIZ) ले रेडप्लसका लागि महत्वपूर्ण रहेको वन फँडानीका कारण, वनसम्बन्धी नीति र कार्बन अधिकारको स्पष्टताका सम्बन्धमा विश्लेषण गरेको थियो । फिलिपिन्स सरकारले बनाएको फिलिपिन्स राष्ट्रिय रेडप्लस रणनीतिमा पनि आदिवासी जनजातिको सामाजिक तथा वातावरणीय सुरक्षाको सुनिश्चितता गरिएको छ ।

कोड-रेड (CoDe–REDD) फिलिपिन्स र जीआईजेट फिलिपिन्सको एफ्पीक (FPIC) कार्यान्वयनमा अग्रणी हुन् । फिलिपिन्सको राष्ट्रिय कानुनले आदिवासी अधिकार ऐन (IPRA) अनुमोन गरेको छ जसले आदिवासी समुदायहरूलाई असर पार्नेगरी उनीहरूको पुर्ख्यौली भू-भागमा लिइने अनुमति वा प्रमाणपत्रमा यो प्रक्रिया लागू हुन्छ । आदिवासीको भू-भाग र पुर्ख्यौली भूमिमा एफ्पीक (FPIC) विना कुनै पनि परियोजना प्रस्तावकले परियोजना वा विकास कार्य कार्यान्वयन गर्न पाउँदैनन् (www.ntfp.org.code-redd) ।

एफ्पीकको कार्यान्वयन वातावरण तथा प्राकृतिक स्रोत विभाग (DENR), स्थानीय सरकारी इकाइहरू (LGUS) र विभिन्न गैरसरकारी संस्था (NGOs)हरूको सहकार्यमा गरिन्छ । यसको प्रमुख धेय आदिवासीको आत्मनिर्णयको अधिकारलाई सुनिश्चित गर्नका लागि एफ्पीक (FPIC)को इमानदारीपूर्वक

#### फिलिपिन्सबाट सिकिएका प्रमुख पाठहरू

- फिलिपिन्समा आदिवासीको एफ्पीक (FPIC) सम्बन्धमा मजबुत कानुनी व्यवस्था रहेको छ । यद्यपि, कार्यान्वयन पक्ष कमजोर रहेको छ ।
- परियोजनाका प्रस्तावकहरू एफ्पीक (FPIC) प्रक्रियामा क्षतिपूर्ति वा भुक्तानी दिने कार्यमा पक्षपाती छन् ।
- सहमतिलाई अक्सर गरेर सरकार र परियोजना प्रस्तावकहरूले जालझेल र विकृत बनाउने काम गर्छ ।
- पूर्वाग्रह पूर्ण ढंगले एफ्पीक (FPIC) प्रक्रियामा परियोजनाको पूर्ण र विस्तृत विवरण दिइँदैन ।
- परियोजना प्रस्तावकहरूले आफ्नो अनुकूलको एफ्पीक (FPIC) गर्नका लागि झुठा आदिवासी काउन्सिलको निर्माण गर्छ ।
- एफ्पीक (FPIC) प्रक्रिया छोटो बाटोबाट छिटो गरिसक्ने गरिन्छ ।
- एफ्पीक (FPIC) को आवश्यकता र सर्तहरू पूरा नगरी धोकाधडीमार्फत मञ्जुरीका नाममा हस्ताक्षर खरिद गरिन्छ ।
- सरकारलाई हात लिएर आदिवासीलाई बेवास्ता गरिन्छ ।
- फिलिपिन्सका आदिवासीले आफ्ना जैविक तथा अनुवांशिक स्रोतको प्रयोग गर्न दिनु भन्दा अगाडि एफ्पीक (FPIC) प्राप्त गर्न रचनात्मक ढंगले आफ्नै प्रणालीको खोजी गर्नुपर्छ ।

कार्यान्वयन गर्नु हो । यसको अर्को उद्देश्य एफ्पीक (FPIC) मा आदिवासीको दृष्टिकोणको परिभाषित गर्नु र देशमा एफ्पीकको माध्यमबाट रेडप्लसको प्रभावकारी कार्यान्वयनका लागि नीति तथा कार्ययोजनाको विकासमा सिफारिस गर्नु रहेको छ । तर, यस प्रक्रियामा एफ्पीक (FPIC) को सीमित अनुगमन र मूल्यांकनको व्यवस्था छ ।

यसले देशमा एफ्पीक (FPIC) को नियम सुधार गर्नका लागि महत्वपूर्ण पहल र सिफारिस गर्ने लक्ष्य राखेको छ । आदिवासीको पुर्ख्यौली स्वामित्वको क्षेत्रमा रेडप्लसको सफल कार्यान्वयनमा यो महत्वपूर्ण छ । आदिवासीको पुर्ख्यौली स्वामित्वको क्षेत्रमा अन्य विकास परियोजनाका लागि पनि यो महत्वपूर्ण छ ।

## ७.२. भियतनामबाट सिकिएका पाठहरू

युएन–रेडका ४२ वटा साझेदार देशहरूमध्ये भियतनाम स्थानीय तहमै एफ्पीक गरिएकाले अग्रणी छ । सन् २०१० को जनवरीदेखि जुनसम्ममा भियतनामकै लम दोङ नमुना प्रान्तस्थित दी लिन्ह र लम ह जिल्लाका ७८ वटा गाउँमा एफ्पीक (FPIC) गरिएको थियो । उक्त नमुना प्रान्त भियतनामभरिका

### भियतनामबाट सिकिएका प्रमुख पाठहरू

- एफ्पिक (FPIC) सहजकर्ता टोलीमा आदिवासीको समावेशी गरिनु प्रशंसनीय छ । यद्यपि, उनीहरूमा रेडप्लस, आदिवासी जनजातिको अधिकार र जीविकोपार्जन प्रणालीसम्बन्धी मूल ज्ञान र बुझाइको अभाव भने खड्किएको थियो । त्यसैले आदिवासी समुदायलाई निरन्तर रूपमा जानकारी दिनका लागि सहजकर्ता राम्ररी प्रशिक्षित गरिएको र व्यावहारिक हुनु जरूरी छ ।
- नमुना प्रान्तमा एफ्पीक (FPIC)को कार्यान्वयन गर्दा पोस्टर, बुकलेट, ब्रोसर आदि जस्ता प्रभावकारी शैली अपनाइएका थिए । यद्यपि, गाउँलेलाई प्रदान गरिएका सूचना पर्याप्त भने थिएनन् । खासगरेर त्यसमा आदिवासी जनजातिको अधिकार र प्राकृतिक स्रोत व्यवस्थापन तथा लाभ बाँडफाँड सम्बन्धमा पर्याप्त सूचना दिन सकेनन् ।
- सूचनालाई मुख्यतया वन संरक्षण र रेडप्लसको आर्थिक लाभमाथि केन्द्रित गरिएको थियो । समुदायको सहमतिका लागि सोधिएको साधारण प्रश्न थियो, "के तपाईंहरू रेडप्लसमार्फत आफ्नो वनको संरक्षण गर्न चाहनु हुन्छ ?" भूमिको स्वामित्व, जीविकोपार्जन प्रणाली र आदिवासी जनजातिको पहिचान आदि जस्ता विषयका सम्भावित जोखिम र प्रभावबारे समुदायलाई प्रदान गरिएको सूचनामा अभाव हुन गयो । जब कि यी विषयहरू सहमति दिने कि नदिने भन्ने कुराको सामूहिक निर्णय गर्नका लागि अति आवश्यक थियो ।
- सामूहिक निर्णय लिनुअगाडि समुदायका सदस्यहरूसँग वैकल्पिक स्रोतबाट सूचना लिने स्वतन्त्र प्रक्रिया र त्यसको तुलना गर्ने तथा आफ्नो बुझाइ, विचार र सरोकारबारे छलफल एवम् विचार–विमर्श गर्नका निम्ति समय र अवसर दुवै थिएन । एफ्पीक (FPIC) प्रक्रियामा यसले वास्तवमै एउटा रिक्तताको काम गर्‍यो । समुदायको समझदारीयुक्त सामूहिक निर्णयका लागि यिनीहरू बाधक बन्न गयो । त्यसैले भविष्यमा भियतनाम र त्यसपछि पनि सञ्चालन भइरहने एफ्पीक (FPIC) प्रक्रियामा कुनै निर्णयमा पुग्नका लागि समुदायको आन्तरिक छलफलका लागि पर्याप्त समयको विनियोजनको सुनिश्चितता गरिनुपर्छ ।
- समुदायले गर्ने उजुरीको समीक्षा गर्ने संयन्त्र अभाव थियो । त्यसैगरी, स्थानीय सहजकर्ताबाट तयार पारिएको गाउँ बैठकको प्रतिवेदनहरूमा समुदायले उठाएका सवाल र सरोकारका विषय समेटिएका छैनन् । रेडप्लस र जलवायु परिवर्तनसम्बन्धी मुद्दामा तथा एफ्पीक (FPIC) प्रक्रियाको समष्टिगत सञ्चालनमा कुनै उजुरी र सरोकारका विषय छन् वा छैनन्, यो जान्न आवश्यक छ । साथै, तदनुसार तिनलाई सम्बोधन गर्न उचित कदम पनि चाल्नु पर्छ ।

५३ वटा जातीय अल्पसंख्यकमध्येका ३० जातीय अल्पसंख्यकहरू बसोबास गर्ने ठाउँ हो । यस प्रक्रियामा सहभागी गराइएकामध्ये धेरैले आफूहरूसँग परामर्श गरिएको पहिलोपटक भएको बताएका थिए । भियतनाममा गरिएको एफ्पीक (FPIC) मा प्रशस्त कमजोरीका बाबजुद पनि युएन-रेड र भियतनाम सरकारले असल नियतका साथ जातीय अल्पसंख्यकसँगको सहभागितामा जुन प्रयास गऱ्यो, त्योचाहिँ प्रशंसनीय छ ।

युएन-रेड भियतनामले एफ्पीक (FPIC) चरण २ मा चरण १ बाट सिकिएका पाठहरूलाई समायोजन गरेर कार्यान्वयन गर्नेबारे योजना बनाउँदै छ ।

## ७.३. अन्य युएन-रेड (UN-REDD) र एफ्पीक (FPIC) देशहरूमा एफ्पीक (FPIC) को पहल

बहुसरोकारवाला परामर्श प्रक्रियामा आधारित भएर राष्ट्रिय वन परिषद् र युएन-रेड कार्यक्रमले बनाएको एफ्पीक (FPIC) को अधिकारसम्बन्धी नीति निर्देशिकालाई इन्डोनेसियाको रेडप्लस कार्य समूहमा पेस गरिएको छ । इन्डोनेसियाको मध्यसुलाबेसीमा रहेको युएन-रेड नमुना क्षेत्रमा ७७ सदस्य रहेको रेडप्लस कार्यसमूह रहेको छ । जसमा प्रान्तीय सरकार, विश्वविद्यालयहरू, आदिवासी जनजाति, स्थानीय समुदाय, नागरिक समाजका संगठनहरू र निजी क्षेत्र समेटिएका छन् । रेडप्लस कार्यसमूहलाई चार उपकार्य समूहमा विभाजन गरिएको छ । तीमध्येको एउटा उपकार्य समूहले मध्यसुलाबेसीमा एफ्पीक (FPIC) को कार्यान्वयनका निम्ति सुहाउँदो अवधारणा विकास गर्दै छ । इन्डोनेसियन द्वीप समूहमा इन्डोनेसियाका आदिवासी जनजातिको छाता संगठन अमनले उपकार्य समूहको एउटा सदस्यका रूपमा प्रतिनिधित्व गरिएको छ ।

त्यसैगरी, वन फँडानी रोकथामका लागि लाओसको नमुना क्षेत्र सायबोरीमा पनि (GIZ climate protection) को सहयोगमा एफ्पीक कार्यान्वयन गरिँदै छ । कम्बोडियन सरकारले पनि आफ्नो देशमा एफ्पीक (FPIC) लागू गर्ने तत्परता देखाएको छ ।

**ध्यानाकर्षण** : आदिवासी जनजातिको अभियानले उनीहरूको भूमि, भू-भाग र स्रोतमाथिको सामूहिक अधिकार तथा आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा (UNDRIP) ले व्यवस्था गरेका प्रावधानलाई कार्यान्वयन गर्ने दिशातर्फ सदैव डोहोऱ्याइरहेको छ ।

यस अर्थमा केही नमुना क्षेत्रमा एफ्पीक कार्यान्वयन, केही देशमा एफ्पीक निर्देशिकाको विकास र अन्य देशबाट एफ्पीक (FPIC) लाई आफ्नो देशमा लागू गर्ने इच्छा व्यक्त हुनु आदिवासी जनजातिका लागि साँच्चिकै ऐतिहासिक छन् । तर, सँगसँगै आदिवासी जनजाति एफ्पीक (FPIC) मा आफ्ना सरोकार, आवश्यकता र प्राथमिकताका कुरामा सचेत रहनु अत्यन्त आवश्यक छ । उनीहरूले एफ्पीक प्रक्रियामा सक्रियतापूर्वक भाग लिनु पनि जरूरी छ ।

## ७.४. एसिया-प्यासिफिक क्षेत्रमा युएन-रेड कार्यक्रमबाट सिकिएका पाठहरू

युएन-रेड कार्यक्रमले यस क्षेत्रमा आफ्ना साझेदार देशसँग मिलेर गरेको रेडप्लस गतिविधिबाट धेरै पाठ सिकिएका छन् । त्यसमध्ये केही यहाँ उल्लेख गरिएको छ :

## स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC)

भियतनाम सरकारको पूर्ण सहयोगमा युएन-रेड कार्यक्रममले भियतनाममा रेडप्लस गतिविधिका लागि गरेको नमुना एफ्पीक प्रक्रियाबाट दोस्रो चरण र त्यसभन्दा पनि पछिका लागि धेरै कुरा सिकिएका छन् । ती सिकिएका पाठहरू :

१. चेतना अभिवृद्धि र क्षमता निर्माणमा समुदायका लागि सवालमा केन्द्रित भएर विभिन्न कार्यक्रम गर्ने तथा बुझ्नका लागि पर्याप्त समय दिनु महत्वपूर्ण रहेको छ ।
२. स्थानीय सरकारी अधिकारीहरूको संलग्नतामा सावधानी अपनाइनुपर्छ । उनीहरूको संलग्नताले स्वतन्त्र मञ्जुरीको सिद्धान्तलाई असर नगर्ने सुनिश्चितता हुनुपर्छ ।
३. रेडप्लससँग सम्बन्धित जटिल सवालमा प्रभावकारी चेतना अभिवृद्धि तथा छलफलका लागि स्थानीय सहजकर्तालाई सघन तालिम दिइनुपर्छ ।
४. रेडप्लसका लागि एफ्पीकका प्रक्रिया निरन्तर चल्ने कुरा हो । यो एउटा घटना होइन ।
५. समुदायहरूले दिएको मञ्जुरीको दस्तावेजीकरण गरिनुपर्छ, मौखिक निर्णयको पनि लिखित दस्तावेजीकरण आवश्यकता पर्न सक्छ । किनभने एकतिर समुदायहरू आफ्ना हस्ताक्षरसहितको लखित रूपमा निर्णय पेस गर्न हिच्किचाउन सक्छन् अर्कोतिर मौखिक रूपमा मात्र प्रवाह गर्दा भविष्यमा निर्णयलाई लिएर द्वन्द्वको अवस्था रहन सक्छ ।
६. हुन्छ र हुन्न भन्नका लागि आन्तरिक रूपमा गरिने विचार-विमर्शका लागि पर्याप्त समयसहितको आदिवासी जनजातिको निर्णय प्रक्रियालाई सम्मान गरिनुपर्छ । समुदायले स्पष्टताका लागि अनुरोध नगरेसम्म बाहिरी पक्षलाई संलग्न गरिनुहुन्न ।

*Source: UN-REDD Programme, Lessons learned (Asia-Pacific)*

---

## रेडप्लस योजना तर्जुमा र कार्यान्वयमा बहुआयामिक लाभमा ध्यान

रेडप्लप्लसको योजना तर्जुमा र निर्णय गर्दा नीति निर्माताले वनको बहुआयामिक लाभबारे बेवास्ता गर्नेछन् भन्ने आममान्यता रहेको छ । वनलाई कार्बनका लागि मात्र नहेरिएका उदाहणहरू निम्न छन् :

१. रेडप्लस गतिविधिमा बहुआयामिक लाभका योजना तर्जुमा, कार्यान्वयन र सुरक्षा उपायहरूको उपयोगका लागि आवश्यक पर्ने खर्च र जटिलताबारे सवालहरू उठेका छन् । यद्यपि, इन्डोनेसिया र कम्बोडियामा काम गरिरहेको युएन-रेड कार्यक्रमले स्थानीय तहमा उत्पादन गरिने सूचना त्यति धेरै महँगो नहुने स्पष्ट पारिसकेको छ ।

२. कार्बनको घनत्व र भूमिको वैकल्पिक प्रयोगमा उत्सर्जन कटौतीको अवसर लागत निर्भर गर्छ । कार्बनबाट प्राप्त हुने प्रोत्साहन र वनबाट हुने अन्य लाभको आम्दानीमा भिन्नता आउन सक्छ त्यसैले रेडप्लसको निर्णय गर्दा बहुआयामिक लाभलाई समायोजन गरिनुपर्छ ।

३. विद्यमान योजनाको परिवर्तन र बहुआयामिक लाभलाई थप प्रखर रूपमा योजनाको तत्व बनाउनका लागि निर्णयकर्तामा पर्याप्त सूचना आवश्यक पर्छ ।

४. रेडप्लसको निर्णयहरू गरिँदा वनको बहुआयामिक मूल्य र लाभलाई ध्यानमा राख्नु अत्यन्त महत्वपूर्ण रहेको छ ।

कम्बोडिया र इन्डोनेसियामा काम गरिरहेको युएन-रेड कार्यक्रमले यदि समुदायबाट आग्रह आएको खण्डमा रेडप्लसमा कार्बनबाहेकका लाभका तरिकामा स्पष्टता ल्याउन सक्छ ।

*Source: UN-REDD Programme, Lessons learned (Asia-Pacific)*

## नेपालको इलाममा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरीको अभ्यास

नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद्को अगुवाइमा स्थानीय केही परियोजनामा आदिवासी जनजातिको स्वतन्त्र पूर्वसुसूचित सहमतिको अधिकार प्रयोगको अभ्यास सुरू गरिएको छ ।

### उदाहरण-१

इलाम नगरपालिकाको पानीको स्रोत गिताङखोला हो । नगरपालिकामा जनसंख्याको चापसँगै पानी पनि बढी चाहिन थालेपछि नगरपालिकाले गिताङखोलाबाट थप पानी ल्याउने परियोजना अघि सा¥यो । तर, त्यही खोलामा एकजना लिम्बू परिवार पानीघट्ट चलाएर बस्छन् । उनलाई पानी सुकेपछि आफ्नो पानीघट्ट बन्द हुने डरले सताउन थाल्यो । उनी नेपाल आदिवासी जनजाति महासंघको इलाम जिल्ला समन्वय परिषद्मा सहयोगका लागि आइपुगे । परिषद्ले यस विषयमा चासो लियो । नगरपालिकाका अधिकारीहरूसँग स्वतन्त्र अधिकारसम्बन्धी विषयमा छलफल सुरू ग¥यो । यो अवधारणाबारे सुरुमा स्थानीयलाई थाहा थिएन । तर, पछि समुदायले यस विषयमा बुझ्न थाल्यो । उनीहरूले सुरुमा कुनै किसिमको सहमति नै नलिई आफ्नो पानी लगेको कुराको समीक्षा गरे । त्यसैगरी, सुरुमा नगरपालिकाका अधिकारीहरू पनि सहमत थिएनन् । स्थानीय आदिवासी लिम्बूले गिताङखोलासँगको आफ्नो साँस्कृतिक, आध्यात्मिक तथा आर्थिक, सामाजिक रूपमा कसरी सम्बिन्धित छ भन्ने कुराको व्याख्या गरेर त्यसको संरक्षणका लागि आफू र आफ्ना पुर्खाले धेरै श्रम खर्च गरे भन्ने कुरा बताएर त्यसमा आफूहरूको पूर्ण हक रहेको बताएपछि नगरपालिकाका अधिकारीहरू स्वतन्त्र पूर्वसुसूचित सहमतिका लागि प्रक्रिया अघि बढाउन सहमत भए । स्वतन्त्र पूर्वसुसूचित सहमतिका लागि प्रक्रियाअनुरूपको छलफलबाट नगरपालिकाले आदिवासीले बुझ्नेगरी खानेपानी परियोजनाबारे जानकारी दिने र त्यसको फाइदाबारे बुझाएको छ । जसअनुसार नगरपालिकाले तीन इन्चको पाइपबाट पानी लैजाने र बजारमा मासिक भुक्तानी लिएर वितरण गरिनेछ । समुदायले उक्त शुल्कको ५० प्रतिशत आफूले पाउनुपर्ने माग गरेको छ । नगरपालिकाले वार्षिक दुई लाख ५० हजार रूपैयाँसम्म दिन तयार भएको छ । वर्षमा ५० जनासम्मको स्वास्थ्य उपचार तथा स्थानीय स्कुलमा शिक्षक व्यवस्था गर्न पनि नगरपालिका तयार भएको छ । त्यसैगरेर पानीको स्वच्छताका लागि सुँगुर पाल्ने लिम्बूहरूका लागि व्यवस्थित खोर बनाउने काममा सघाउन पनि नगरपालिका तयार भएको छ । यद्यपि, सहमति भने दिइसकेको अवस्था छैन । यी कार्य सबै स्वतन्त्र पूर्वसुसूचित सहमतिको सिद्धान्तअनुसार भइरहेको छ ।

### उदाहरण-२

सानिमा हाइड्रोपावर लिमिटेडले माथिल्लो माईखोला जलविद्युत् परियोजनामा २१ मेगावाट विद्युत् निकाल्ने प्रस्ताव गरेको छ । उक्त परियोजनाले सोयाक, चिसापानी, महमाई र धानबारी गाविसलाई प्रभावित बनाउँछ । सोयाकमा लिम्बू, चिसापानीमा राई र लिम्बू, महमाईमा माझी, धिमाल, राई, लिम्बू, तामाङलगायतका आदिवासी तथा धानबारीमा दनुवार, धिमाल र लिम्बू आदिवासीको बस्ती रहेको छ । विद्युत्को पावरहाउस धानबारीमा रहनेछ । यी चारैवटा गाविसका आदिवासीलाई बोलाएर नेपाल आदिवासी जनजाति महासंघ इलाम जिल्ला समन्वय परिषद्ले स्वतन्त्र पूर्वसुसूचित सहमतिको अधिकारका सिद्धान्तबारे छलफल ग¥यो । एउटा एफ्पीक सञ्जाल निर्माण गरिएको छ । त्यसमा हरेका गाविसको आदिवासीको प्रतिनिधिका रूपमा पाँचजना राखिएको छ । सञ्जालले एफ्पीकको अधिकारका लागि अभियान सुरू गरेको छ । सुरुमा कम्पनीले आफूसँग विद्युत् निकाल्ने लाइसेन्स गरेको भए पनि हाल एफ्पीक प्रक्रिया सुरू भएको छ । यद्यपि, अझै सहमतिको चरणमा पुगिसकेको छैन ।

*स्रोत : किरण सुनुवार, अध्यक्ष जिल्ला समन्वय परिषद् इलाम, नेपाल आदिवासी जनजाति महासंघ*

## रेडप्लस रणनीतिको विकास

युएन-रेड कार्यक्रमले राष्ट्रिय रेडप्लस रणनीतिका विकासक्रमबाट सिकेका पाठ निम्नअनुसार छन् :

१. रेडप्लसका विभिन्न पक्षबारे आदिवासी जनजाति, महिला र अन्य जोखिममा रहेका समूहको बुझाइको स्तर वृद्धि गर्नका लागि सफल परामर्श पूर्वसर्त हो । परामर्शभन्दा अग्रिम रूपमा सही, सम्बन्धित, समसामयिक र पूर्णजानकारी उपलब्ध गरिएपछि मात्र सफल परामर्श हुन्छ ।
२. पूर्वनिर्धारित समय तालिकाले परामर्शलाई प्रभावित बनाउँछ । यसले अन्ततगोत्वा आदिवासी जनजाति र अन्य पक्षलाई निर्णय प्रक्रियाका लागि सूचनामा सीमित पहुँच गराउँछ । यस्ता प्रकारका प्रक्रियाले अधुरो निर्णयमा पुऱ्याउँछ ।
३. रणनीति निर्माणक्रममा उनीहरूको सही प्रतिनिधित्वका लागि सरोकारवालाबीच विश्वासका वातावरण हुनु महत्वपूर्ण छ । सबै सरोकारवालाले सहमत भएको साझेदारलाई परामर्शको सहजीकरण गर्न दिएमा सरोकारवालाको विश्वास र हित हुन्छ ।
४. राष्ट्रिय रेडप्लस रणनीतिमा बलियो राजनीतिक प्रतिबद्धता र बहुक्षेत्र सहयोगका लागि बृहत् राष्ट्रिय विकास रणनीतिअन्तर्गत राष्ट्रिय रेडप्लस रणनीति हुनुपर्छ ।
५. सहयोग र दीर्घकालको सुनिश्चितताका लागि राष्ट्रिय रणनीतिको औपचारिक समीक्षा र अनुमोदन हुनुपर्छ । यद्यपि, यसले तत्काल गरिनुपर्ने महत्वपूर्ण गतिविधिलाई बाधा भने पुऱ्याउँदैन ।

*Source: UN-REDD Programme, Lessons learned (Asia-Pacific)*

माथि उल्लेख गरिएको युएन-रेड कार्यक्रमबाट सिकिएका पाठहरू आदिवासी जनजातिले आफ्नो समुदायको हितका लागि पैरवी गर्दै आएको र उनीहरूले अनुभव गरेका सरोकार र दृष्टिकोणसँग मेल खान्छ ।

## थप अध्ययनका लागि

AIPP, 2010. Training Manual on the United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP): A Community Training Manual, Asia Indigenous Peoples Pact (AIPP).

Anderson, P. 2011. Free, Prior and Informed Consent: Principles and Approaches for Policy and Project Development. RECOFTC - The Center for People and Forests and Deutsche Gesellschaft fur Internationale Zusammenarbeit (GIZ) GmbH Sector Network Natural Resources and Rural Development - Asia. ISBN: 978-616-90845-0-1

Hill, C., S. Lillywhite and M. Simon. 2010. Guide to Free, Prior and Informed Consent. Oxfam Australia

IAITPTF and IPF. 2011. Handbook on Free, Prior and Informed Consent for Practical Use by Indigenous Peoples' Communities. The International Alliance of Indigenous andTribal People of the Tropical Forests (IAITPTF), South East Asia region and the Indigenous Peoples' Foundation for Education and Environment (IPF). ISBN 978-974-350-427-3

www.ntfp.org/coderedd

UN-REDD. 2010. Applying Free, Prior and Informed Consent in Vietnam, April, 2010. United Nations Collaborative Programme on Reducing Emissions from Deforestation and forest Degradation in Developing Countries.

UN-REDD. 2009. Operational Guidance: Engagement of Indigenous Peoples and other Forest Dependent Communities, UN-Programme - Working document.

http://www.ilo.org

UN, 2008. United Nations Declaration on the Rights of the Indigenous Peoples.
http://www.un.org/esa/socdev/unpfii/documents/DRIPS_en.pdf

एफ्पीक नगर्दाको परिणाम

# परियोजना फिर्ता भएको खुसियालीमा भोज

विराटनगर २९ फागुन । आफ्नो क्षेत्रमा बनाउन लागिएको क्षेत्रीय फोहोरमैला प्रशोधन परियोजना (ल्यान्डफिल साइट) फिर्ता भएपछि मोरङका आदिवासीले भोज खाएर खुसियाली मनाएका छन् । फिनल्यान्ड र नेपाल सरकारको संयुक्त लगानीमा डंग्राहा-५ स्थित २७ बिगाहा १६ कट्ठामा बन्न लागेको परियोजना फिर्ता भएपछि थारू, उराव, सतार, झाँगड, राई, लिम्बूलगायत स्थानीय आदिवासी समुदायले खुसियाली मनाएका हुन् ।

सरकारले तीन करोड रूपैयाँ खर्चेर डंग्राहा-५ मा जमिन खरिद गरी प्रक्रिया अगाडि बढाएपछि स्थानीय समुदाय आन्दोलनमा उत्रिएका थिए । ल्यान्डफिल साइटको विरोधमा स्थानीयले आन्दोलन थालेपछि आदिवासी जनजाति महासंघले नेपाल सरकार, फिनल्यान्ड सरकारदेखि संयुक्त राष्ट्रसंघमा समेत उजुरी गरेको थियो ।

फिनल्यान्ड सरकारको वातावरणीय तथा सरसफाइ परियोजनाअन्तर्गत फिनल्यान्ड सरकारको ४५ करोड र नेपाल सरकारको १५ करोड लगानीमा निर्माण गरिने भनिएको सो परियोजनामा हालसम्म १३ करोड रूपैयाँ खर्च भइसकेको छ । तर, स्थानीयको लगातारको विरोधपछि फिनल्यान्डका राजदूत एसओलुकाडेनले (२०६९ माघ १४) १४ माघमा विराटनगरमा औपचारिक रूपमै परियोजना फिर्ता भएको घोषणा गरेका थिए ।

परियोजनाले विराटनगर, धरान, इटहरी, इनरूवा नगर र आसपासका गाविसमा उत्पादन भएको फोहोर प्रशोधन गरी उचित व्यवस्थापन गर्न सहयोग पुग्ने परियोजनाले जानकारी गराएको थियो ।

ल्यान्डफिल साइटका लागि खरिद गरिएको जमिनमा नै टेन्ट गाडेर स्थानीयले उत्सव तथा विचार आदानप्रदान कार्यक्रम आयोजना गरेका थिए । कार्यक्रममा सहभागी हुन पुगेका अतिथि सबैले आफूहरूले गरेको संघर्ष सफल भएको भन्दै समापन भएपछि सामूहिक भोज गरेका थिए ।

उत्सवमा प्रमुख अतिथि बनेका नेपाल आदिवासी जनजाति महासंघका केन्द्रीय अध्यक्ष राजकुमार लेखीले मोरङका आदिवासीले फोहोर परियोजना फिर्ता गराएर विश्वमै सफल संघर्षको उदाहरण पेस गरेको बताए । उनले स्थानीयको स्वीकृतिविना ल्याउने कुनै पनि योजना-परियोजना मान्य नहुने बताए । उनले स्थानीयलाई भने, 'अझै चनाखो बन्नुहोस्, फेरि पनि षडयन्त्र हुनसक्छ ।'

आदिवासी जनजाति महासंघका कानुनी सहजकर्ता अधिवक्ता शंकर लिम्बूले पनि स्थानीयको स्वीकृतिविनै कुनै पनि विकासका योजना परियोजना ल्याउने अधिकार कसैलाई पनि नभएकाले मोरङको डंग्राहा, तेतरिया र लखन्तरी गाविसका आदिवासीले ल्यान्डफिल साइटको विरोधमा संयुक्त संघर्ष समिति बनाएर संघर्ष गरेको बताए ।

उनले स्थानीयवासीले उपलब्ध कानुनका आधारमा संघर्ष चर्काएकैले फिनल्यान्ड सरकार परियोजना फिर्ता लान बाध्य भएको बताए ।

आदिवासी जनजाति महासंघ मोरङका अध्यक्ष देवराज चौधरीले एकलौटी ढंगले ल्यान्डफिल साइट बनाउन लागेको आफूहरूले जानकारी पाएपछि सशक्त विरोधमा उत्रिएर दुई वर्ष निरन्तर संघर्ष गरेको बताए । उनले भने, 'एक भएर संघर्ष गरेकैले सरकारले परियोजना फिर्ता लैजान बाध्य भएको हो ।' उनले सफलता एकताको परिमाण भएकाले सधैँ एक भएर संघर्ष गर्न आग्रह पनि गरे ।

स्थानीय तेतरियाका फोक्सु विश्वास, हरैचाका शिवु राई, डंग्राहाका रामजी उराव, झोराहाटका ललित चौधरी, डंग्राहाका रेणुकर चौधरी, भक्कुलाल विश्वासलगायतले जग्गा खरिद गरिसकेपछि पनि ल्यान्डफिल साइटबारे सुरुमा आफूहरूलाई केही थाहा नदिइएको तर पछि जनजाति अगुवाले त्यसको असर र प्रभावबारे जानकारी गराएपछि आफूहरू संघर्षमा उत्रिएको बताए ।

उनीहरूले सीमित टाठाबाठालाई सहरमा बोलाएर स्थानीयलाई थाहै नदिई जग्गा बिक्री गराएको आरोप पनि लगाए । उनीहरूले भने, 'ठूलो उद्योग खुल्छ भनेर भनिएको थियो, तर उद्योग त फोहोरको पो रहेछ । स्थानीयले फोहोरमैला कारखाना फिर्ता गएकाले तीनवटै गाविसका आदिवासी जनजाति विस्थापित हुनबाट जोगिएको बताए । परियोजना उपल्ला जाति र टाठाबाठा भएको ठाउँमा स्थापना गरिनुपर्ने उनीहरूको भनाइ थियो ।

स्रोत : नयाँ पत्रिका



# पाठ ३

# रेडप्लसमा एफ्पीक (FPIC) र आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताबारे सामुदायिक निर्देशिका

# पाठक ३ : रेडप्लसमा एफ्पीक (FPIC) र आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताबारे सामुदायिक निर्देशिका

## परिचय

यस पाठले आदिवासी जनजाति समुदाय र संगठनलाई रेडप्लसभित्र एफ्पीक (FPIC) प्रक्रियामा पूर्ण र प्रभावकारी सहभागिताका लागि सामान्य मार्गनिर्देशन प्रदान गर्छ । सामान्यतया 'सहभागिता' भन्नाले कुनै कुरा वा घटनामा भाग लिने वा गतिविधिमा योगदान पुऱ्याउने कार्यलाई बुझाइन्छ । विगत केही दशकदेखि समावेशी र प्रभावकारी सहभागितालाई विकासको सुरुवात वा प्रक्रिया थालनीका लागि महत्वपूर्ण रूपमा मानिँदै आएको छ । आदिवासी जनजातिले पूर्ण र प्रभावकारी सहभागिताको माध्यमबाट खासगरी निर्णय लिने, उपलब्ध स्रोतको प्रयोग र लाभ बाँडफाँडका सन्दर्भमा रेडप्लस प्रक्रियाहरूमा भाग लिन र प्रभाव पार्न सक्नेछन् । यसका अतिरिक्त उनीहरूको भूमि र भू-भागमाथिको अधिकारको सुनिश्चितताका लागि पनि यसले सघाउँछ ।

आदिवासी जनजातिको दृष्टिकोणबाट रेडप्लसमा उनीहरूको पूर्ण र प्रभावकारी सहभागितालाई उनीहरूका अधिकार, हित र पहिचानप्रति सम्मानको सुनिश्चिततासँग जोडेर परिभाषित गर्न सकिन्छ । यसले उनीहरूलाई प्रभाव पार्ने निर्णयमा अधिकारवालालाई आफ्नो विचार र सरोकार उठाउने मार्ग प्रशस्त गर्छ । महिला र युवाहरूको समावेशी प्रतिनिधित्व र प्रभावकारी सहभागिता अत्यन्त महत्वपूर्ण रहेको छ ।

यस पाठले आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताका लागि चाहिने तत्व र रेडप्लससम्बन्धी गतिविधि (तयारी चरणमा एफ्पीकको प्रयोग) मा विशेष ध्यान केन्द्रित गरेको छ । रेडप्लस गतिविधिमा आदिवासी जनजातिको अधिकार र परम्परागत ज्ञानप्रतिको सम्मानसहित पूर्ण र प्रभावकारी सहभागितामा जोड दिइएको छ । जुन कुरा रेडप्लसको कानकुन सम्झौतामा स्पष्ट रूपमा उल्लेख गरिएको छ । आदिवासी जनजाति समुदायका निम्ति यस मार्गनिर्देशिकाले रेडप्लस प्रक्रियामा प्रभावकारी ढंगले संलग्न भई कसरी उनीहरूले आफ्ना साझा अधिकार, हित र कल्याणसम्बन्धी विषयलाई उठाउन सक्छन् भन्नेबारे यसले विस्तृत व्याख्या गर्छ । यस सामुदायिक निर्देशिकाले आदिवासी जनजातिको प्रभावकारी सहभागिता र एफ्पीकको प्रयोगका लागि चाहिने पूर्वसर्तलाई पनि समेटेको छ ।

## यस पाठको अन्त्यमा सहभागीले

- स्थानीय र राष्ट्रियस्तरमा हुने रेडप्लस कार्यान्वयनको एफ्पीक प्रक्रियामा कसरी संलग्न हुने भन्न सक्नेछन् ।
- रेडप्लसका चरण वा गतिविधिहरूमा प्रभावकारी संलग्नता, परामर्श, प्रतिनिधित्व र एफ्पीक प्रक्रियाबारे व्यावहारिक ज्ञान र सीप बुझ्नेछन् ।
- एफ्पीक प्रक्रियामा आदिवासी जनजातिको प्रभावकारी संलग्नताका पूर्वसर्तहरू बुझ्नेछन् ।

## आवश्यक सामग्रीहरू :

- हेन्डआउट्स
- फ्लीप चार्ट/खैरो वा सेतो पेपर
- मेटा/रंगीन कार्डहरू
- मास्किङ टेप
- मार्कर पेन (बोर्ड र पर्मानेन्ट दुवै)
- एलसीडी प्रोजेक्टर
- ल्यापटप/कम्प्युटर
- युएन-रेडले भियतनाम र इन्डोनेसियामा गरेको एफ्पीकसम्बन्धी भिडियो

समय अवधि : ५-७ घन्टा

**सत्रहरू**

सत्र ८ (१.५ घन्टा) - रेडप्लसमा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताका रूप/तह, पूर्वसर्त र प्रासंगिक गतिविधि

८.१. रेडप्लसमा आदिवासी जनजातिका प्रभावकारी सहभागिताका रूप र तहहरू

८.२. प्रभावकारी संलग्नता/सहभागिताका पूर्वसर्तहरू

८.३. रेडप्लसमा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता तथा एफ्पीकसँग प्रासंगिक रेडप्लस गतिविधिहरू

सत्र ९ (१ घन्टा) - रेडप्लससँग सम्बन्धित अंग र संयन्त्रहरूमा आदिवासी जनजातिको सहभागिता

९.१. उनीहरू आफैंले छानेको प्रतिनिधिमार्फत आदिवासी जनजातिको सहभागिता

९.२. प्रतिनिधिहरूको स्वछनोटसम्बन्धी सामान्य मार्गनिर्देशक सिद्धान्तहरू

९.३. सबै तहमा परामर्श

सत्र १० (२.५ घन्टा) स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (रेडप्लसमा एफ्पीक (FPIC) को प्रक्रिया प्रयोग र उपायहरू) को सञ्चालन

१०.१. रेडप्लसमा एफ्पीक पूर्ण प्रयोगको क्षेत्र

१०.२. एफ्पीक प्रक्रियाका प्रमुख चरणहरू

१०.३. रेडप्लसमा एफ्पीकका प्रमुख प्रक्रियाहरू

सत्र ११ (१.५ घन्टा) - उजुरी संयन्त्र

११.१. के हो उजुरी संयन्त्र

११.२. एफ्पीक प्रक्रियामा पूर्ण र प्रभावकारी सहभागिताका पूर्वसर्तहरू

# सत्र ८. रेडप्लसमा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताका रूप/तह, पूर्व सर्त र प्रासंगिक गतिविधिहरू

समय अवधि : १.५ घन्टा

विधि

१. तलको प्रश्न मेटाकार्डमा लेख्नुहोस् र सहभागीलाई बाँड्नुहोस् :
- पूर्ण र प्रभावकारी सहभागिताका रूपहरू के-के हुन्, यसका पूर्वसर्त र रेडप्लसमा कुन-कुन गतिविधिमा आदिवासी जनजातिको संलग्नता हुनुपर्छ ?

२. सहभागीको उत्तर संकलन गर्नुहोस्, त्यसलाई समूह छुट्याउनुहोस् र उत्तरको सारांश खिच्नुहोस् ।

३. प्रशिक्षकले थप व्याख्या गर्नुहोस् ।

४. हलमा छलफल गर्नुहोस् ।

## ८.१. रेडप्लसमा आदिवासी जनजातिका प्रभावकारी सहभागिताका रूप र तहहरू

रेडप्लस प्रक्रियामा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता विभिन्न रूपले र विभिन्न तहमा हुन सक्छ । तल रेडप्लसमा आदिवासी जनजातिको सहभागिताका केही रूप प्रस्तुत गरिएको छ । यस सत्रमा सहभागिताका सामान्य व्याख्या र क्षेत्रबारे दिइएको छ । कसरी पूर्ण र प्रभावकारी सहभागितालाई सदृढ गर्न सकिन्छ भन्ने अर्को सत्रमा उल्लेख गरिएको छ ।

### क. सम्बन्धित अंग र संयन्त्रमा आदिवासी जनजातिका प्रतिनिधिको सहभागिता : स्थानीय, उपराष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा

प्रतिनिधित्व भन्नले त्यस्तो समूह वा क्षेत्रमा उनीहरू आफैंले छानेको प्रतिनिधि हो, जसले उनीहरूको सामूहिक विचार, सवाल, सरोकार, अडान र सहमति प्रस्तुत गर्छ । प्रतिनिधिहरू आफ्ना क्षेत्र वा समुदायप्रति उत्तरदायी हुन्छन् ।

**ध्यानाकर्षण** : रेडप्लस प्रक्रियाका सबै तहमा आदिवासी जनजातिको अधिकार र उनीहरूको सामूहिक विचार तथा दृष्टिकोणको सम्मान नै सबैभन्दा महत्वपूर्ण रहेको छ । साथसाथै महिला र युवासहित रेडप्लसका सबै सम्बन्धित तहमा आदिवासी जनजातिको उचित प्रतिनिधित्व पनि त्यति नै महत्वपूर्ण छ ।

### ख. विभिन्न तहमा परामर्श सञ्चालन

परामर्श निरन्तर चलिरहनेको प्रक्रिया हो यसले आदिवासी जनजातिलाई आफ्नो विचार, सरोकार र सवाल व्यक्त गर्न तथा उनीहरूलाई उपलब्ध गरिएको सूचनाबारे स्पष्टिकरण लिने र आवश्यक परेमा थप सूचना लिने अवसर दिन्छ । परामर्शले आदिवासी जनजाति समुदाय र अन्य निकायलाई निरन्तर रूपमा विचारहरूको अदान-प्रदान र अन्तर्क्रिया गराउनुका साथै समान धारणा बनाउन, सवाल र द्वन्द्वको निरूपण गर्न तथा निश्चित विषयमा संलग्नता वा सहमतिको सन्दर्भ परिभाषित गर्न संयन्त्रका रूपमा काम गर्छ ।

आदिवासी जनजातिसँग गरिने परामर्शमा सबै पक्ष परादर्शी र समावेशी ढंगले असल नियतबाट सहभागी हुनुपर्छ । परामर्श प्रक्रियामा सहभागी आदिवासी जनजाति प्रतिनिधि वा समुदायको भाषा र साक्षरताका साथै स्थान, पर्याप्त समय र उनीहरूको उपलब्धता, विशिष्ट आवश्यकता र सजिलोलाई ध्यान दिइनुपर्छ । परामर्शको रूप र तह त्यसको प्रकृति, क्षेत्र, उद्देश्य र व्यवस्थानमा भर पर्छ । यस सन्दर्भमा राष्ट्रिय रणनीतिको तयारी परामर्श राष्ट्रिय तहमा र स्थानीय तथा उपराष्ट्रिय तहमा नमुना क्षेत्रका लागि सहभागिता स्थानीय तहबाटै हुनुपर्छ । राष्ट्रिय तहको परामर्श आदिवासी जनजाति आफैंले विधिवत् रूपमा छानेको प्रतिनिधिसँग हुनुपर्छ । सहभागीको संख्या र तह औपचारिक परामर्शमा प्रवेश गर्नुअघि नै आदिवासी जनजातिकै प्रमुख प्रतिनिधिसँग छलफल गरेर सहमति बनाउनुपर्छ ।

### सभागिताका रूपहरू

आदिवासी जनजातिले सधैं रेडप्लसका सम्बन्धित अंग र संयन्त्रहरूमा पूर्ण र प्रभावकारी सहभागिताको माग गर्दै आएका छन् । यो मञ्जुरीका लागि महत्वपूर्ण रहेको छ । सामान्यतया सहभागितालाई पाँच तहमा बाँड्न सकिन्छ । ती यसप्रकार छन् :

१. **सूचनाको वितरण** : यो एकप्रकारको निष्क्रिय सहभागिता हो । यसमा रेडप्लसका प्रस्तावक, सरकार र अन्यले तथ्यपत्र, प्रेस वक्तव्य, प्रस्तुति र अन्य तरिकाले सूचना प्रदान गर्छ । यसमा सूचनाको प्रवाह एकपक्षीय हुन्छ । अरू सहभागिताका प्रकारको तुलनामा यसमा पारदर्शिता र सच्चाइ कम हुन्छ ।
२. **परामर्श** : यसमा राय, विचार र प्रतिक्रियाको दोहोरो सूचना अदान-प्रदान हुन्छ । यो दुवै औपचारिक र अनौपचारिक रूपमा गर्न सकिन्छ । सामान्यतया बैठक, सार्वजनिक बैठक, कार्यशाला र प्रतिक्रिया सत्र आदिमार्फत औपचारिक परामर्श गर्न सकिन्छ ।
३. **संयुक्त निर्णय** : यो आदिवासी जनजाति समुदाय र रेडका प्रस्तावक वा सरकारले सामूहिक रूपमा गर्ने निर्णय हो । यो निर्णय सूचनाको आदान-प्रदान, परामर्श प्रक्रिया र समुदायको ज्ञान, क्षमता र अनुभवलाई आधार बनाएर गरिन्छ ।
४. **मञ्जुरी** : आदिवासी जनजातिलाई दिइएको स्पष्ट र बुझ्न सकिने सूचनाका आधारमा उनीहरूले गर्ने स्वतन्त्र निर्णय हो । यसैमा आदिवासी समुदायको भूमि र भू-भागमा गरिने थप क्रियाकलाप निर्भर हुन्छ ।
५. **सशक्तीकरण** : जब आदिवासी जनजाति समुदाय सबै तहमा आफ्ना प्रतिनिधिको पूर्ण र प्रभावकारी सहभागितासाथ आफैं निर्णय गर्न सक्षम हुन्छन्, त्यो नै सशक्तीकरण हो ।

**ग. स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC) सञ्चालन**

रेडप्लसमा एफ्पीक सञ्चालनका दुई रूप रहेका छन् :

- पहिलो, राष्ट्रिय रणनीतिक योजनाका लागि आदिवासी जनजातिको उनीहरू आफैंले विधिवत् छानेका प्रतिनिधिसँगको एफ्पीक (FPIC)
- दोस्रो, आदिवासी समुदायसँग छानिएको नमुना क्षेत्रमा गरिने एफ्पीक (FPIC) । समुदाय तहमा गरिने एफ्पीकमा बूढापाका र महिलासहित सम्बन्धित समुदायका सबै सदस्य सहभागी हुन्छन् ।

**ध्यानाकर्षण** : रेडप्लस प्राविधिक ज्ञान र सीपसहितको जटिल अवधारणा हो । आदिवासी जनजातिका प्रतिनिधिमा उनीहरूमथि यसले पार्ने असरबारे बुझ्ने ज्ञान र सीप हुनुपर्छ । साथै, यसको अवधारणा पनि पूर्ण रूपले बुझ्नुपर्छ । यो आदिवासी जनजाति प्रतिनिधिका लागि आफ्नो समुदाय वा क्षेत्रप्रतिको जिम्मेवारीका साथै हुनुपर्ने थप आवश्यकताको कुरा हो ।

यी दुवै प्रक्रियामा जनचेतना जगाउने गतिविधि गरेर सही सूचना सामान्य र बुझिने भाषामा दिनु महत्वपूर्ण छ । यसमा आदिवासी जनजाति समुदाय र प्रतिनिधिले चाहेजस्तै शृंखलाबद्ध परामर्श गरिनुपर्छ र सम्बन्धित आदिवासी जनजाति समुदायलाई स्वतन्त्र प्रक्रियाबाट सामूहिक निर्णय गर्न दिइनुपर्छ । सामूहिक निर्णयलाई सम्मान र कार्यान्वयन गरिनुपर्छ । त्यसैगरी आदिवासी जनजाति समुदायको दीर्घकालीन सहभागिता उनीहरूको आफ्नै निर्णयका आधारमा हुनेछ ।

## ८.२. रेडप्लसमा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता

**क. रेडप्लसमा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता तथा एफ्पीकमा सूचनाको प्रवाह पूर्वसर्तका रूपमा**

रेडप्लसबाट आदिवासी जनजातिमाथि गम्भीर असर पर्ने भएकाले आदिवासी जनजातिलाई प्रभावकारी रूपमा सूचनाको प्रवाह, जनचेतना अभिवृद्धि र क्षमता अभिवृद्धि आवश्यक र महत्वपूर्ण रहेको छ । त्यसैगरी, रेडप्लस उत्सर्जन कटौती, वन कार्बन भण्डारण वृद्धि र वनको दिगो व्यवस्थापनलगायतका जटिल शब्दावलीसहितको प्रविधिका अवधारणा हो । त्यसैले आदिवासी जनजातिको साक्षरता र बुझ्ने भाषालाई रेडप्लससम्बन्धी सूचनाको प्रवाह र जनचेतना अभिवृद्धिमा विशेष ध्यान दिइनुपर्छ । यसले ज्ञान अभिवृद्धि र आदिवासी जनजातिको बुझाइ स्तरको अभिवृद्धिको व्यवस्थित प्रक्रियालाई पनि जनाउँछ । रेडप्लस प्रक्रिया र संयन्त्रमा उनीहरूको पूर्ण र प्रभावकारी सहभागिताका लागि अत्यन्त आवश्यक छ ।

**ख. रेडप्लसमा संलग्न पक्षहरूले आदिवासी जनजातिलाई दिनुपर्ने प्रमुख सूचनाहरू के–के हुन् ?**

आदिवासी जनजातिका प्रतिनिधि, अगुवा र समुदायलाई रेडप्लसका चरण, अन्तर्राष्ट्रिय सम्झौता, सम्भावित असर र लाभ, लाभको वितरण संयन्त्र तथा राष्ट्रिय प्रक्रियालगायतका विषयमा सबै जानकारी उपलब्ध गराइनुपर्छ ।

**ग. सरकार, रेड लगानीकर्ता, परियोजना प्रस्तावकहरूबाट प्राप्त सूचनाबाहेक त्यसको सत्यता जाँच्नका लागि समुदायहरूले कसरी थप सूचनामा पहुँच बनाउन सक्छ ?**

सूचना उपलब्ध गराइएपश्चात् आदिवासी जनजाति समुदायलाई त्यसको प्रकृति र आफूहरूमाथि पर्ने प्रभावबारे बुझ्ने पूर्ण अधिकार छ । थप बुझ्नका लागि उनीहरूले सरकार, रेड लगानीकर्ता वा परियोजनाका प्रस्तावकहरूभन्दा अरू पनि स्रोतबाट जानकारी बटुल्न सक्छन् । आवश्यक परेमा उनीहरूले स्वतन्त्र परामर्श र प्राविधिकको सल्लाह लिन सक्छन् । कहिलेकाहीँ सरकार र परियोजना प्रस्तावकहरूले सहमति लिने उद्देश्यले समुदायसामु परियोजनालाई आकर्षक रूपमा प्रस्तुत गर्न सक्छन् । उनीहरूले परियोजनाका नकारात्मक प्रभाव लुकाउन सक्छन् । त्यसैले आदिवासी जनजाति समुदायलाई पर्न सक्ने असरबारे थप जानकारी बटुल्नु महत्वपूर्ण छ । यसले उपलब्ध गराइएको सूचनाको परीक्षण गरेर आदिवासी जनजातिको निर्णय प्रक्रियामा पनि सघाउ पुऱ्याउनेछ । आदिवासी जनजातिले सहमतिका लागि निर्णयमा पुग्नु अगाडि निम्न स्रोतबाट स्वतन्त्र परामर्श र प्राविधिक सल्लाह लिन सक्छन् :

- आदिवासी जनजातिका संगठनहरू
- नागरिक समाजका संगठनहरू
- गाउँको सभाहरू
- स्थानीय अधिकारीहरू
- विशेषज्ञको सहयोग
- छिमेकी समुदायहरू
- समाचारपत्र र टीभीका समाचारहरू
- समुदायका लागि उपयोगी वेबसाइटहरू

### आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताका पूर्वसर्तहरू

रेडप्लसमा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताका लागि उनीहरूलाई बुझ्ने ढंगमा विस्तृत सूचना प्रवाह गर्नु र चेतना अभिवृद्धि गर्नु आवश्यक हुन्छ । रेडप्लसमा उनीहरूको प्रभावकारी संलग्नताका लागि आदिवासी जनजातिका संगठन, संस्था र समुदायको आवश्यकताअनुसार क्षमता अभिवृद्धि गरिनुपर्छ ।

त्यसैगरी, सरकार र रेडप्लसका प्रस्तावक अन्य निकायले आदिवासी जनजातिको अधिकारको सम्मान र उनीहरूको संस्कृति तथा जीवनपद्धति र विशिष्ट अवस्थालाई ध्यानमा राखेर असल नियतसाथ काम गर्नुपर्छ ।

## आदिवासी जनजाति समुदायलाई प्रदान गर्नुपर्ने सूचना

### चरण १ः तयारी चरण

**जलवायु परिवर्तन, रेड, रेडप्लसको पृष्ठभूमि**

- रेडप्लसबारे अन्तर्राष्ट्रिय सम्झौता र जलवायु परिवर्तनका सन्दर्भहरू
- चरणहरूका आधारमा रेडप्लसका मूलभूत तत्वहरू
- राष्ट्रिय रेडप्लस रणनीतिहरू तयार पार्दा चाहिने तत्व र प्रक्रियाहरू
- आदिवासी जनजातिका लागि सम्भावित नकारात्मक प्रभाव र अवसरहरू
- रेडप्लसमा संलग्न संयन्त्र, निकाय र कर्ताहरू
- आर-पीपी, आर-पिन, सेसा र आर-प्याकेज (R-PP) (R-PIN), (SESA) (R-package) का विषयवस्तुहरू
- कानकुन सम्झौतामा आधारित सुरक्षा उपायको प्रयोग, विशेषगरेर आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताका साथै आदिवासी जनजातिको अधिकार र परम्परागत ज्ञानको सम्मानका सन्दर्भहरू
- रेडप्लस नमुना क्षेत्रहरूका कार्ययोजना र गतिविधिहरू
- द्विपक्षीय र बहुपक्षीय लगानी/रेडप्लस र त्यसको आवश्यकतासम्बन्धी सम्झौताहरू
- वन फँडानी र वन क्षयीकरणको कारण, सामुदायिक वन संरक्षण आदि विषयमा गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त परिणामहरू
- आदिवासी जनजातिलाई आवश्यक अन्य जानकारीहरू

### चरण २ : कार्यान्वयन चरण

- राष्ट्रिय रेडप्लस रणनीति र त्यसको कार्यान्वयन योजनासम्बन्धी विषयवस्तुहरू
- क्षमता-निर्माणलाई अझ सुदृढ पार्नेखालको योजना
- कार्यान्वयन गरिनुपर्ने प्रविधि विकास र हस्तान्तरणको प्रकार
- वन फँडानी र वन क्षयीकरणका कारक तत्वलाई पहिचान गर्दा कार्यान्वयन गरिनुपर्ने विधिहरू
- सुरक्षा उपायको प्रयोग
- आर्थिक व्यवस्था/सम्झौताहरू
- परम्परागत ज्ञानको भूमिका
- परिणाममुखी गतिविधि र त्यसको कार्यान्वयन

### चरण ३ : अनुगमन, प्रतिवेदन र प्रमाणीकरण (MRV)

- वन कार्बनको अभिलेख विधि र साधनहरू
- एमआरभीको सुरक्षा उपायहरू
- कार्बन अभिलेखका विधि र मापदण्डहरू
- भुक्तानी सर्तहरू
- लाभ बाँडफाँड संयन्त्र/आदिवासी जनजाति समुदायका लागि व्यवस्थाहरू
- एमआरभी (MRV)को समय-सीमा

**आदिवासी जनजाति समुदायको बुझाइ स्तरलाई प्रभावकारी बनाउनका लागि रेडप्लससम्बन्धी सूचना प्रचार-प्रसारका अवस्थाहरू :**

- सूचना-पोस्टर
- गीत/अभिनय/नाटक
- चित्रकथा/चित्रणहरू
- भिडियो वृत्तचित्रहरू
- बुकलेट/ब्रिफिङ पेपर/लिफ्लेट
- सामुदायिक रेडियो
- वेबसाइट्स
- प्रतिवेदनहरू

सूचना तिनीहरूको स्थानीय भाषामा (सरल र बुझिने) हुनुपर्छ । यस अतिरिक्त तिनीहरूले राम्ररी बुझून् भनेर पर्याप्त समय पनि प्रदान गर्नुपर्छ ।

## ८.३. आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता तथा एफ्पीकसँग सम्बन्धित रेडप्लस गतिविधिहरू

**३. रेडप्लस गतिविधिका के-के कुरा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता र एफ्पीकको सम्मानसँग सम्बन्धित छन् ?**

रेडप्लस अझै पनि तयारी चरणमै छ । यद्यपि, सबै रेड देश तयारी चरणको एउटै अवस्थामा भने छैन । देशैपिच्छे फरक अवस्था रहेको छ । तर, रेडप्लसका चरण र प्रमुख गतिविधि भने सामान्यतया सबै रेड देशमा एकै अवस्थामा रहेको छ । तल दिइएको तालिकाले रेडप्लसको चरणबद्ध रूपमा प्रमुख गतिविधि र ती गतिविधिमा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता र एफ्पीक (FPIC) का रूपहरू दिइएको छ ।

| चरण १ : तयारी चरण | |
|---|---|
| **मुख्य गतिविधिहरू** | **आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता र एफ्पीक (FPIC)को रूपहरू** |
| **१. राष्ट्रिय रणनीतिको तयारी** | • सम्बन्धित अंग, संयन्त्र र प्रक्रियामा प्रतिनिधित्व र प्रभावकारी सहभागिता<br>• जनचेतना जगाउने र सूचना उपलब्ध गराउने<br>• परामर्श<br>• नमुना क्षेत्रमा एफ्पीक (FPIC) क्रियाकलाप<br>• मस्यौदा रेडप्लस रणनीतिमा एफ्पीक (FPIC) (आदिवासी जनजातिका विधिवत् रूपमा छानिएका प्रतिनिधिमार्फत)<br>• स्थानीय, उपराष्ट्रिय, राष्ट्रिय र उपयुक्त भएमा क्षेत्रीय तहमा पनि उजुरी संयन्त्र स्थापना |

| | |
|---|---|
| **२. रेडप्लसमा आदिवासी जनजातिका सरोकारहरू :** | • भूमिको स्वामित्वसम्बन्धी सवालहरू (कानुनको समीक्षा र सुधार)<br>• वन फँडानी र वन क्षयीकरणका कारणको पहिचान<br>• वनको शासकीय सवालहरू (लाभको वितरणसहित)<br>• लैंगिकतामा ध्यान दिने<br>• आदिवासी जनजाति र स्थानीय समुदायको पूर्ण र प्रभावकारी सहभागितालाई सुनिश्चित गर्ने सुरक्षा उपायहरू (नीति र कानुनको समीक्षा गर्ने अंग र प्रक्रियामा परामर्श र प्रभावकारी सहभागिता)<br>• अंग र प्रक्रियामा परामर्श र प्रभावकारी सहभागिता (जस्तै : अनुसन्धान, दस्तावेजीकरण आदि)<br>• लाभको वितरण सम्बन्धमा परामर्श, सूचनाको उपलब्धता र एफ्पीक<br>• अंग, प्रक्रिया र संयन्त्रमा विशेषगरेर आदिवासी जनजाति महिलासँगको परामर्श र सहभागिता<br>• सुरक्षा उपायले कसरी सवालहरूको सम्बोधन, कार्यान्वयन, अनुगमन र प्रतिवेदन दिन्छ भन्ने कुराको निर्धारण गर्ने प्रक्रियामा परामर्श र सहभागिता |
| **३. राष्ट्रिय र उपराष्ट्रिय तहमा (जहाँ उचित हुन्छ) उत्सर्जन आधारस्तरको निर्धारण** | • आधाररेखा अनुसन्धान<br>• कार्बन भण्डार मापन<br>• प्राविधिक र वैज्ञानिक अध्ययन (सूचनाको उपलब्ध गराउने) |
| **४. 'सशक्त र पारदर्शी राष्ट्रिय वन अनुगमन प्रणाली' स्थापना गर्ने, जसको मतलब हुन्छ : राष्ट्रिय तहमा र उपराष्ट्रिय (जहाँ उपयुक्त हुन्छ)। स्तरमा एउटा अनुगमन, प्रतिवेदन र प्रमाणीकरण प्रणाली (MRV)** | • नमुना क्षेत्रहरू<br>• वन अनुगमन प्रणाली स्थापना<br>• एमआरभी (MRV)का लागि प्रणाली स्थापना (परामर्श)<br>• सम्बन्धित निकायमा प्रतिनिधित्व<br>• एमआरभी (MRV) प्रक्रियामा आदिवासी जनजातिको सहभागिता |
| **५. सबै रेड गतिविधिमा सुरक्षा उपायलाई कसरी सम्बोधन र सम्मान गरिन्छ भन्ने विषयबारे प्रणाली स्थापना गर्ने** | • सूचना प्रणालीको रूपरेखा<br>• तथ्यांक संकलन र प्रतिवेदन प्रस्तुति<br>• परामर्श र सहभागिता |

| चरण २ : कार्यान्वयन चरण | |
|---|---|
| मुख्य गतिविधिहरू | आदिवासी जनजातिको पूर्ण एवम् प्रभावकारी सहभागिता र एफ्पीकका रूपहरू |
| १. राष्ट्रिय रणनीतिको कार्यान्वयन : नीति, विधि, कार्ययोजनाहरू आदि | • स्थानीय र राष्ट्रियस्तरमा सम्बन्धित निकायमा प्रतिनिधित्व |
| २. कार्बन भण्डारको अनुगमन र प्रतिवेदन | • सम्बन्धित निकायमा प्रतिनिधित्व, समुदायका सदस्यहरूको सहभागिता<br>• सूचना प्रवाह |
| ३. कार्बन मापनका निम्ति प्रविधिको हस्तान्तरण | • सूचना प्रवाह<br>• परामर्श |
| ४. कार्यान्वयनकर्ता निकायहरूको क्षमता अभिवृद्धि | • सूचना प्रवाह<br>• परामर्श |
| ५. सुरक्षा उपायहरूको कार्यान्वयनको अनुगमन र प्रतिक्रिया (उजुरी संयन्त्र) | • सम्बन्धित निकायमा प्रतिनिधित्व<br>• आदिवासी जनजातिबाट सहभागिता |
| ६. परिणाममुखी नमुनाहरू | • सम्बन्धित निकायमा प्रतिनिधित्व<br>• सूचना प्रवाह<br>• परामर्श र सहभागिता |

| चरण ३ (अभिलेख चरण) | |
|---|---|
| मुख्य गतिविधिहरू | आदिवासी जनजातिको पूर्ण एवम् प्रभावकारी सहभागिता र एफ्पीकका रूपहरू |
| १. कार्बन भण्डारको अनुगमन र मापन | • सम्बन्धित निकायमा प्रतिनिधित्व<br>• सहभागिता |
| २. लाभ बाँडफाँड व्यवस्थाको कार्यान्वयन | • सम्बन्धित निकायमा प्रतिनिधित्व/सहभागिता<br>• परामर्श<br>• सहभागिता |
| ३. रिपोर्टिङ र प्रमाणीकरण | • सम्बन्धित निकाय, प्रक्रियामा प्रतिनिधित्व/सहभागिता |

## सत्र ९ः रेडप्लसका सम्बन्धित संयन्त्र र अंगमा आदिवासी जनजातिको सहभागिता

समय अवधि : १ घन्टा

### विधि

१. सत्रको सुरूवात प्रश्नबाट गर्नुहोस्
- तपाईंको समुदायको स्वछनोट प्रक्रिया के हो ?
- विभिन्न तहमा परामर्शको कस्तो अनुभव तपाईंको समुदायलाई छ ?

२. सहभागीलाई समूहमा विभाजन गर्नुहोस् । एकजना सहजकर्ता र प्रतिवेदक छान्नुहोस् ।

३. रेडप्लसमा आदिवासी जनजातिको सहभागिता र एफ्पीक (FPIC) बारे प्रस्तुति गर्नुहोस् ।

४. हलमा छलफल गर्नुहोस् ।

## ९.१. उनीहरू आफैंले छनोट गरेको प्रतिनिधिबाट आदिवासी जनजातिको प्रतिनिधित्व

**क. आदिवासी जनजातिका प्रतिनिधिमार्फत पूर्ण र प्रभावकारी सहभागिताका लागि रेडप्लसका अंगहरू कुन-कुन हुन् ?**

रेडप्लस लागू भएका देशहरूले सोसँग सम्बन्धित आफ्ना विशिष्ट अंगहरू स्थापना गरेका छन् । यसअन्तर्गत रेडप्लस कार्यसमूह, राष्ट्रिय रेड इकाइ र अन्य संयन्त्र स्थापना गरेका छन् । रेडप्लस कार्यसमूह, रेडप्लस सरोकारवाला मञ्च, रेडप्लस परामर्श समूहलगायत अंग तथा कार्यसमूहरूमा सरोकारवालाको संलग्नता गराइएको पाइन्छ ।

**ख. राष्ट्रियस्तरमा कसरी आदिवासी जनजाति प्रतिनिधिको छनोट गर्ने ?**

राष्ट्रियस्तरमा रेडप्लसका अंगहरूमा सहभागिताका लागि आदिवासी जनजाति प्रतिनिधिको छनोट र राष्ट्रिय परामर्श सञ्चालनको तरिका देशअनुसार फरक हुन सक्छ । यो आदिवासी जनजातिको क्षमतास्तर, प्रतिनिधित्वबारे भएका वर्तमान सहमति व्यवस्था र अन्य तत्वमा भर पर्छ । माथि उल्लिखित औपचारिक वा अनौपचारिक प्रक्रियाबाट आफैंले छानेको प्रतिनिधिमार्फत रेडप्लसमा अंग र संयन्त्रहरूका आदिवासी जनजातिको सहभागिता हुनेछ ।

प्रतिनिधिहरूको चयन प्रक्रिया आदिवासी जनजातिबाट परिभाषित वा मञ्जुरी प्राप्त संयन्त्रको तर्फबाट हुन सक्छ । तर, यसैमा सीमित भने हुँदैन जुन यस प्रकार छन् :


- स्थापित संगठनको छनोटद्वारा
- जातीय समूहबाट छनोट भएका प्रतिनिधिद्वारा
- प्रदेश, प्रान्त अथवा भौगोलिक क्षेत्रहरूका आधारमा छनोट भएका प्रतिनिधिद्वारा

**ध्यानाकर्षण : मुख्य माग/पैरवी :** कानकुन सम्झौताअनुसार आदिवासी जनजातिका संगठन र समुदायले रेडप्लसका अंगहरूमा पूर्ण र प्रभावकारी सहभागिता कार्यान्वयन माग गर्नु आवश्यक छ । त्यस्तैगरी, आदिवासी जनजातिसँगको राष्ट्रिय, स्थानीय र आवश्यक परे उपराष्ट्रियस्तरमा शृंखलाबद्ध परामर्श गरेर उनीहरूको दिगो संलग्नताको संयन्त्र निर्माण गर्नुपर्छ ।




रेडप्लससँग सम्बन्धित राष्ट्रिय अंगहरूमा अत्यन्त न्यून प्रतिनिधित्व (जस्तै : एक/दुईजना) हुने भएकाले आदिवासी जनजातिले प्रतिनिधिहरू छान्ने काम आफैंले परिभाषित गरेको परामर्श प्रक्रियाबाट गर्नुपर्छ ।

छनोट प्रक्रियाभित्र वैकल्पिक प्रतिनिधिलाई पनि राख्नुपर्छ । वैकल्पिक प्रतिनिधिको सर्तहरू परिभाषित गर्नुपर्छ र प्रतिनिधिको कार्यकाल/कार्यावधिलाई समेत तोकिनुपर्छ । रेडप्लसका अंगहरूले आदिवासी जनजाति प्रतिनिधिका लागि केही आधारभूत मापदण्ड वा दायित्व परिभाषित गरेका हुन सक्छन् । छानिएका प्रतिनिधिले ती कार्य पूरा गर्नुपर्ने हुनाले उनीहरूको कार्यकाल तथा सर्तहरूबारे स्पष्ट हुनु महत्वपूर्ण रहेको छ । त्यस्तैगरी, प्रतिनिधिलाई सुम्पिएको कार्यभार र जिम्मेवारी पूरा गर्न नसकेको अवस्था वा परित्याग गरेको खण्डमा उनीहरूलाई प्रत्याह्वानको स्पष्ट सहमति हुनुपर्छ । जसको उद्देश्य प्रभावकारी प्रतिनिधित्वका लक्ष्यहरू गम्भीर रूपले प्रभावित वा कमजोर नहोस् भन्ने रहेको छ । राष्ट्रिय रेडप्लसका सम्बन्धित अंग र संयन्त्रमा आदिवासी जनजाति आफैंले आफ्नो प्रतिनिधि छनोट गर्ने प्रक्रियाको रेखाचित्र तल प्रस्तुत गरिएको छ । यसले सामूहिक छलफलको माध्यमबाट राष्ट्रियस्तरमा आफैंले आफ्नो प्रतिनिधि छानेर पठाउने उदाहरण प्रस्तुत गर्छ ।




## ९.२. राष्ट्रिय, उपराष्ट्रिय र सामुदायिक तहका प्रतिनिधिको स्वछनोट प्रक्रियाका सामान्य मार्गनिर्देशक सिद्धान्तहरू

**क. सिद्धान्तहरू के-के हुन् ?**

- **पर्याप्त सूचना** : छनोट प्रक्रियामा सामेल भएकालाई पर्याप्त, सरल र स्पष्ट सूचना प्रदान गर्नुपर्नेछ । यसभित्र उद्देश्य/लक्ष्य, छनोट प्रक्रियासम्बन्धी कार्यपद्धति, आवश्यक मापदण्ड/योग्यता, उम्मेदवारहरूको संक्षिप्त विवरण वा उम्मेदवारी, प्रतिनिधिको काम र कर्तव्य आदि तोकिनुपर्नेछ ।
- **समान अवसर र समावेशीकरण** : प्रतिनिधिको स्वछनोट प्रक्रियासम्बन्धी परामर्शलाई सम्भव भएसम्म बृहत् र समानुपातिक ढंगले सञ्चालन गर्नुपर्छ । यसअन्तर्गत विभिन्न जाति, भौगोलिक क्षेत्र, पुरुष, महिला, युवा र पाकाहरूलाई पनि ध्यानमा राख्नु जरूरी छ ।
- **पारदर्शिता** : स्वछनोट प्रक्रिया पारदर्शी र खुला

हुनुपर्छ अर्थात् सबै सम्बन्धित व्यक्तिका लागि प्रक्रिया गोप्य नभईकन खुला र सुलभ हुन्छ । जसले गर्दा प्राप्त नतिजालाई प्रक्रियामा सहभागीको सहमतिका आधारमा सार्वजनिक गर्न सकिन्छ ।

- **स्वतन्त्रता र स्वामित्व** : छनोट प्रक्रियालाई अरू पक्षहरूको हस्तक्षेप र कुनै प्रकारको जालझेलबाट टाढा राखी स्वतन्त्रतापूर्वक सञ्चालन गर्नुपर्छ । यो आदिवासी जनजातिको सहमतिमा आधारित हुनुपर्छ ।

छनोट प्रक्रियाको समापन, कार्ययोजना र स्थान निर्धारण गर्दा त्यहाँ उपस्थित हुनेको उपलब्धतालाई पनि ध्यान दिनुपर्ने हुन्छ । स्थान चयन गर्दा सहभागीको अपेक्षा र अनुकूलताका आधारमा पहुँचलाई ख्याल राख्नुपर्छ ।

**ख. रेडप्लसका अंग, संयन्त्र र प्रक्रियाका प्रतिनिधित्व र राष्ट्रिय परामर्शका लागि आदिवासी जनजाति प्रतिनिधिहरूका योग्यता वा आवश्यकता के-के हुन् ?**

- वन व्यवस्थापन, रेडप्लस र एफ्पीकसम्बन्धी ज्ञान र अनुभवहरू
- प्रथागत/पारम्परिक नियम कानुनसम्बन्धी ज्ञान
- आदिवासी जनजातिका अधिकारबारे ज्ञान
- कुशल सम्प्रेषण क्षमता
- आदिवासी जनजातिको पुर्ख्यौली भूमि/शासन क्षेत्रबारे ज्ञान
- स्थानीय र राष्ट्रिय दुवै भाषामा बलियो पकड
- आदिवासी जनजातिप्रति सम्मान र विश्वसनीयता
- सरकारी र गैरसरकारी संस्थामा बलियो प्रभाव, सञ्जाल र सम्पर्क स्थापित भएको
- नयाँ ढंगले सोच्न सक्ने, सृजनशील र विश्वासिलो
- मध्यस्थता गर्न सक्ने र विवादित मुद्दा सल्टाउने ज्ञान भएको
- समुदाय/संगठनमा आफ्नो राम्रो प्रतिष्ठा भएको र यसअघि राम्रो तथा सफल कार्यदक्षतासम्बन्धी रेकर्ड भएको
- उत्तम/उत्कृष्ट नेतृत्व क्षमता
- प्रतिनिधिका रूपमा दिइएका कार्यभारलाई पूरा गर्न समय र प्रतिबद्धता
- आदिवासी जनजाति समुदायबाट परिभाषित अन्य योग्यता र मान्यताहरू

**ग. कसरी सबै तहमा आदिवासी जनजाति प्रतिनिधिको जवाफदेहिता र पारर्शितालाई सुनिश्चित गर्ने ?**

जवाफदेहिता भनेको व्यक्ति आफ्ना कार्यप्रति जवाफदेही हुनु र त्यसको परिणाम तथा असरप्रति पूर्ण रूपले जिम्मवार बनाइनु हो । त्यो व्यक्ति यस मानेमा विश्वासिलो हुन जरूरी छ । उसले आफ्ना व्यक्तिगत स्वार्थ र हितभन्दा माथि उठेर आफ्ना समुदाय वा आफूलाई प्रतिनिधि बनाउने क्षेत्र वा व्यक्तिको कल्याण र हितसम्बन्धी कार्य गर्न सक्नुपर्छ । पारदर्शिता भनेको खुला भएर गरिने त्यस्तो कार्य हो जसलाई अरूद्वारा सजिलै जाँच्न र प्रमाणित गर्न सकिन्छ । आफू संलग्न वा सहभागी भएको कुनै कार्य वा निर्णय अथवा कुनै गतिविधिबारे तत्काल सूचना प्रवाह गर्नुलाई पनि पारदर्शिताले समेट्छ ।

आदिवासी जनजाति प्रतिनिधिको उत्तरदायित्व र पारदर्शिताको सुनिश्चितताका लागि निम्नलिखित आधारभूत सर्त महत्वपूर्ण छन् । ती सर्त चयन गरिएका प्रतिनिधिले लिनुपर्ने शपथका अंग हुन् ।

- प्रतिनिधिले आफ्ना कार्य वा निर्णय सम्बन्धमा उचित मार्गनिर्देशन प्राप्त गर्न आदिवासी जनजाति संगठन/समुदायहरूसित बेला-बेलामा परामर्श तथा सल्लाह सुझाव लिने गर्नुपर्छ ।
- प्रतिनिधिले आफ्नो निर्वाचकलाई समय-समयमा गतिविधिबारे अवगत गराउने र सूचना सम्प्रेषण गर्ने गर्नुपर्छ ।
- आफ्ना कार्य र कर्तव्यको पालना गर्ने क्रममा देखापर्ने परिणाम र प्रभावका लागि प्रतिनिधिले सम्पूर्ण जिम्मेवारी बोक्नुपर्छ ।
- प्रतिनिधिले आदिवासी जनजातिको हित, अधिकार र कल्याणको सदैव रक्षा गर्नुपर्छ ।
- प्रतिनिधिले सबै सम्बन्धित आम्दानी र खर्चको व्यहोरा निर्वाचकसमक्ष पेस गर्नुपर्छ ।

**घ. आदिवासी जनजाति प्रतिनिधिका के-कस्ता भूमिका र उत्तरदायित्व हुन्छन् ?**

आदिवासी जनजाति प्रतिनिधिको मुख्य भूमिका




भनेको आफ्ना समुदायको विचार, सरोकारका विषय, अडान र सिफारिसलाई सम्बन्धित अंग वा संयन्त्रहरूमा प्रस्तुत गर्नु हो ।

साथै ती अंग वा संयन्त्रहरूमा आदिवासी जनजातिको जानकारी, परिणाम र ध्यानाकर्षण गराइनुपर्ने विषय र कार्यलाई राख्नु पनि हो । त्यसैले यो आदिवासी जनजाति प्रतिनिधिको प्रभावकारी प्रतिनिधित्वका लागि उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गर्ने संलग्नताको दुईतर्फी प्रक्रिया हो । सम्बन्धित रेडप्लस अंग र संयन्त्रमा आदिवासी जनजाति प्रतिनिधिका मुख्य कर्तव्य र जिम्मेवारी निम्नानुसार छन् :

- नियमित रूपमा आदिवासी जनजाति संगठन र समुदायसँग छलफल गरेर रेडप्लस र एफ्पीकसम्बन्धी विचार, अडान, सरोकार र सिफारिस संकलन गर्ने र त्यसलाई एकरूपता दिने
- रेडप्लससम्बन्धी आदिवासी जनजातिका विचार, सरोकार, अडान र सिफारिसलाई सम्बन्धित सरकारी निकाय र संयन्त्रहरूमा स्पष्टसाथ प्रस्तुत गर्ने
- बैठक, गतिविधि, प्रतिनिधि मण्डल र वार्ताहरूमा आदिवासी जनजाति प्रतिनिधिका रूपमा सक्रिय सहभागिता जनाउने
- आदिवासी जनजाति संगठन र समुदायलाई उनीहरूले भाग लिएको बैठक र गतिविधिको परिणामबारे जानकारी उपलब्ध गराउने र नियमित सल्लाह सुझाव दिने
- आदिवासी जनजाति संगठन र समुदायलाई सरल, सहजै बुझिने र प्रभावकारीखालका सूचना प्रदान गर्ने
- उनीहरूको ध्यानाकर्षण, प्रतिक्रिया र योगदानको आवश्यकता खड्किएका विषयमा आदिवासी जनजाति संगठन र समुदायबीच समन्वय गरिदिने

**ङ. समुदायका सदस्यलाई जानकारी दिन र परामर्श गर्नका लागि के–कस्ता संयन्त्र प्रभावकारी हुन्छन् ?**

- रेडप्लसबारे सामुदायिक बैठकहरूमा नियमित रूपमा समसामयिक सूचना प्रवाह गर्ने
- समुदाय र संगठनलाई सूचना बाँडने, जस्तै : नियमित समाचारपत्र
- बैठकका दौरान समुदायका सदस्यलाई रेडप्लस र एफ्पीकसम्बन्धी सामग्री र कागजपत्र बाँड्ने
- नियमित रूपमा सूचना आदान–प्रदान गर्ने र प्रतिक्रिया पाउनका लागि आदिवासी जनजाति समुदायलाई अनुकूल हुने मिडियाको प्रयोग गर्ने (जस्तै : सामुदायिक रेडियो)
- समुदायका सदस्यहरूको विचार जान्नका लागि तिनीहरूसँग सरोकार भएका विषय र मुद्दाहरूमा नियमित परामर्श सञ्चालन गर्ने

## अन्तर्राष्ट्रिय श्रम संगठनको परामर्शसम्बन्धी व्यवस्थाहरू

**आदिवासी तथा जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९**

### धारा ६

१. यस महासन्धिका अवस्था लागू गर्दा, सरकारले देहायबमोजिम गर्नेछन्

(क) यी जनतालाई प्रत्यक्ष रूपमा प्रभाव पार्नसक्ने कानुनी वा प्रशासनिक कामका सम्बन्धमा विचार गर्दा उपयुक्त कार्यविधि र खासगरी निजका प्रतिनिधिमूलक संस्थाहरूमार्फत सम्बन्धित जनतासँग परामर्श गर्ने,

(ख) निजहरूसँग सरोकार राख्ने नीति तथा कार्यक्रमका लागि जिम्मेवार निर्वाचित संस्था तथा प्रशासनिक र अन्य निकायमा निर्णय गर्ने सम्पूर्ण तहमा जनसंख्याका अन्य तह जुन हदसम्म सहभागी भएका छन् कम्तीमा सोही हदमा यी जनता स्वतन्त्र ढंगले सहभागी हुन सक्ने माध्यम स्थापित गर्ने,

(ग) यी जनताका आफ्नै संस्था तथा पहलको पूर्ण विकासका लागि माध्यम खडा गर्ने तथा उपयुक्त भएको अवस्थामा यस प्रयोजनका लागि आवश्यक स्रोत उपलब्ध गराउने ।

२. यस महासन्धिको कार्यान्वयन गर्दा गरिने परामर्श असल नियतले र परिस्थिति अनुकूल हुनेगरी प्रस्तावित उपायका सम्बन्धमा सहमति वा सम्झौता हासिल गर्ने उद्देश्यले गरिनेछ ।

### धारा १५

१. सम्बन्धित जनताका भूमिसम्बन्धी प्राकृतिक स्रोतको अधिकारलाई विशेष रूपमा सुरक्षित गरिनेछ । यस्ता अधिकारहरूमा यस्ता स्रोतको उपयोग, व्यवस्थापन र संरक्षणमा सहभागी हुने यी जनताको अधिकारसमेत समावेश छ ।

२. खनिज पदार्थ वा अन्य भूमिगत स्रोतको स्वामित्व वा भूमिसम्बन्धी अन्य स्रोतको अधिकार राज्यमा निहित रहने अवस्थामा राज्यले यस्ता जनताका भूमिसम्बन्धी यस्ता स्रोतको अन्वेषण वा उपयोगका लागि कुनै पनि कार्यक्रम सञ्चालन गर्दा वा सञ्चालन गर्ने अनुमति दिनुपूर्व निजहरूको हितमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने वा पर्ने भए कुन हदसम्म प्रतिकूल प्रभाव पार्न सक्ने हो सो कुरा निर्धारण गर्ने उद्देश्यले यी जनतासँग परामर्श गर्ने कार्यविधि स्थापित गर्ने वा कायम राख्नेछ । सम्बन्धित जनता सम्भव भएसम्म यस्ता कामकारबाहीबाट हुने लाभमा सहभागी हुनेछन् र यस्ता कामकारबाहीको कारणबाट आफूलाई कुनै हानि, नोक्सानी हुन गएमा निजहरूले सोबापत मुनासिब क्षतिपूर्ति प्राप्त गर्नेछन् ।

*Source: ILO Convention 169, www.ilo.org.*

## ९.३. सबै तहमा परामर्श

परामर्शले आदिवासी जनजाति र रेडप्लससँग सम्बन्धित अन्य संस्थालाई थप उत्तरदायी, पारदर्शी र समावेशी निर्णय प्रक्रियामा लैजानका लागि संयन्त्रका रूपमा काम गर्छ । यो एउटा निरन्तर चलिरहने प्रक्रिया हो । यसले आदिवासी जनजातिलाई आफ्ना विचार, सरोकार र सवालहरू अभिव्यक्त गर्ने अवसर प्रदान गर्छ र उपलब्ध गराइएका सूचनाबारे थप स्पष्टिकरण लिन र आवश्यकता परेमा थप जानकारी संकलनका लागि अवसर पनि प्रदान गर्छ । यसले रेडप्लस प्रक्रिया र संयन्त्रहरूबारे छलफल गर्न र साझा बुझाइ स्तरसम्म पुग्नका निम्ति मञ्चको काम पनि गर्छ । साथसाथै, यसले आदिवासी जनजातिका सवाल र सरोकारका विषयलाई सम्बोधन गर्छ र केही मामिलामा संलग्नताका वा सम्झौताका सर्तलाई परिभाषित पनि गर्छ ।

आदिवासी जनजातिसँग परामर्श असल नियतका साथ तथा रेडप्लससँग सम्बन्धित सबै पक्षद्वारा पारदर्शी एवम् समावेशी ढंगले गरिनुपर्छ । यसमा भाषा र शिक्षा स्तरका साथै स्थान र समयबारे पहिल्यै विचार

### युएन-रेड कार्यक्रममा आदिवासी जनजाति र वनमा आश्रित समुदायहरुसँगको परामर्श

अन्तिम लक्ष्य एउटै नभएका सम्बन्धित पक्षबीचको संवाद र समन्वयका लागि परामर्श एक निरन्तर चलिरहने प्रक्रिया वा संयन्त्र हो । सामान्यतया, परामर्श योजना बनाउने, कार्यान्वयन गर्ने, समीक्षा र अनुगमन गतिविधिमा सरोकारवालाको सहभागिता र संलग्नताका लागि उनीहरूको चेतना अभिवृद्धि, सूचना प्रवाह तथा क्षमता निर्माणका लागि गरिन्छ । युएन-रेड कार्यक्रमको परामर्शले भने आदिवासी जनजाति र अन्य वनमा आश्रित समुदायलाई आफ्नो सामूहिक विचार, अनुभव र सरोकार अभिव्यक्त गर्न र आफ्नो सञ्जाललाई मजबुत बनाउने अवसर दिएको छ ।

प्रभावकारी परामर्शले समावेशी, पारदर्शी र जिम्मेवार रूपले खास सरोकारवालाको प्रतिनिधिबीच सूचित निर्णयका लागि जानकारी आदान-प्रदानको सुनिश्चितता गर्छ । योभन्दा बढी यसले "माथिबाट तल" को दृष्टिकोणलाई हटाउँछ र समुदायबीच, सरोकारवाला र सरकारबीचको सम्भावित द्वन्द्वबाट पनि बचाउँछ ।

युएन-रेडको कार्यसञ्चालन निर्देशिकामा पुरुष, महिला, युवा र पाकासहितको आदिवासी जनजाति र अन्य वनमा आश्रित समुदाय दीर्घकालीन क्षमता अभिवृद्धिको कार्यक्रमसहित प्रभावकारी सहभागिताको सुनिश्चितता गर्नु महत्वपूर्ण रहेको स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

युएन-रेडको कार्ययोजना दस्तावेजमा निम्न कुरा स्पष्टसँग लेखिएको छ :

- सरोकारवालाको परामर्श र जनचेतना जगाउने कार्यक्रममा आदिवासी जनजाति र वनमा आश्रित समुदायलाई संलग्न गराउनुहोस् । त्यसमा पनि विशेषगरेर स्रोतको हकदारलाई, परम्परागत अधिकारवाला समूह तथा वित्तीय निकायलाई सहभागी गराउनुहोस् ।
- स्थानीय तहमा रेडको भुक्तानी संरचना स्थापनाका लागि आदिवासी जनजाति र वनमा आश्रित समुदायको सहभागितालाई सुनिश्चित गर्नुहोस् ।

युएन रेडअन्तर्गत राष्ट्रिय तहको कार्यक्रमको योजना बनाउने, सबै सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने, आदिवासी जनजाति र वनमा आश्रित स्थानीय समुदायसँग मिलेर भूमि र वनसम्बन्धी नीति बनाउने, वन फँडानीका कारणको सम्बोधन गर्ने कार्यमा ती समूहरूको सहभागिता र समावेशिताका लागि संयन्त्र निर्माण गर्ने कार्यमा परामर्श एउटा प्रमुख सहयोगी क्षेत्र हो ।

*Source: UN_REDD, 2009. Operational Guidance: Engagement of IPs and other forest dependent communities*



पुऱ्याउनुपर्छ । आदिवासी जनजाति प्रतिनिधिका विशिष्ट आवश्यकता अथवा परामर्श प्रक्रियामा आबद्ध समुदायको आवश्यकता र चाहनाका आधारमा परामर्श प्रक्रिया सञ्चालन गर्नुपर्छ । यद्यपि, परामर्शका रूप र स्तर यसका प्रकृति, कार्यक्षेत्र, उद्देश्य र व्यवस्थापकीय स्वरूप अनुसार फरक हुन सक्छन् । यस सन्दर्भमा राष्ट्रिय रणनीति तयार पार्ने गरिएका परामर्श राष्ट्रिय र उपराष्ट्रिय/स्थानीय तहमा, विशेषगरेर नमुना क्षेत्रहरूमा लागू गर्नुपर्ने हुन्छ । राष्ट्रियस्तरमा परामर्शलाई यथोचित तरिकाले आदिवासी जनजातिका प्रतिनिधि चयन (आदिवासी जनजातिको स्वछनोट प्रक्रिया) गरेर सञ्चालन गर्न सकिन्छ । प्रतिनिधित्वको संख्या र स्तरबारे औपचारिक परामर्श प्रक्रियाअगावै आदिवासी जनजाति प्रतिनिधिको सुरूवाती परामर्श बैठकमा छलफल गरिएका र त्यसबाट पारित भएका निर्णयका आधारमा गरिन्छ ।

**क. परामर्शका सवाल/सरोकार के-के हुन् ?**

रेडको तयारी चरणअन्तर्गत खासगरी राष्ट्रिय रेडप्लस रणनीति तयार गर्नेक्रममा आदिवासी जनजातिका मूल सवाल र सरोकारलाई तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ :

**ख. परामर्शसम्बन्धी व्यवस्था कसरी गर्न सकिन्छ ?**

*सामुदायिक तहमा*

यदि उनीहरूको परम्परागत शासन संरचना छ भने त्यसैमार्फत वा समुदायका अगुवा वा छनोट गरिएका प्रतिनिधिमार्फत समुदाय तहमा परामर्श गर्नुपर्छ । यसको

व्यवस्थापन स्थानीय सरकारी अधिकारीहरूमार्फत पनि गराउन सकिन्छ । समुदायका अगुवाहरूसँगको सुरुवाती बैठकहरूमा परामर्शका लागि गरिने सूचनाका आदान–प्रदान तथा परामर्शको उद्देश्य र विषयवस्तुबारे समन्वय गर्नुपर्छ । बाहिरी पक्षहरूसँगको यो प्रारम्भिक बैठकपछि सम्बन्धित समुदायका अगुवाले अन्य अगुवा तथा

| राष्ट्रिय रणनीति तयार गर्नेक्रममा के-कस्ता सवाल रहेका हुन्छन् ? | आदिवासी जनजातिका मूल सरोकार के-के हुन् ? |
|---|---|
| १. वनविनाश र वन क्षयीकरणका कारक तत्वको पहिचान | • परम्परागत जीविकोपार्जनको सुरक्षा<br>• आदिवासी जनजातिमाथि गम्भीर असर पार्ने नीति र विधिहरू<br>• सूचनासम्मको पहुँच |
| २. भूमिको स्वामित्वसम्बन्धी सवाललाई सम्बोधित गर्नु | • वैधानिक मान्यता पाउन आदिवासी जनजातिका भू-भागको पहिचान र नक्शांकन |
| ३. सुशासनसँग सम्बन्धित सवाल र लाभको बाँडफाँड | • आदिवासी जनजातिलाई लाभको न्यायसंगत वितरणको सुनिश्चितता गर्नु, जस्तैः भुक्तानी/क्षतिपूर्तिसम्बन्धी स्पष्ट नियम र व्यवस्थाको निर्माण<br>• वन शासनसम्बन्धी पारदर्शी र उत्तरदायी प्रणाली<br>• वन शासनमा आदिवासी जनजातिको सहभागिता<br>• आदिवासी जनजातिको परम्परागत ज्ञान, दिगो वन व्यवस्थापन प्रणाली आदिलाई मान्यता र सुरक्षा प्रदान गर्ने |
| ४. लैंगिक समानता | • आदिवासी जनजाति महिलाको प्रभावकारी सहभागिता<br>• महिलाका अधिकार र कल्याणसम्बन्धी विषयको समायोजन<br>• वन व्यवस्थापन प्रणाली, परम्परागत ज्ञान आदिमा महिलाले खेलेको भूमिकालाई मान्यता |
| ५. सुरक्षा उपायको कार्यान्वयन | • आदिवासी जनजातिको वैधानिक मान्यता<br>• युएनड्रीप (UNDRIP)सँग मेलखाने साझा अधिकारको रक्षा<br>• उनीहरूको पूर्ण एवम् प्रभावकारी सहभागिताका लागि संयन्त्र र प्रक्रिया स्थापना |

प्रतिनिधिसित परामर्शको प्रक्रियाबारे विस्तृत रूपमा छलफल र सहमतिका लागि बैठक सञ्चालन गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा आदिवासी जनजाति अगुवा र प्रतिनिधिले युवा, महिला र पाकाहरूका साथै समुदायका अरू गतिविधि र प्राथमिकतालाई समेटेर समुदायका सदस्यहरूको उपलब्धतालाई मध्येनजर राखी समय, स्थान र उपयुक्त लाग्नेखालका आवश्यकता निर्धारण गर्छन् ।

समुदायका सदस्यलाई मौखिक, सामुदायिक रेडियो र अन्य प्रभावकारी सञ्चार प्रणालीद्वारा अग्रिम जानकारी प्रदान गरिनेछ । परामर्शसम्बन्धी विस्तृत सूचनालाई अन्तिम रूप प्रदान गर्नका लागि यसले समुदायका सदस्यबाट प्रतिक्रियाको अपेक्षा पनि राख्छ । स-साना समुदायले पनि परामर्श कसरी सञ्चालन गर्ने भन्ने कुरामा बाहिरी पक्षसँग छलफल गर्न आन्तरिक समुदायको बैठक डाक्न सक्नेछन् । आदिवासी जनजाति सदस्यलाई परामर्शसम्बन्धी कार्यतालिका, कार्यसूची र त्यसलाई सफल बनाउने प्रक्रियाबारे सूचित गर्नका लागि पर्याप्त रूपमा समय दिइनुपर्छ ।

*उपराष्ट्रिय र राष्ट्रिय तहमा*

उपराष्ट्रिय र राष्ट्रिय तहको परामर्श आदिवासी जनजातिका अगुवा र प्रतितिनिधिका समूहमार्फत व्यवस्था गरिन्छ । परामर्शका उद्देश्य र कार्यसूचीबारेको सूचना उनीहरूलाई बाँड्नुपर्छ । उपराष्ट्रिय र राष्ट्रियस्तरको परामर्शसम्बन्धी कार्यतालिका, कार्यस्थल र प्रक्रियाबारे बृहत् संख्यामा आदिवासी जनजातिका अगुवासँग विचार-विमर्श गरेर लक्षित सहभागीको उपलब्धता, पहुँच र उपयुक्तताका आधारमा निर्धारण गरिनुपर्छ । परामर्शको अन्तिम कार्यसूची, सहभागीको नामावली र प्रक्रिया आदिवासी जनजातिका प्रतिनिधि/अगुवाहरूसँगै बसेर तयार पारिनुपर्छ । त्यस्तैगरी, सहभागीलाई जानकारी गराउन र तयारीका लागि पर्याप्त समय दिइनुपर्छ ।

## ग. परामर्शलाई कसरी सञ्चालन गर्न सकिन्छ ?

परामर्श प्रक्रिया खुला, विस्तृत र पारदर्शी तरिकाले सञ्चालन गर्नुपर्छ । यो आदिवासी जनजातिले बुझ्ने र बोल्ने भाषामा हुनुपर्छ । यसले उनीहरूको बुझाइलाई मात्र सहज बनाउँदैन, उनीहरूलाई आफ्ना विचार, मान्यता, अवधारणा र सरोकारका कुरा स्वतन्त्र र सहजतासाथ अभिव्यक्त गर्ने वातावरण पनि प्रदान गर्छ । परामर्शको उद्देश्य र कार्यतालिका सबैका लागि स्पष्ट हुनुपर्छ ।

त्यस्तैगरी, परामर्श प्रक्रिया दुईतर्फी ढंगले सञ्चालन गर्नुपर्छ । एकातिर आदिवासी जनजातिलाई सूचना उपलब्ध गराइन्छ भने अर्कोतिर उनीहरूले ती सूचना राम्ररी बुझ्न, प्रश्न र प्रस्टीकरण सोध्न, आफ्ना विचार र मान्यता राख्न तथा त्यससम्बन्धी प्रतिक्रिया पाउनका निम्ति पर्याप्त समय उपलब्ध गराइन्छ । आदिवासी जनजातिका सवाल र सरोकारसम्बन्धी विषयमा विचार-विमर्श गरी साझा बुझाइमा पुग्न र आवश्यक परेको खण्डमा त्यसको समाधानका लागि आवश्यक संलग्नताका लागि मुख्य चरण पहिचान गर्न पनि पर्याप्त समय हुनु जरूरी छ । परामर्शको अन्त्यमा छलफल गरिएका विषयको सारांश र नियमित अनुगमनका लागि भविष्यको संलग्नताका मुख्य चरणको उल्लेख गरिनुपर्छ ।

परामर्शको वातावरण र कार्यपद्धति आदिवासी जनजाति प्रतिनिधि, अगुवा र समुदायका सदस्यहरूको सक्रिय सहभागिताका लागि सहयोगी हुनुपर्छ । यो कुनै पनि प्रकारको धम्की वा उत्पीडनबाट मुक्त हुनुपर्छ भने आदिवासी जनजाति सहभागीमाथि कुनै किसिमको सर्त लाद्नुहुन्न । यस्तै गरेर परामर्शको विषयवस्तु र प्रक्रियाको सही ढंगले दस्तावेजीकरण भएको कुराको सुनिश्चित हुनुपर्छ । यसलाई अन्तिम स्वरूप दिएर सम्बन्धित ठाउँमा हस्तान्तरण गर्न वा अरूलाई बाँड्नुपूर्व आदिवासी जनजातिद्वारा प्रमाणित गर्नुपर्ने हुन्छ ।

## घ. आदिवासी जनजातिसँग प्रभावकारी रूपमा परामर्श गर्नका लागि के-कस्ता आवश्यकता छन् ?

आदिवासी जनजातिसँगको प्रभावकारी परामर्शका लागि समुदायका सदस्यहरूको समावेशी, पूर्ण र प्रभावकारी सहभागिता महत्त्वपूर्ण आवश्यकता हो । ती आवश्यकता निम्नअनुसार छन् :

- परामर्शको समय र स्थल समुदायका सदस्यले

उनीहरूको आफ्नो कार्यसूची, प्राथमिकता र विचारका आधारमा निर्धारण गर्नेछन् ।

- परामर्श प्रक्रियामा महिला, युवा र पाकाहरूको समावेशी सहभागिता हुनुपर्छ ।
- परामर्श प्रक्रियाका दौरान स्थानीय आदिवासी जनजातिको संस्कृति, मूल्य मान्यता र साँस्कृतिक पक्ष तथा मूल्यप्रतिको संवेदनशीलतालाई सम्मान गर्नुपर्छ ।
- आदिवासी जनजाति सहभागीलाई आफ्ना मान्यता, अवधारणा, विचार, सल्लाह, सुझाव र सिफारिसको स्वतन्त्र अभिव्यक्तिका निम्ति खुला र पारदर्शी प्रक्रिया अपनाउनुपर्छ ।
- समुदायका सदस्यहरूको बुझाइ स्तर र साक्षरतामा आधारित भएर प्रस्तुति र छलफलको सञ्चालन गर्दा साधारण भाषा/शैली प्रयोग गर्नुपर्छ ।
- समुदायका सदस्यहरूले बुझ्न सक्ने स्थानीय भाषाको प्रयोग गर्ने र उनीहरूका विचार अनि सरोकारका मुद्दालाई स्पष्ट पार्ने अवसर प्रदान गर्नुपर्छ ।
- सामुदायिक सवाल, सरोकारका विषय र सिफारिसमा केन्द्रित छलफलका लागि आवश्यकताअनुसार पर्याप्त समय प्रदान गर्ने ।
- समुदायका सदस्यले उठाएका प्रश्न तथा जिज्ञासाको उचित तरिकाले उत्तर दिने ।
- समुदायका सदस्यले गरेका सिफारिसलाई गम्भीरतासाथ लिने । थप परामर्श गर्ने र अन्य सवालसँगै त्यसको पनि सम्बोधन गर्ने ।
- छलफलको दस्तावेज समुदायका सदस्यबाट सत्यताको पुष्टि वा प्रमाणित गरेर उपलब्ध गराउने

### ङ. परामर्शसम्बन्धी उचित दस्तावेजीकरणलाई कसरी सुनिश्चित गर्ने ?

परामर्शसम्बन्धी प्रक्रिया र विषयवस्तु राम्ररी प्रतिविम्बित भएका छन् वा छैनन्, यस कुराको सुनिश्चितताका लागि परामर्शको सटिक दस्तावेजीकरण आवश्यकता पर्छ । आदिवासी जनजाति अगुवालाई सम्पूर्ण प्रक्रियाको दस्तावेजीकरण र परामर्श प्रक्रियाबाट निस्किएको प्रतिफललाई आफ्ना स्थानीय भाषामा सम्प्रेषण एवम् सूचनालाई समुदायका सदस्यहरूलाई बाँड्ने अभिभारा सुम्पिएको हुन्छ । यही कुरालाई परामर्शको सवाल र विषयवस्तुका साथै त्यसबारे गरिएका अन्तिम सिफारिस वा निर्णयसँग सम्बन्धित मामिलाका सन्दर्भका रूपमा पनि प्रयोग गर्न मिल्छ । दस्तावेजीकरणलाई आदिवासी जनजातिलाई सजिलो हुनेगरी फरक शैलीमा गर्न सकिन्छ । केही त्यस्ता दस्तावेजीकरणका तरिका तल दिइएको छ, जुन आदिवासी जनजातिको आफ्नै ज्ञान र उपलब्धतामा आधारित छ :

- श्रव्य-दृश्य रेकर्डिङ
- फोटो सँगालो
- लिखित दस्तावेजहरू

एफ्पीकको सिद्धान्त, विशेषता र तत्वहरूबारे पाठ २ मै छलफल भइसकेको छ । त्यसैले यस सत्रमा हामी समुदाय तहमा गरिने एफ्पीक (FPIC)को मार्गनिर्देशन र रेडप्लसमा एफ्पीकको प्रयोगमा केन्द्रित हुनेछौं ।

**ध्यनाकर्षण** : प्रक्रिया र विषयवस्तु दुवैको उचित दस्तावेजीकरण सुनिश्चितताका लागि कसले औपचारिक दस्तावेजीकरण र प्रतिलिपि बनाउने भन्ने कुराको सहमति हुनुपर्छ । ती दस्तावेज परामर्शका आधारमा समुदायलाई आधिकारिकता र अनुमोदनका लागि दिइनुपर्छ । यदि दस्तावेजीकरण तेस्रो पक्षले गरेको छ भने समुदायका अगुवा वा सदस्यहरूले गरेको दस्तावेजीकरणसँग मेल खानुपर्छ । यसले परामर्शबाट आउने परिणाममा भ्रम पैदा हुनबाट बचाउँछ ।

## सत्र १०: स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी सञ्चालन

## समय अवधि : २.५ घन्टा

### विधि

१. समूह अभ्यासका लागि तलका प्रश्न लेखेर कार्ड बाँड्नुहोस् :
   समुदाय तहमा एफ्पीक (FPIC) गर्ने चरण र तरिका के-के हुन् ?
   हालसम्म समुदायले के-कस्ता पाठ वा अनुभव सिकेका छन् ?
२. लिखित उत्तर संकलन गर्नुहोस्, त्यसलाई समूहमा छुट्याउनुहोस् र सहभागीको विचारको शारंस बनाउनुहोस् ।
३. भियतनाम र इन्डोनेसियामा युएन-रेड कार्यक्रमले गरेको नमुना एफ्पीक (FPIC) लाई उदाहरणका रूपमा प्रस्तुत गर्नुहोस् ।
४. हलमा छलफल गर्नुहोस् ।
५. माथिको छलफलपछि नाटक गर्नुहोस् : यस नाटकमा सहभागीलाई तीन समुहमा बाँड्नुहोस् । पहिलो समूहलाई समुदायका सदस्य बनाउनुहोस्, उनीहरूले परम्परागत कपडा लगाएर आएमा राम्रो । दोस्रो समूहलाई रेडप्लसका प्रस्तावकका रूपमा अभिनय गर्न लगाउनुहोस् र तेस्रो समूहलाई सरकारी अधिकारीहरूको अभिनय गराउनुहोस् । सरकारी अधिकारीले समुदायलाई रेडप्लसको मञ्जुरी दिलाउनका लागि बुझाउन खोज्नेछन् ।

## १०.१. रेडप्लसमा एफ्पीक (FPIC) को पूर्ण प्रयोगका क्षेत्रहरू

**क. राष्ट्रिय रेडप्लस रणनीति**

राष्ट्रिय रेडप्लस रणनीतिले रेडप्लसको कार्यान्वयनसम्बन्धी समष्टिगत संरचना र मार्गनिर्देशन उपलब्ध गराउँछ । राष्ट्रिय रेडप्लस रणनीतिहरूमा समेटिनुपर्ने आदिवासी जनजातिका मुद्दा र सरोकारसँग सम्बन्धित मुख्य तत्वलाई तल उल्लेख गरिएको छ :

१. भूमिको स्वामित्वसम्बन्धी सवालहरू (यसमा कानुनको समीक्षा र संशोधन पनि पर्न सक्छन्)
२. वन फँडानी र वन क्षयीकरणका कारक तत्वहरू
३. वनको शासन अधिकारसम्बन्धी सवालहरू
४. निष्पक्ष र समन्यायिक लाभ बाँडफाँड संयन्त्रहरू
५. रेडप्लस कार्यान्वयनको सबै तहमा लैंगिक समानताको पहल
६. आदिवासी जनजाति र स्थानीय समुदायको पूर्ण र प्रभावकारी सहभागिताको सुनिश्चिततासम्बन्धी सुरक्षा उपायहरू
७. उत्सर्जनको सन्दर्भ स्तर
- आधारभूत तथ्यांक
- भण्डारणको मापन
८. मजबुत र पारदर्शी राष्ट्रिय वन अनुगमन प्रणाली: राष्ट्रिय र उपयुक्त उपराष्ट्रिय तहमा मापन, प्रतिवेदन र प्रमाणीकरण (MRV) प्रणाली
९. रेडप्लसका सूचना प्रणालीको खाका, तथ्यांक संकलन र प्रतिवेदनको तयारीलगायतका गतिविधिमा कसरी सुरक्षा उपायको सम्बोधन र सम्मान गरिएको छ भन्ने सम्बन्धमा सूचना प्रवाह प्रणाली

**अ. राष्ट्रिय रेडप्लस रणनीतिमा एफ्पीक (FPIC) को कस्तो प्रक्रिया हुनुपर्छ ?**

राष्ट्रिय रेडप्लस रणनीतिका एफ्पीक (FPIC) प्रक्रियाले निम्नलिखित महत्वपूर्ण चरणको अवलम्बन गर्नुपर्छ :

१. आदिवासी जनजातिको संगठन र समुदायलाई रेडप्लस राष्ट्रिय रणनीतिका विषयवस्तु तथा प्रक्रियाबारे सूचना प्रवाह गर्नुपर्छ । उनीहरूको पूर्ण र प्रभावकारी संलग्नताको सुनिश्चितता गर्न

रेडप्लसको राष्ट्रिय रणनीतिका सबै प्रक्रियामा आदिवासी जनजाति प्रतिनिधिको संलग्नताका लागि संयन्त्र हुनु महत्वपूर्ण छ । साथै माथि उल्लेख गरिएका उनीहरूको सवाल र सरोकारलाई रणनीतिले सम्बोधन गर्नुपर्छ ।

२. उनीहरू आफैंले छनोट गरेका आदिवासी जनजाति प्रतिनिधिसँग र रेड नमुना क्षेत्रमा आदिवासी समुदायसँग परामर्श गर्ने ।
३. आदिवासी जनजाति समुदाय र संगठनभित्रै पनि आन्तरिक परामर्श, (विशेषगरेर जो वनमै आश्रित छन्) ।
४. आदिवासी जनजाति आफूले छानेका प्रतिनिधिबाट स्वतन्त्र निर्णय लिने प्रक्रियाहरू तथा रेड नमुना क्षेत्रमा आदिवासी जनजाति समुदाय आफैंले गर्ने निर्णयहरू ।
५. आदिवासी जनजातिको सामूहिक निर्णय प्रक्रियाबाट निस्किएको परिणामको सम्मान ।
६. उपयुक्त रूपमा निरन्तर संलग्नताका लागि संयन्त्र स्थापना ।
७. उजुरी संयन्त्र स्थापना ।

### आ. राष्ट्रिय रेडप्लस रणनीतिमा प्रभावकारी एफ्पीक (FPIC) सञ्चालनका के-कस्ता उपाय छन् ?

१. आदिवासी जनजातिका प्रतिनिधि छान्नेक्रममा स्वतन्त्र र विश्वासिलो स्वछनोट प्रक्रिया ।
२. आदिवासी जनजातिले बुझ्नेगरी राष्ट्रिय रेडप्लस रणनीतिको मस्यौदाको सूचना प्रवाह ।
३. आदिवासी जनजातिले उठाएका सवालमा स्पष्टिकरणका लागि परामर्श तथा संवाद कार्यक्रमे सञ्चालन ।
४. राष्ट्रिय रेडप्लस रणनीतिको मस्यौदामाथि आदिवासी जनजातिको आन्तरिक परामर्श तथा विचार-विमर्शका लागि पर्याप्त समय ।
५. आदिवासी जनजातिको स्वतन्त्र र समावेशी तरिकाले साझा निर्णय लिने प्रक्रियाको सञ्चालन ।
६. आदिवासी जनजातिमा सूचना प्रवाह, परामर्श, संवाद तथा सामूहिक निर्णय लिने प्रक्रियामा वित्तीय, व्यवस्थापकीय र प्राविधिक सहयोगको व्यवस्था ।

**ख. नमुना क्षेत्रहरू**


आदिवासी जनजाति समुदायका निम्ति नमुना क्षेत्रमा एफ्पीक (FPIC) गर्दा निम्न विषयमा ध्यान दिनु जरूरी छ :

१. सरल तथा बुझ्न सकिने तरिकाबाट रेडप्लसबारे सूचना सम्प्रेषण (आदिवासी जनजातिको जीविकोपार्जनमा पर्न सक्ने सम्भावित सकारात्मक वा नकारात्मक प्रभावलाई समेटेर) ।
२. आफैंभित्र र आवश्यक परेको खण्डमा आदिवासी जनजाति संगठन र विशेषज्ञहरूसँग पनि छलफल र परामर्श गर्नका लागि आदिवासी जनजातिलाई पर्याप्त समय र सूचनासम्बन्धी प्रावधान ।
३. कुनै पक्षपात र दबाबविना परियोजनाबारे निर्णय गर्नका निम्ति आदिवासी जनजातिलाई पूर्ण अधिकार ।
४. राष्ट्रिय रेड प्रक्रिया र रणनीतिहरूमा आदिवासी जनजातिको प्रतिनिधित्व ।
५. उनीहरूको क्षेत्रमा गरिने रेडप्लस कार्यक्रम कार्यन्वयनमा आदिवासी जनजातिको संलग्नता ।
६. आदिवासी जनजातिसँग प्रत्यक्ष सरोकार राख्ने राष्ट्रियस्तरको रेडप्लस रणनीतिका तत्वहरू । जस्तै : तिनीहरूका जीविकोपार्जनमा प्रभाव पार्ने वन फँडानी र वन क्षयीकरणका कारणको पहिचान, भूमि स्वामित्वसम्बन्धी व्यवस्था, लाभ बाँडफाँड योजना/व्यवस्थापन, अनुगमन, रिपोर्टिङ र प्रमाणीकरण (MRV) प्रणाली सञ्चालन ।
७. राष्ट्रिय रेडप्लस रणनीतिका मस्यौदामा आदिवासी जनजातिका सवाल, सरोकार, विचार तथा सिफारिस समावेश गर्ने ।

## १०.२. एफ्पीक (FPIC) प्रक्रियाका मुख्य चरण के-के हुन् ?

एफ्पीकका मुख्य चरण र प्रक्रियाबारे पाठ-२ मा पहिले नै चर्चा गरिएको छ । रेडप्लसका नमुना क्षेत्रहरूमा आदिवासी जनजातिसँग एफ्पीक सञ्चालन गर्दा आवश्यक मुख्य तत्वलाई तल प्रस्तुत गरिएको छ । यसले एफ्पीक सञ्चालनबारे सामान्य मार्गनिर्देशन प्रदान गर्छ । यी कुरा नमुना क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजातिको परिस्थिति र प्राथमिकतामा आधारित हुन्छ ।

## एफ्पीक (FPIC) का मूल विशेषता



**ध्यानाकर्षण** : यस प्रक्रियाको सबैभन्दा महत्वपूर्ण चरण भनेको रेडप्लस परियोजनाको बुझाइ, जीविकोपार्जनमाथि त्यसले पार्ने प्रभाव, आदिवासी जनजातिको भूमि, भू-भाग र स्रोत-साधनमा अधिकार हुन् । यिनै कारणले गर्दा रेडप्लसका प्रस्तावक तथा सरकारी निकायको दबाब या प्रभावविनै स्वतन्त्र रूपले रेडप्लस परियोजनालाई स्विकार्ने वा अस्वीकार गर्ने भन्ने सम्बन्धमा निर्णय गर्न सक्षम हुनुपर्छ ।

## १०.३. रेडप्लसमा एफ्पीक (FPIC) का मुख्य प्रक्रिया

**क. सूचना प्रवाह/चेतना अभिवृद्धि**

एफ्पीक प्रक्रियाभित्र सूचना प्रवाह र चेतना अभिवृद्धि अति आवश्यक तत्व हुन् । आदिवासी जनजातिको सामूहिक निर्णय प्रक्रियामाथि रणनीतिक प्रभावको यो पहिलो चरण हो । आदिवासी जनजातिलाई दिइएको गलत वा अस्पष्ट सूचनाले उनीहरूका विवेचना र विचारका साथै सामूहिक निर्णयमा पनि असर गर्न सक्छन् । त्यसैले आदिवासी जनजातिलाई स्पष्ट र सजिलो गरी बुझ्नेखालको सूचना प्रदान गर्नु अनिवार्य छ । यस अर्थमा आदिवासी जनजातिले पनि आफूहरूले बुझ्ने भाषा र शैलीमा पूर्ण र सत्य सूचना उपलब्ध गर्न माग राख्नुपर्छ ।

**अ. सूचना प्रवाह र चेतना अभिवृद्धिलाई कसरी सञ्चालन गर्न सकिन्छ ?**

सूचना प्रवाह र चेतना अभिवृद्धिसँग सम्बन्धित गतिविधिका लागि आदिवासी जनजातिले प्रयोग गर्ने र बुझ्ने भाषा एवम् तिनीहरूको साक्षरता स्तरबारे विचार गर्नुपर्ने हुन्छ । उनीहरूलाई आफ्ना अधिकार, स्वामित्व र जीविकोपार्जनसम्बन्धी अवधारणा र प्रभावबारे बुझाउन उनीहरूले प्रयोग गर्दै आएका भाषामा श्रव्य-दृश्य र छापामाध्यमको प्रयोग गर्न सकिन्छ । यस्ता गतिविधि सञ्चालन गर्दा समुदायका प्राथमिकता तथा उनीहरूको उपयुक्त समयलाई पनि विचार पुऱ्याउनुपर्छ ।

रेडप्लस एउटा जटिल अवधारणा हो, खासगरेर कार्बन उत्सर्जन, मापन र अभिलेख तथा लाभ बाँडफाँड संयन्त्रलगायत प्राविधिक कुरालाई समुदायका सदस्यको बुझ्न सक्ने स्तरलाई ध्यानमा राखी सरलीकृत गरिनुपर्छ । त्यसैले सूचना प्रवाहलाई थप सरलीकृत गर्नका लागि नयाँ र सृजनात्मक तरिका अपनाउनु उत्तम हुन्छ । आदिवासी जनजातिले रेडप्लस र त्यसका प्रभावबारे स्पष्ट बुझ्नु जरूरी छ । त्यसैले रेडप्लसबारे समुदायका सदस्यले साझा र सन्तुष्टि हुनेगरी बुझ्न नसकुन्जेलसम्म सरल ढंगले बुझाउन माग गर्नुपर्छ । यदि उनीहरूले उपलब्ध गराइएका सूचनाप्रति सन्तुष्ट छैनन् र राम्ररी बुझेका छैनन् भने अतिरिक्त जानकारी र बुझाइका लागि थप समयको माग राख्न सक्छन् । साथै, मर्ममा फरक नपर्नेगरी आदिवासी जनजातिको अधिकार, जीविकोपार्जन, कल्याण र साझा हितसँग सम्बन्धित विषयमा अझ सरल ढंगले बुझाउन अनुरोध गर्न सकिन्छ ।

**आ. रेडप्लस तयारी चरणमा एफ्पीक (FPIC) सञ्चालनका लागि आदिवासी जनजाति समुदायलाई के-कस्ता सूचना प्रदान गर्नुपर्छ ?**

१. साधारण र सम्भव भए स्थानीय भाषामा रेडप्लस र जलवायु परिवर्तनसम्बन्धी आधारभूत जानकारी ।
२. आदिवासी जनजाति समुदायको अधिकार, स्वामित्व, कल्याण, हित र महत्वाकांक्षा सम्बन्धमा पर्न सक्ने रेडप्लसका प्रभावहरू (अवसर र चुनौतीसहित) ।
३. कानकुन र जलवायु परिवर्तनसम्बन्धी खाका महासन्धिका घोषणाहरूले भनेअनुसार सुरक्षा उपायका कार्यान्वयन सम्बन्धमा ।
४. नमुना क्षेत्रहरूमा कस्ता, कसरी र कोबाट गतिविधि कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा ।
५. आदिवासी जनजाति समुदायको पूर्ण र प्रभावकारी सहभागितालाई नमुना क्षेत्रमा हुन गइरहेको गतिविधिमा कसरी सुनिश्चित गर्ने भन्ने सम्बन्धमा ।
६. भूमिको स्वामित्व, जीविकोपार्जन र परम्परागत वन व्यवस्थापन प्रणाली, लाभ बाँडफाँड आदि आदिवासी जनजाति समुदायका सवाल कसरी सम्बोधन गर्ने भन्ने विषयमा ।

७. समुदायका सदस्यबाट अनुरोध गरिएका अन्य जानकारीहरू ।

आदिवासी जनजाति समुदायका लागि सूचना प्रवाहको प्रचलित रूपका केही उदाहरण तल प्रस्तुत गरिएको छ :

**ई. यदि आदिवासी जनजाति समुदाय उपलब्ध गराइएका सूचनासँग सन्तुष्ट छैनन् भने यस्तो अवस्थामा उनीहरूले के गर्न सक्छन् ?**

उपलब्ध सूचनाप्रति आदिवासी जनजाति समुदाय सन्तुष्ट हुन नसकेको अवस्थामा अतिरिक्त जानकारी तथा थप चेतना अभिवृद्धि गराउनेखालका गतिविधिका लागि माग गर्न सक्नेछन् । यी कार्य रेडप्लस परियोजनाका प्रस्तावक, सरकार वा गैरसरकारी संस्थाहरूद्वारा ती आदिवासी जनजाति समुदायका सदस्यले बुझ्न सक्ने क्षमताका आधारमा उनीहरूका लागि उपयुक्त स्थानीय भाषामा गर्नुपर्छ । त्यसबाहेक

**आदिवासी जनजाति समुदायका बुझाइ स्तरलाई प्रभावकारी सिद्ध हुने रेडप्लससम्बन्धी सूचना प्रवाहका रूपहरू :**

- पोस्टर
- गीतहरू
- अभिनय
- प्रहसन
- वेबसाइट्स
- प्रतिवेदनहरू
- भिडियो वृत्तचित्रहरू
- पुस्तिका (बुकलेट)/जानकारीपत्र (ब्रिफिङ पेपर)/पत्ता (लिफलेट)
- सामुदायिक रेडियो

सूचना सरल, स्पष्ट, सत्य र उनीहरूका स्थानीय भाषामा हुनुपर्छ ।

पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता तथा समुदायको क्षमता अभिवृद्धिका लागि रेडप्लसका हरेक गतिविधिमा आदिवासी जनजातिका प्रतिनिधि संलग्न गराइनुपर्छ । तिनीहरूले विश्वासिला गैरसरकारी संस्थासँग सूचना उपलब्ध गराउनका लागि अनुरोध पनि गर्न सक्नेछन् । आदिवासी जनजाति समुदायलाई आवश्यक सूचना चित्तबुझ्दो ढंगले माग गर्ने पूर्ण अधिकार छ । त्यस्तैगरी, उनीहरूलाई उपलब्ध गराइएको सूचना ग्रहण गर्न पर्याप्त समय दिनुका साथै स्पष्टिकरण र अतिरिक्त सूचनाको सुविधा पनि दिनुपर्छ ।

**ख. परामर्शहरू**

(परामर्शबारे अघिल्लो सत्रलाई नै हेर्नुहोस्, पेज............मा)

**ग. आदिवासी जनजाति समुदायको सामूहिक निर्णय लिने प्रक्रिया**

आदिवासी जनजाति समुदायको सामूहिक निर्णय गर्ने प्रक्रियाको रूप र तरिकाहरू उनीहरूका भू-भाग तथा स्थानविशेषको प्रचलित सामाजिक आदर्श एवम् मान्यताअनुसार फरक-फरक हुने गर्छ । यद्यपि, सामूहिक निर्णयको मूलभूत सिद्धान्त भनेको आदिवासी जनजाति वा तिनका समुदायले रेडप्लस परियोजनाका उपलब्ध सूचना र परामर्श प्रक्रियाका आधारमा कसरी सञ्चालन गर्ने भन्ने सम्बन्धमा गरिने निर्णय हो । जुन उनीहरूले सामूहिक रूपमा निर्णय गर्छन् । यसका लागि आदिवासी जनजाति समुदायभित्र कसरी र कहिले सामूहिक निर्णय लिने र त्यसका नियम र सर्तहरू के हुने भन्नेबारे छलफल हुनु जरूरी छ ।

जुनसुकै तरिका र विधि प्रयोग गरे पनि आदिवासी जनजातिसँग सम्बन्धित सरोकारलाई सम्बोधन गर्नेक्रममा उनीहरूको एकता, सहकार्य र सामूहिक कार्यलाई सशक्तीकरण गर्नु नै सामूहिक निर्णय लिने प्रक्रियाको मुख्य उद्देश्य हो भन्ने कुरामा सधैं जोड दिनुपर्छ । त्यसैगरी, सामूहिक निर्णय लिने प्रक्रियालाई एउटा प्रक्रियात्मक संयन्त्र अथवा आदिवासी जनजातिको सहमति प्राप्त गर्ने एउटा सरल उपायमात्र ठान्नु हुँदैन । आदिवासी जनजाति समुदायलाई आफ्ना निर्णयको रणनीतिक प्रभाव व्यक्ति वा समुदायमा मात्र हैन कि भावी सन्ततिमा पनि कस्तो पर्न सक्छन् भन्नेबारे पूर्ण रूपले ज्ञात छ भन्नेमा पनि ध्यान दिनुपर्ने हुन्छ ।

सामूहिक निर्णयबारे कुनै ठोस विधि नभएका



आदिवासी जनजाति समुदायले सर्वप्रथम आफ्नो क्षमता अभिवृद्धि गर्न जरूरी छ, जसले गर्दा उनीहरूद्वारा लिइएका निर्णयले निश्चय नै उनीहरूको एकता र आपसीको सहकार्यलाई बलियो बनाउने कुराको सुनिश्चित होस् । त्यस्ता समुदायका सदस्यलाई एफ्पीक प्रक्रियामा सामूहिक निर्णय लिन सकोस् भनेर अझ संगठित र जानकार बनाउनका लागि पर्याप्त समय र स्रोत-साधन उपलब्ध गराउनुपर्छ ।

१. **आदिवासी जनजाति समुदायको सामूहिक र स्वतन्त्र विचार-विमर्श**

सूचनाको उपलब्धतापछि आदिवासी जनजाति समुदायका सदस्यहरूबीच स्वतन्त्र रूपमा विस्तृत विचार-विमर्श गर्न पाउनु नै सामूहिक निर्णय लिने प्रक्रियाको पूर्वासर्त हो । तल उल्लेख गरिएका विषय उनीहरूको अधिकार, कल्याण र मनोकांक्षासँग सम्बन्धित छन् :

- आदिवासी जनजातिको रेडप्लसबारे बुझाइ कस्तो छ ? यसभित्र नमुना क्षेत्रहरूमा हुने गतिविधि र त्यसको उनीहरूमा पर्ने ठोस र विशेष प्रभाव पर्छन् ।
- के उनीहरू उपलब्ध गराइएका सूचनाबाट सन्तुष्ट छन् ? यदि छैनन् भने उनीहरूलाई कस्ताखाले अतिरिक्त सूचना खाँचो छ र उनीहरूलाई सन्तुष्ट



पार्न कस्तो विधिबाट प्रस्तुत गर्नुपर्छ ?

- उनीहरूका अधिकार, जीविकोपार्जन, लाभको वितरण, कल्याण, सामूहिक हित र महत्वाकांक्षासँग सम्बन्धित के-कस्ता साझा सरोकार छन् ?
- उनीहरूले केलाई जोखिम मान्दछन् ? कसरी यसलाई सन्तोषजनक र सुरक्षित ढंगमा सम्बोधन गर्न सकिन्छ ?
- उनीहरूले केलाई अवसर मान्छन् ? कसरी यसलाई सन्तोषजनक र सुरक्षित अर्थमा कार्यान्वयन गरिनेछ ?
- के समुदायका सदस्यहरूसँग सम्बन्धित सबै सरोकारका विषय र प्रश्न सन्तोषजनक ढंगले सम्बोधित भएका छन् ?
- उनीहरूले केलाई गुण र दोषका रूपमा मान्छन् ?
- उनीहरूका अधिकार, कल्याण र लाभलाई सुरक्षित राख्न कस्ता अवस्था चाहिन्छन् ?

यी मुख्य सवालबारे पूर्ण रूपले छलफल गरेर समुदायका सदस्यको विचार तथा सिफारिसलाई सम्बोधन गर्नुपर्छ । समुदायका सदस्यहरू सामूहिक निर्णयमा पुग्न आत्मविश्वायुक्त नभएसम्मका लागि विचार-विमर्शको समय दिइनुपर्छ । त्यसैले निर्णय प्रक्रियालाई पहिले नै तयार गरिएको समयतालिकामा बाध्नु हुँदैन । सामूहिक र स्वतन्त्र विचार विमर्शले उनीहरूबीच निर्णय प्रक्रियामा पुग्नुअगाडि नै साझा बुझाइ र सरोकार, सवाल, विचार र सोच बनाउन मद्दत पुग्छ ।

### २. आदिवासी जनजाति समुदायले सामूहिक निर्णय प्रक्रियालाई निर्देशित गर्नेगरी कसरी स्वतन्त्र र सामूहिक विचार-विमर्श गर्न सक्छन् ?

आदिवासी जनजाति समुदाय वा समूहका सबै सदस्यको सक्रिय सहभागितामा एक ठाउँमा भेला भएर विचार-विमर्श गर्न सक्छन् । महिला र युवाहरू त्यस्ता भेलामा उपस्थित भई आफ्ना विशेष सरोकार तथा विचार राख्ने र स्पष्टिकरण लिने कुराको सुनिश्चितता महत्वपूर्ण रहेको छ । आदिवासी

समुदायभित्र महिला र युवा सामुदायिक विचार-विमर्शको बृहत्तर प्रक्रियामा सहभागी हुन पाउँछन् । सामुदायिक छलफल र विचार-विमर्शका क्रममा महिला र युवासहित समुदायका सदस्यहरूको विचार र भावनालाई व्यक्तिगत हितविरूद्धमा आदिवासी जनजातिका अधिकार, साझा हित र सामुदायिक कल्याणको दायराभित्र रहेर ध्यान दिइनुपर्छ ।

सामुदायिक विचार-विमर्श धाकधम्की तथा कुनै किसिमको दबाबबाट मुक्त भई उनीहरूको सवाल र सरोकारमा अभिव्यक्ति दिने र सामूहिक छलफल गर्ने अवस्था हुनुपर्छ । महिला र युवा सम्मिलित समुदायका सदस्यले यदि विचार-विमर्शका लागि थप जानकारी चाहिएको खण्डमा उनीहरूको बुझाइअनुसार सन्तुष्ट हुनेगरी आवश्यक जानकारी उपलब्ध गराउनुपर्छ । जस्तै : यदि समुदायका सदस्यहरूले आफ्ना सरोकारका विषयमा स्पष्टिकरणका लागि थप परामर्शको आवश्यकता महसुस गरेको अवस्थामा ती कार्य निर्णय लिनुअगावै गर्नुपर्छ ।

### ३. सामूहिक निर्णयको आयोजना

सामुदायिक विचार-विमर्श समुदायका सदस्य सन्तुष्ट हुनेगरी गरिन्छ । जसले गर्दा सामूहिक निर्णय गर्नका लागि उनीहरूको आत्मविश्वास बढ्छ । सामूहिक निर्णयको सञ्चालनले समुदायका सबै सदस्यलाई आफ्नो विचार र अडान राख्नका लागि अनुमति दिन्छ, जहाँ समुदाय एक रूपमा सहमत हुन्छन् ।

आफ्नै स्वशासनमा रहेका आदिवासी जनजाति समुदाय वा समूहले उनीहरूको आफ्नै परम्परागत निर्णय प्रणाली प्रयोग गर्न सक्छन् (जस्तै : सहमतीय निर्णय) । अर्को सामूहिक निर्णय भनेको जनमतसंग्रहमार्फत व्यक्तिगत रूपमा मत दिनु पनि हो जसमा मतपेटिकामा मत हाल्नु वा समुदायको भेलामा हात उठाएर पनि गर्न सकिन्छ । आदिवासी जनजाति समुदायले सर्तहरू उनीहरूको निर्णयको अंगका रूपमा राख्न सक्छन् । ती सर्तहरू स्पष्ट, मापन गर्न सक्ने र यसलाई कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने कुराको समेत उल्लेख भएको हुनुपर्छ ।

यसले कसरी कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा द्विविधा र असमझदारी उत्पन्न गराउनबाट जोगाउँछ । त्यसका साथै सबै आदिवासी जनजाति समुदायका सदस्यका लागि उपयुक्त हुने वातावरणमा यी कार्यहरू हुनुपर्छ । यदि समुदायलाई उनीहरूको सामूहिक निर्णय धाकधम्की र लोभलालच देखाएर गरिएको छ भन्ने लागेमा प्रक्रिया रोकेर उजुरी गर्नुपर्छ । विकल्पका रूपमा तिनीहरूले परियोजना तत्काल अस्वीकार गर्न सक्छन् ।

**ध्यानाकर्षण** : आदिवासी जनजाति समुदायको निर्णय प्रक्रियालाई उनीहरूबाटै राम्ररी दस्तावेजीकरण तथा अभिलेख गरिनुपर्छ । साथै, अन्य पक्षलाई दिने वा सार्वजनिक गरिनुअघि उनीहरूलाई मान्य भएको सुनिश्चित गरिनुपर्छ । त्यसैले परिणामको मात्र होइन, निर्णय प्रक्रियाको समेत दस्तावेजीकरण र अभिलेख तयार गर्नका लागि समुदायका सदस्यलाई नै जिम्मेवारी दिनु उपयुक्त हुन्छ । यदि अभिलेख स्थानीय भाषामा छ भने समुदायले विश्वास गर्ने अनुवादकलाई राष्ट्रिय र अंग्रेजीमा अनुवाद गर्न लगाउन सकिन्छ ।

## सत्र ११ : उजुरी संयन्त्र

समय अवधि : १.५ घन्टा

### विधि

१. उजुरी संयन्त्रको सिंहावलोकन प्रस्तुत गर्नुहोस् ।
२. प्रस्तुतिपछि सहभागीलाई निम्न प्रश्नहरू दिनुहोस् ।
- द्वन्द्वको निरूपण वा समुदायका सरोकार सम्बोधनका लागि तपाईंहरूको कुनै प्रथाजनित कानुन वा परम्परागत संस्थाहरू छन् ?
- स्थानीय सरकारको उजुरी संयन्त्र कत्तिको पहुँचयोग्य, पारदर्शी र प्रभावकारी छ ?

३. सहभागीको लिखित उत्तर संकलन गर्नुहोस्, समूहमा छुट्याउनुहोस् र साशांस निकाल्नुहोस् ।
४. तलका प्रश्न समूह अभ्यासका लागि दिनुहोस् ।

रेडप्लसमा तपाईंको सवाल र सरोकार सम्बन्धमा कस्तो किसिमको उजुरी संयन्त्र उपयुक्त हुन्छ भन्ने लागेको छ ?

### ११.१. उजुरी संयन्त्र भनेको के हो ?

उजुरी भनेको आदिवासी जनजाति समुदायको रेडप्लससँग सम्बन्धित वास्तविक र जल्दोबल्दो सरोकार, समस्या वा दाबी हो, जुन समाधान गर्नु जरूरी हुन्छ । रेडप्लससँग सम्बन्धित समस्या, मुद्दा र गुनासालाई स्विकार्न, त्यसबारे निर्णय दिन र समाधान गर्नका लागि स्थानीय तहमा साधारण र औपचारिक संयन्त्र चाहिन्छ ।

आदिवासी जनजाति समुदायमाथि पर्ने रेडप्लसको जोखिम र प्रभावमा आधारित भएर उजुरी संयन्त्रका मापदण्ड तय गर्न सम्भव छ । रेडप्लसका जोखिम र नकारात्मक प्रभावलाई सम्बोधन गर्ने उजुरी संयन्त्रको महत्व बढ्दो छ । यी संयन्त्रले समुदायका मुद्दा एवम् सरोकारसम्बन्धी विषयको सुरक्षा र सम्बोधन, जोखिम न्यूनीकरण र आदिवासी जनजाति समुदायमा व्यापक रूपले सकारात्मक परिवर्तनका लागि प्रेरित गर्ने उपाय एवम् विकल्पहरू प्रदान गर्नेछन् ।

### उजुरी संयन्त्रले अवलम्बन गर्नुपर्ने कुराहरू

- आदिवासी जनजातिमा देखापर्ने रेडप्लसको जोखिम र प्रभावबारे तथ्यगत रूपमा मूल्यांकन ।
- आदिवासी जनजाति समुदायको रेडप्लसमा सहभागिता र अग्रिम जानकारीसहित परामर्शमा संलग्नता ।
- आदिवासी जनजाति समुदायमा देखिने रेडप्लसका वास्तविक र सम्भावित जोखिम तथा असरमा आधारित भएर मूल्यांकन, अनुपालना र सिफारिसहरू ।
- रेडप्लसको कार्यान्वयनबाट हुने जोखिम न्यूनीकरण र लाभको पहिचान विकास र कार्यान्वयन ।
- विवाद निरूपण, अनुदान उपाय र क्षतिपूर्ति संयन्त्रहरू ।




**क. रेडप्लसमा आदिवासी जनजातिका लागि उजुरी संयन्त्रको आवश्यकता किन छ ?**

रेडप्लसमा भएको उजुरी संयन्त्रले आदिवासी जनजाति र रेडप्लसका प्रस्तावकहरूबीचको सवाललाई समाधान गर्ने प्रयास गर्नेछ । यो महत्वपूर्ण हुनुका केही कारण यसप्रकार छन् :

- आदिवासी जनजातिको भूमिको स्वामित्व, वन फँडानीका कारण र वनअधिकार सम्बन्धमा रहेका सवाल र सरोकार समाधानको आवश्यकता ।
- रेडप्लसको तयारी चरणमा सुरक्षा उपायसम्बन्धी नीति तथा नियमको सीमितता ।
- सरकार, संरक्षण क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था र नागरिक समाज संगठनले आदिवासी जनजातिलाई रेडप्लस प्रक्रियाक्रमका महत्वपूर्ण पक्षका रूपमा मानेका छैनन् ।
  साथै, उनीहरूलाई रेडप्लससम्बन्धी परामर्श र सूचना बाँडफाँडमा सीमित रूपमा मात्र संलग्न गराइएका छन् ।
- आदिवासी जनजातिका लागि रेडप्लस एउटा जटिल अवधारणा हो । लाभ बाँडफाँड संयन्त्रले अझै पनि उचित र न्यायोचित वितरणको सुनिश्चिततालाई प्रस्ट पार्न सकेको छैन ।

**ख. युएन-रेड** (UN-REDD) **र एफ्पीक** (FPIC)**अन्तर्गत राष्ट्रिय उजुरी संयन्त्र के छ ?**

राष्ट्रिय परामर्श प्रक्रियाले विशिष्ट उजुरी र उजुरीहरूको सम्बोधन संयन्त्रलाई परिभषित गर्नुपर्छ । यसलाई आदिवासी जनजातिको समेत संलग्नतामा राष्ट्रिय रेडप्लस रणनीतिले समेट्नुपर्छ । राष्ट्रिय उजुरी संयन्त्रले निम्नकुरा समेट्नुपर्छ :

- कानकुनमा सहमति भएको सुरक्षा उपाय र राष्ट्रिय/अन्तर्राष्ट्रिय दायित्व, नीति नियम एवम् संयन्त्र र विकल्पहरूको विश्लेषण तथा आदिवासी जनजातिबाट आएका उजुरी र गुनासाहरू ।
- बहुसरोकारवाला तयारी प्रक्रियामा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता र अधिकारको सम्मान (युएनड्रीप र एफ्पीकका सिद्धान्तअनुसार) ।
- आदिवासी जनजातिको भूमिको स्वामित्व, भूमि, भू-भाग र स्रोतमाथिको अधिकार र स्वनिर्णय तथा एफ्पीकको सुनिश्चितता ।
- स्थानीय र राष्ट्रियस्तरमा द्वन्द्व समाधान एवम् उजुरी संयन्त्रबारे योजना ।
- वन फँडानीका कारक तत्वको पहिचान र आदिवासी जनजातिको जीविकोपार्जनसम्बन्धी रणनीति ।
- जोखिम नियन्त्रण एवम् सुधारात्मक कार्य र समाधानका विकल्प कार्यान्वयनका लागि सामाजिक सुधार तथा वातावरणीय व्यवस्थापन प्रणालीको विकास अथवा संशोधन ।

## ११.३. एफ्पीक (FPIC) प्रक्रियामा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिताका पूर्वसर्तहरू

रेडप्लस संयन्त्रमा आदिवासी जनजातिको सफल सहभागितालाई बाहिरी र भित्री तत्व तथा अवस्थाले पनि महत्वपूर्ण प्रभाव पार्छ । त्यसमा बाहिरी तत्वका रूपमा राजनीतिक तथा सामाजिक वातावरण र आन्तरिक रूपमा आदिवासी जनजाति समुदाय वा संगठनको क्षमता र एकता पर्छ । आदिवासी जनजातिको दृष्टिकोणबाट रेडप्लसमा बाह्य तत्वका रूपमा सरकार, दाता, संस्थान, नागरिक समाजका संस्थालगायत पर्छन् । आन्तरिक अवस्थाको सन्दर्भमा भने विभिन्न तहमा आदिवासी जनजातिको क्षमतालाई नै जोड दिइएको छ । यहाँ रेडमा आदिवासी जनजातिको प्रभावकारी संलग्नताको पूर्वसर्तहरू पहिला प्रस्तुत गरिएको छ ।

**क. समुदाय तहमा आदिवासी जनजातिबीच**

रेडप्लसमा आदिवासी जनजातिको प्रभावकारी संलग्नताको सुनिश्चितताका लागि स्थानीय तहको क्षमता महत्वपूर्ण र आवश्यक छ । अनुभवले आदिवासी जनजाति समुदायको कमजोर क्षमताले गलत सूचना प्रवाह, जालसाजी र घुसलगायतका कार्यको चपेटामा पर्ने कुरा स्पष्ट रूपमा देखाएको छ । उनीहरू सजिलै 'फुटाऊ र राज गर'को सिकार बनाइने, उनीहरूको एकता र सामूहिक कार्य तथा सरोकार र सवालको प्रभावकारी सम्बोधनलाई कम आँक्ने काम गर्न सक्छ । रेडप्लसमा एफ्पीकको कार्यान्वयन तथा आदिवासी जनजाति समुदायको पूर्ण र प्रभावकारी सहभागिताका लागि तल दिइएको कुरा पूर्वसर्त र आवश्यक क्षमता हुन् ।

**१. समुदायप्रति उत्तरदायी अगुवासहित संगठित हुनुपर्छ**

आदिवासी जनजातिको स्वशासनको आफ्नै प्रणाली रहे पनि सामूहिक रूपमा आदिवासी जनजातिको एकता र सहकार्यको सुनिश्चितता हुनुपर्छ । यस प्रकारका स्वशासन धेरै आदिवासी जनजाति समुदायमा कमजोर र समाप्त भइसकेको गम्भीर अवस्था हो ।

आदिवासी जनजाति समुदायले उनीहरूको स्वशासनलाई पुनःस्थापित गर्ने र त्यसलाई सशक्त बनाउने तथा अहिलेको वास्तविकताअनुसार अभ्यास गर्नु महत्वपूर्ण छ । तिनीहरूले आफ्नो अधिकारको सम्मान र सामूहिक हित, कल्याण र अपेक्षालाई प्रबर्द्धन गर्नका लागि आफ्ना संगठन र संस्थालाई सशक्त बनाउनैपर्छ ।

**क. सु-संगठित समुदायका विशेषताहरू**

- साझा सवाल, आवश्यकता, कल्याण र अपेक्षाको सम्बोधनका लागि बलियो एकता र सहकार्य ।

- विशेष अवस्थाको वन र उनीहरूको समुदायसँग सम्बन्धित सवाल तथा सरोकारमा राम्रोसँग प्रशिक्षित ।
- सामूहिक कार्य र निर्णय प्रक्रियाका समर्थक तथा अभ्यासकर्ताहरू ।
- महिला र युवाको सक्रिय सहभागितासहित परामर्श र आदिवासी अगुवाको चयनमा प्रजातान्त्रिक प्रक्रियाको अवलम्बन ।
- कार्य, योजना र सामूहिक गतिविधिको विकसित कार्यक्रम ।
- सामूहिक नेतृत्व र सदस्यहरूबीच अन्तरंग सम्बन्ध ।
- समुदायका सदस्यहरूबीच आपसी समझदारी तथा सम्मान ।
- सामूहिक निर्णयका लागि आफ्नै ताकत र क्षमताप्रतिको भरोसा ।
- उत्तरदायी र जिम्मेवार अगुवाहरू ।

**ख. उत्तरदायी हुनका लागि नेतृत्वमा हुनुपर्ने गुणहरू**

आदिवासी जनजाति अगुवाले आफ्नो व्यक्तिगत र अरू पक्ष वा समूहको भन्दा पनि आफ्नो समुदायको सामूहिक हित र कल्याणका विषयलाई लिएर जिम्मेवार र राम्रो नेतृत्वको क्षमता देखाउन सक्नुपर्छ । उत्तरदायी नेतृत्वका गुणहरू निम्नअनुसार छन् :

- नेतृत्व सधैं आफ्नो समुदाय वा क्षेत्रको सामूहिक हितका रक्षाका लागि उनीहरू सहमत भएको अधिकार क्षेत्रभित्र रहेर प्रतिबद्ध, दृढनिश्चयी, मिहिनेती र दूरदर्शी हुनुपर्छ ।
- अगुवामा अरूको आलोचनालाई स्वीकार गर्ने र आफ्नो गल्ती सच्याउने गम्भीरता हुनुपर्छ ।
- अगुवाले सधैं आफ्ना समुदायको हितमा काम गर्नुपर्छ । अगुवाले दिने जुनसुकै निर्णय समुदायको हित, कल्याण र भावनाअनुसार उनीहरूले नै प्रस्तुत गरेको विचार, अडान र सरोकारसँग सम्बन्धित हुनुपर्छ ।
- अगुवाले बृहत् रूपमा एकता, सरोकार र सवालमा आफ्नो समुदायभित्रको द्वन्द्व समाधानका लागि सहजीकरण गर्न सक्नुपर्छ ।
- अगुवाले सामूहिक निर्णयका लागि आफ्ना समुदायसँग परामर्श गर्न, सूचना आदान-प्रदान गर्न र विचार संकलन गर्नका लागि प्रभावकारी सूचना संयन्त्र स्थापना गर्नुपर्छ ।
- अगुवाले सधैं समुदायका सदस्यको सर्वसम्मतबाट हुने सामूहिक निर्णयको प्रबर्द्धन र सम्मान गर्नुपर्छ । महिला, युवा र पाकाहरूले उठाएको कुरालाई अस्वीकार गर्ने होइन कि उनीहरूलाई परामर्श प्रक्रियामा सक्रिय सहभागिताका लागि प्रोत्साहित गर्नुपर्छ ।
- अगुवाहरू सधैं समुदायभित्र हुन सक्ने द्वन्द्व र गलत बुझाइका सम्बन्धमा सजग हुनुपर्छ । त्यसले अन्ततगोत्व परियोजनाका प्रस्तावकलाई छोटो बाटोबाट जाने र समुदायका सदस्यहरूबीच फाटो ल्याउने काम गर्छ । यस किसिमका सम्भावनालाई अगुवाहरूले उपयुक्त विधिबाट उपयुक्त बेलामा हस्तक्षेप गर्न सक्नुपर्छ ।
- अगुवाहरूले कुनै पनि निर्णय गर्नका लागि समुदायलाई दबाब दिन हुँदैन बरू समुदायले गरेको सामूहिक निर्णयबारे परामर्श, व्याख्या र मान्यता दिनुपर्छ । उनको कार्यले सधैं समुदायबाट विश्वास प्राप्त हुनुपर्छ ।

**ग. अन्तरसमुदाय द्वन्द्व र संघर्षको समाधान**

- उनीहरूका अधिकार र सम्बन्धित राष्ट्रिय अनि

**ध्यानाकर्षण** : आदिवासी जनजातिको सामूहिक निर्णय प्रक्रिया समुदाय आफैंले उचित रूपमा दस्तावेजीकरण गर्नुपर्छ र यसलाई सार्वजनिक गर्नु वा अर्को पक्षलाई दिनअघि त्यसको प्रमाणीकरण गर्नुपर्छ । यसमा निर्णय प्रक्रियाको परिणाममात्र होइन पूरै निर्णय प्रक्रियालाई समेत दस्तावेजीकरण गर्न लगाइनुपर्छ । समुदायले आफ्नो सामूहिक निर्णयबाट पूर्ण रूपमा सुरक्षित रहनुपर्छ । यदि दस्तावेजीकरण मातृभाषा (स्थानीय भाषा)मा गरिएको छ भने विश्वास योग्य अनुवादक लगाएर राष्ट्रिय र अंग्रेजी भाषामा अनुवाद गराई सत्यताका लागि प्रमाणित गराउनुपर्छ ।

अन्तर्राष्ट्रिय कानुनी संरचना, रेडप्लस, जलवायु परिवर्तन र अन्य प्रासंगिक मुद्दाबारे उच्चस्तरीय चेतना आवश्यकता पर्छ ।

- समुदायसँग वार्ता, सहजीकरण, दस्तावेजीकरण, प्रस्तुतीकरण, लबिङ र वकालतका लागि परिस्थिति अनुरूपको सीप हुनुपर्छ ।
- समुदायहरूले अन्तरसमुदायमा हुने द्वन्द्वको आपसमा छलफल तथा वार्ता गरेर समाधान गर्नुपर्छ ।
- समुदायले आफ्ना वनको सीमाक्षेत्र चिन्नका लागि सामुदायिक नक्सालाई बुझ्न र पछ्याउनुपर्ने हुन्छ ।
- सही र विस्तृत प्रकारका सूचना सरल ढंगले बुझिने भाषामा उपलब्ध हुनुका साथै सुलभ ढंगले प्राप्त हुनुपर्छ ।
- समुदायले जलवायु परिवर्तन र रेडप्लससम्बन्धी सवाल बुझ्न आवश्यक छ ।
  - समुदायले रेडप्लस र आदिवासी जनजातिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्झौता, नीतिहरू एवम् दस्तावेजबारे थाहा पाउनुपर्ने हुन्छ ।
  - समुदायले एमआरभी (MRV) बारे (भन्नाले एमआरभीका लागि आदिवासी जनजातिको क्षमता अभिवृद्धि) बझ्नुपर्छ ।
- समुदायले एफ्पीक (FPIC)बारे बुझ्नुपर्छ ।

**२. राष्ट्रिय वा उपराष्ट्रियस्तरमा कार्यरत आदिवासी जनजातिमा निम्नकुरा हुनुपर्छ ।**

- आदिवासी जनजातिसँग मजबुत र जवाफदेही प्रतिनिधि संगठन वा अगुवा हुनुपर्छ ।
- आदिवासी जनजातिसँग आफ्नै स्वछनोट संयन्त्र हुनुपर्छ ।
- आदिवासी जनजाति प्रतिनिधि वा अगुवाले आफ्ना अधिकारबारे थाहा पाउनु र बुझ्नुपर्छ (उनीहरूको कार्बनप्रतिको अधिकारलाई समेत जोडेर) ।
- आदिवासी जनजातिसँग वार्ता, सहजीकरण, दस्तावेजीकरण, प्रस्तुतीकरण, लबिङ र वकालतका लागि सम्बन्धित सीप हुनुपर्छ ।
- आदिवासी जनजातिसँग रेडप्लससित सम्बन्धित सही र विस्तृत सूचनासम्मको पहुँच हुनुपर्छ ।
- आदिवासी जनजाति प्रतिनिधि वा अगुवाले जलवायु परिवर्तन र रेडप्लससम्बन्धी मुद्दालाई विस्तृत रूपमा बुझ्नु आवश्यक छ, खासगरेर निम्नविषयको सम्बन्धमा :
  - रेडप्लससँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्झौता, नीति, कार्यक्रम, परियोनाहरू र दस्तावेजहरू ।
  - वन अनुगमन प्रणाली (MRV), भूमिको स्वामित्वसम्बन्धी व्यवस्था, वन फँडानी र वन क्षयीकरणका कारक तत्वको पहिचान, वन शासनसम्बन्धी सवाल (लाभ बाँडफाँड आदि), लैंगिकता, सुरक्षा अवधारणाजस्ता मूल सवाल बुझ्नुपर्छ ।
- आदिवासी जनजाति प्रतिनिधि वा अगुवामा एफ्पीकबारे विस्तृत बुझाइ हुनुपर्छ ।

## थप अध्ययनका लागि सामग्री

Anderson, P. 2011. Free, Prior and Informed Consent: Principles and Approaches for Policy and Project Development. RECOFTC – The Center for People and Forests and Deutsche Gesellschaft fur Internationale Zusammenarbeit (GIZ) GmbH Sector Network Natural Resources and Rural Development – Asia. ISBN: 978-616-90845-0-1

Hill, C., S. Lillywhite and M. Simon. 2010. Guide to Free, Prior and Informed Consent. Oxfam Australia

IWGIA and AIPP. 2011. Understanding Community based REDD+: A Manual for Indigenous Leaders and Communities. Asia Indigenous Peoples Pact and International Work Group for Indigenous Affairs. ISBN 978-87-92786-03-6

UN-REDD. 2010. Applying Free, Prior and Informed Consent in Vietnam, April, 2010. United Nations Collaborative Programme on Reducing Emissions from Deforestation and forest Degradation in Developing Countries.

UN-REDD. 2009. Operational Guidance: Engagement of Indigenous Peoples and other Forest Dependent Communities, UN-Programme – Working document.

# अनुसूची

## रेडप्लसमा आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC) सम्बन्धी तालिम

स्थान :

मिति :

**नमूना मूल्यांकन फाराम**

कृपाय आफूलाई सही लागेको ठाउँमा चिन्ह लगाउनुहोस् । आफ्नो बुझाइको आधारमा चिन्ह लगाउनुहोस्, अरूको नक्कल नगर्नुहोस् ।

**पहिलो दिन**

| पाठ १ : रेडप्लस सम्झौता | | | | | | |
|---|---|---|---|---|---|---|
| सत्रहरू | विषय | बुझ्न गाह्रो भयो | स्पष्ट भयो | उपयोगी बन्यो | थप स्पष्टता र सरलीकरणको आवश्यकता | थप उदाहरणको आवश्यकता |
| सत्र १ | रेडप्लस भनेको के हो ? | | | | | |
| सत्र २ | रेडप्लसले आदिवासी जनजातिहरूलाई पार्ने प्रमुख असरहरू | | | | | |
| सत्र ३ | रेडप्लसका सुरक्षा उपायहरू | | | | | |

**पाठ १ का सम्बन्धमा केही सुझाव वा प्रतिक्रिया छ कि ?**

१.

२.

३.

**दोस्रो दिन**

| पाठ २ : स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी | | | | | | |
|---|---|---|---|---|---|---|
| सत्रहरू | विषय | बुझ्न गाह्रो भयो | स्पष्ट भयो | उपयोगी बन्यो | थप स्पष्टता र सरलीकरणको आवश्यकता | थप उदाहरणको आवश्यकता |
| सत्र ४ | एफ्पीक (FPIC) को सिद्धान्त र खाका | | | | | |
| सत्र ५ | अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरूको सन्दर्भमा एफ्पीक (FPIC)को सिद्धान्त | | | | | |
| सत्र ६ | आदिवासी जनजातिहरूसँग गरिने एफ्पीक (FPIC)का सम्बन्धमा राष्ट्रिय नीतिहरू | | | | | |
| सत्र ७ | रेडप्लसमा गरिएको एफ्पीक (FPIC) बाट सिकिएका पाठहरू | | | | | |

**पाठ २ का सम्बन्धमा केही सुझाव वा प्रतिक्रिया छ कि ?**

१.

२.

३.

**तेस्रो दिन**

पाठ ३ : रेडप्लसमा एफ्पीक (FPIC) को उपयोग र आदिवासी जनजातिहरूको पूर्ण तथा प्रभावकारी सहभागिताबारे सामुदायिक मार्गनिर्देशिका

| सत्रहरू | विषय | बुझ्क्षन गाह्रो भयो | स्पष्ट भयो | उपयोगी बन्यो | थप स्पष्टता र सरलीकरणको आवश्यकता | थप उदाहरणको आवश्यकता |
|---|---|---|---|---|---|---|
| सत्र ८ | रेडप्लसमा आदिवासी जनजातिहरूको पूर्ण र प्रभावकारी संलग्नताको किसिम/तहहरू, पूर्वसर्त र गतिविधिहरू | | | | | |
| सत्र ९ | रेडप्लससँग सम्बन्धित अंग र संयन्त्रहरूमा आदिवासी जनजातिहरूको सहभागिता | | | | | |
| सत्र १० | स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) सञ्चालन | | | | | |
| सत्र ११ | उजुरी संयन्त्र | | | | | |

**पाठ ३ का सम्बन्धमा केही सुझाव वा प्रतिक्रिया छ कि ?**

१.

२.

३.

| चौथो दिन | विषय | बुझ्न गाह्रो भयो | स्पष्ट भयो | उपयोगी बन्यो | थप स्पष्टता र सरलीकरणको आवश्यकता | थप उदाहरणको आवश्यकता |
|---|---|---|---|---|---|---|
| | नमूना क्षेत्रको स्थलगत भ्रमण | | | | | |

**नमूना क्षेत्रको स्थालगत भ्रमण सम्बनधमा केही सुझाव वा प्रतिक्रिया छ कि ?**

१.

२.

३.

**पूरै तालिमको बारेमा केही सुझाव वा प्रतिक्रिया छ कि?**

१.

२.

३.

☞ एफ्पीक (**FPIC**) एउटा यस्तो प्रणाली र प्रक्रिया हो, जहाँ आदिवासी जनजाति समुदायले आफूलाई प्रभाव पार्न सक्ने विषयमा आफ्नै स्वतन्त्र सामूहिक निर्णय लिने गर्छन् ।

☞ एफ्पीक (**FPIC**) ले आदिवासी जनजातिको नीति निर्माण र निर्णय प्रक्रियामा पूर्ण र प्रभावकारी सहभागिताको प्रत्याभूति गर्छ ।

☞ आदिवासी जनजातिको आत्मनिर्णयको अधिकार र स्वशासनको अभ्यासमा सामूहिक निर्णय प्रक्रिया अनिवार्य छ ।

Published by
NEFIN

In partnership with:
AIPP IWGIA TEBTEBBA

With support from:
Norad
Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Swiss Agency for Development and Cooperation SDC